CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवाद–प्रकाशिका

बदरीनाथ भट्टराई

साझा प्रकाशन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवाद-प्रकाशिका

बदरीनाथ भट्टराई

साझा प्रकाशन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक :—

साझा प्रकाशन

पाटन, नेपाल ।

पन्ध्रौं संस्करण

२०३१

[साझा प्रकाशनबाट सातौं पटक ४००० प्रति]

मूल्य रु. ४/५५

मुद्रक :-

युनिभर्सल प्रेस,

न्यूरोड गेट, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

कुनै पनि भाषालाई मीठो र सुनियोजित पार्नको लागि सही निर्देशनको खाँचो पर्दछ । नेपाली भाषालाई मार्गनिर्देशन गर्ने दिशातर्फ विभिन्न व्याकरणाचार्य-हरूले आ–आफ्नो ढङ्गको प्रयास गर्दै आएका छन् । तीमध्ये श्री बदरीनाथज्यूद्वारा रचित 'अनुवाद–प्रकाशिका' पनि एक हो र यसबाट नेपाली तथा संस्कृतमा चाख राख्ने पाठकवृन्दहरूले प्रशस्त लाभ उठाउँदै आएका तथा पाठ्यक्रममा पनि स्थान ओगटेकोले यसको उपयोगिता स्वतः स्पष्ट छ । यसलाई प्रकाशनमा ल्याउन पाउँदा साझा प्रकाशन खुशी छ प्रकाशकको साइनोले ।

साझा प्रकाशन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय–सूची

पाठ		पृष्ठ
	वर्णहरु	१
	परस्मैपदी–धातु-वर्तमानकाल (लट)	
१	प्रथम पुरुषको एकवचन	३
२	" " द्विवचन	४
३	" " बहुवचन	५
४	मध्यम पुरुषको एकवचन	६
५	" " द्विवचन	७
६	" " बहुवचन	८
७	उत्तम पुरुषको एकवचन	९
८	" " द्विवचन	९
९	" " बहुवचन	१०
१०	लट्	११
	प्रश्न	१२
	उपसर्ग	१३
	अकारान्त पुंलिङ्ग र नपुंसकलिङ्ग शब्द	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ	पृष्ठ
११ प्रथमा	१४
१२ द्वितीया	१६
१३ तृतीया	१८
१४ चतुर्थी	२१
१५ पञ्चमी	२३
१६ षष्ठी	२५
१७ सप्तमी	२७
१८ चौथो र छैटौं गणो, दशौं र दोस्रो गणो धातुहरु	३०
१९ सर्वादि शब्द	३४
२० पुं० र नपुं० इकारान्त शब्द	३६

आत्मनेपदी–धातु–वर्तमानकाल (लट्)

२१ आकारान्त स्त्रीलिङ्गी शब्द	४३
२२ ईकारान्त स्त्रीलिङ्गी शब्द	४७
२३ परस्मैपदको लङ् (भूतकाल)	५०
२४ आत्मनेपदको लङ्	५३
२५ विविध शब्दार्थ	५६
२६ उकारान्त शब्द	५९
२७ ऋकारान्त शब्द	६२
२८ स्त्रीलिङ्ग इ–उकारान्त शब्द	६६
२९ ऊकारान्त स्त्रीलिङ्गी शब्द	६९
३० लृट् (भविष्यत्काल)	७१
३१ आत्मनेपदी लृट्	७४
३२ लोट्	७७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ		पृष्ठ
३३	आत्मनेपदी लोटका प्रत्ययहरू र रूप	७९
३४	कर्मवाच्य, भाववाच्य	८२
३५	उपसर्ग अगाडि रहँदा धातुको अर्थ प्रायः... ...	८५
३६	हलन्त स्त्रीलिङ्गी शब्द	९२
३७	'शतृ' 'शानच्' आदि प्रत्ययान्त शब्द	९५
३८	पुंलिङ्ग 'न्' पछि हुने शब्दहरू	९९
३९	'स्' पछि हुने शब्दहरू	१०५
४०	'क्त्वा', 'ल्यप्', 'तुमुन्' आदि प्रत्यायान्त शब्द	१११
४१	विधिलिङ	११५
४२	त्यादिद शब्द	११९
४३	इदम् शब्द	१२३
४४	युष्मद्, अस्मद् शब्द	१२८
४५	संख्यावाचक शब्द	१३१
४६	पाँचौं गणी लट्	१३६
४७	पाँचौं गणी लोट्	१४१
४८	नवौं गणी धातु	१४५
४९	उपसर्ग लाग्दा अर्थ फरक हुनु	१४९
५०	दोस्रो गणी धातु	१५३
५१	दोस्रो गणी धातु लङ	१५७
५२	णिजन्त	१५९
५३	कारक	१६२
५४	करण	१६७
५५	संप्रदान	१७०
५६	अपादान	१७२
५७	षष्ठी	१७५
५८	अधिकरण	१७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ	पृष्ठ
५९ सातौं गणी धातु	१८०
६० वाक्ययोजना	१८४
६१ लिङ्ग–निर्णय	१८७
६२ सन्नन्त	१९०
६३ यङन्त	१९२
६४ नामधातु प्रकरण	१९४
६५ 'इष्ठन्' 'ईयसुन्' आदि प्रत्ययान्त शब्द	१९६
६५ आत्मनेपद र परस्मैपदको प्रक्रिया	१९८
६७ समास	२०१
६८ बहुव्रीहि	२०४
६९ लकारार्थ प्रक्रिया	२०७
७० कृदन्त 'ल्यु' आदि प्रत्ययान्त शब्द	२११
७१ शब्दावलि	२१५

★

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवाद–प्रकाशिका

वर्णहरू

अच् र हल् गरी दुई किसिमका हुन्छन् ।

अच् [स्वर]

ह्रस्व–अ इ उ ऋ ऌ
दीर्घ–आ ई ऊ ॠ ए ऐ ओ औ

हल् [व्यञ्जन]

कवर्ग–क् ख् ग् घ् ङ
चवर्ग–च् छ् ज् झ् ञ्
टवर्ग–ट् ठ् ड् ढ् ण्
तवर्ग–त् थ् द् ध् न्
पवर्ग–प् फ् ब् भ् म्
अन्तस्थ–य् र् ल् व्
ऊष्म–श् ष् स् ह्

जुन ठाउँबाट जुन अक्षर बन्दछ, त्यसको त्यही स्थान हुन्छ ।

कवर्ग; ह, अ, आ को कण्ठस्थान हुन्छ ।
चवर्ग; य, श, इ, ई को तालु ,, ,, ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टवर्ग; र, ष, ऋ, ॠ, को मूर्द्धास्थान हुन्छ ।

तवर्ग; ल, स, ऌ को दन्त ,, ,, ।

पवर्ग; उ, ऊ, को ओष्ठ ,, ,, ।

ए, ऐ को कण्ठ र तालुस्थान हो ।

ओ, औ को कण्ठ र ओष्ठस्थान हो ।

व को दन्त र ओष्ठस्थान हो ।

ङ ञ् ण् न् म् लाई र अनुस्वारको उच्चारणस्थान नाक हुनाले, यिनलाई पनि अनुनासिक भन्दछन् ।

सबै वर्गका तेस्रो, चौथो, पाचौँ, अन्तस्थ, ह यी अक्षरलाई हश् भन्दछन् । बाँकी अरू अक्षरलाई खर् भन्दछन् ।

अ, अर्, ए, ओ लाई गुण भन्दछन् ।

आ, आर्, ऐ, औ वृद्धि हुन् ।

अर्थ बुझाउने एक अथवा अनेक वर्ण (अक्षर) लाई 'पद' भन्दछन् । जस्तै– सः=त्यो, नरः=मानिस ।

केही कुरा बुझाउने र मिलेका पदहरूलाई 'वाक्य' भन्दछन् । जस्तै– ते गच्छन्ति (तिनीहरू जान्छन्) ।

जुन मूल शब्दबाट क्रियापद बन्दछ, त्यसलाई 'धातु' भन्दछन् ।

हुन लागिरहेको वर्तमानकाल हो, त्यसमा लट्को प्रयोग हुन्छ ।

तँ, तिमी इत्यादिलाई कहने 'युस्मद्' र म, हामी इत्यादिलाई कहने 'अस्मद्' शब्दबाहेक अरू शब्दको प्रयोग भएमा 'प्रथम पुरुष' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक, दुई वा धरैलाई बुझाउँदा क्रमैले एकवचन, द्विवचन, बहुवचन हुन्छ[1] ।

–:※:–

पाठ १

१. परस्मैपदी प्रथम पुरुषको एकवचनमा 'ति' प्रत्यय लाग्छ ।

२. पहिलो गणी धातु र प्रत्ययको बीचमा 'अ' रहने हुन्छ । जस्तै– हस्+अ+ति=हसति=हाँस्छ ।

पहिला [भ्वादि[2]] गणी अकर्मक[3] धातुहरू—

भू (भव्)-भवति[4]=हुन्छ । ज्वल्-ज्वलति=बल्छ ।

हस्-हसति=हाँस्छ । पत्-पतति=खस्छ ।

---

१ आदर बुझाएमा एउटालाई कहँदा पनि बहुवचन हुन्छ ।

२ 'भू' आदि केही धातु–समुदायलाई भ्वादि भन्दछन् ।

३ जुन व्यापार(काम)लाई कर्ताले गर्दा फल उही कर्तामा हुन्छ, अर्थात् कर्ताले गरिने कामबाट जति फल निस्कन्छ, त्यहाँ फल अरूमा नरही कर्तामा नै रह्योभने सो क्रिया अकर्मक हुन्छ । जस्तै–देवदत्तो हसति । यहाँ मुख बाई खित्का छोड्नु इत्यादि व्यापारबाट हुने चित्तको प्रसन्नता आदि फल कर्ता देवदत्तमा नै देखिएकोले यसलाई अकर्मक भन्दछन् ।

४ इ, ई, उ, ऊ, ऋ, अन्त्यमा हुने धातुको गुण हुँदा क्रमैले ए, ओ, अर् हुन्छ । ए, ओ, ऐ, औदेखि अच् अक्षर पर भएमा क्रमैले अय्, अव्, आय्, आव् हुन्छ । जस्तै–भू+अति, भो+अति, भव्+अति=भवति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुह (रोह[1])–रोहति = उम्रन्छ ।

स्था (तिष्ठ्)–तिष्ठति = रहन्छ ।

द्रु (द्रव्)–द्रवति = पग्लन्छ । क्रीड्–क्रीडति = खेल्छ ।

तलका संस्कृत भाषा बनाऊ—

हसति ।	तिष्ठति ।	भवति ।	रोहति ।
क्रीडति ।	द्रवति ।	ज्वलति ।	पतति ।

भाषाको संस्कृत बनाऊ—

खेल्छ ।	खस्छ ।	हाँस्छ ।	उम्रन्छ ।
पग्लन्छ ।	रहन्छ ।	हुन्छ ।	बल्छ ।

पाठ २

१. प्रथम पुरुषको द्विवचनको प्रत्यय 'तः' हो ।

जस्तै– हस् + अ + तः = हसतः = (दुई) हाँस्तछन् ।

पहिला गणी सकर्मक धातुहरू[2]—

रक्ष्–रक्षति = रक्षा गर्छ । पठ्–पठति = पढछ ।

दह्–दहति = डढाउँछ । खाद्–खादति = खान्छ ।

---

१ हल् पछाडिमा हुने धातुका पनि सो अन्त्यको हल् भन्दा अगाडि इ, उ, ऋ छन्भने गुण हुँदा क्रमैले ए, ओ, अर् हुन्छ ।

२ कर्तालि गरिएको व्यापारबाट (कामबाट) फल अर्कैमा उत्पन्न हुन गई अर्थात् कर्ताको कामको फल कर्तामा नरही अर्कैमा फल देखिने क्रियालाई सकर्मक भन्दछन् । जस्तै– पाचकः शाकं पचति । यहाँ (पाचकः) पकाउनेले गरिएका कामबाट उसमा केही फल नदेखिई साग (शाक) मा विकृति (गल्नु) रूप फल देखिएकोले पच धातु सकर्मक कहिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश् (पश्य)-पश्यति = हेर्छ । गै (गाय)-गायति = गाउँछ ।
गम् (गच्छ)-गच्छति = जान्छ ।

अभ्यास

नेपालीमा उल्था गर-

हसतः । खादतः । रक्षतः । भवतः । ज्वलतः । दहतः ।
पश्यतः । रोहतः । द्रवतः । तिष्ठतः । क्रीडतः । पठतः ।

संस्कृतमा अनुवाद गर-

(दुई) हुन्छन् ।	(दुई) पढ्छन् ।	(दुई) उम्रन्छन् ।
" खेल्छन् ।	" रक्षा गर्छन् ।	" हेर्छन् ।
" रहन्छन् ।	" खान्छन् ।	" डढाउँछन् ।
" हाँस्छन् ।	" गाउँछन् ।	" जान्छन् ।

पाठ ३

१. प्रथम पुरुषको बहुवचनको प्रत्यय 'अन्ति' हो ।
२. 'अन्ति' को अगाडिको 'अ' को लोप हुन्छ । जस्तै —
हस् + अ + अन्ति = हसन्ति = हाँस्तछन् ।

प्रथमगणी धातु-रूप

तॄ (तर्)-तरति = तर्छ । त्यज्-त्यजति = छाड्छ ।
स्मृ (स्मर्)-स्मरति = संम्झन्छ वस्-वसति = बस्छ ।
पा (पिब्)-पिबति = पिउँछ । निन्द्-निन्दति = निन्दा गर्छ ।
जि (जय्)-जयति = जित्छ श्रेष्ठ हुन्छ ।

अभ्यास

भवन्ति । स्मरन्ति । पश्यन्ति । तिष्ठन्ति ।
पिबन्ति । रोहन्ति । गच्छन्ति । पठन्ति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तरन्ति । त्यजन्ति । वसन्ति । निन्दन्ति ।
जयन्ति । दहन्ति । रक्षन्ति । खादन्ति ।

★

तर्छन् । छोड्छन् । निन्दा गर्छन् । बस्छन् । रहन्छन् ।
जित्छन् । गाउँछन् । उम्रन्छन् । खेल्छन् । हेर्छन् ।
गाउँछन् । खान्छन् । हुन्छन् । हास्छन् । पिउँछन् ।
पग्लन्छन् । जान्छन् । रक्षा गर्छन् । पढ्छन् । डढाउँछन् ।

पाठ ४

१. त्वम् (तँ), युवाम् (तिमी दुई), यूयम् (तिमीहरू) इत्यादि 'युस्मद्' शब्दको प्रयोग भएमा 'मध्यम पुरुष' हुन्छ ।

२. मध्यम पुरुषको एकवचनको प्रत्यय 'सि' हो ।
जस्तै--हस्+असि- हससि=हाँस्छस् ।

प्रथम गणी धातु

वद्-वदति=भन्दछन् ।
नम्-नमति=नुहुन्छ ।
बुध् (बोध्)-बोधति=बुझ्दछ, जान्दछ ।
क्षि (क्षय्)--क्षयति=नाश हुन्छ (बिग्रन्छ) ।
जल्प्-जल्पति=फत्तफत गर्छ ।
दा (यच्छ्)-यच्छति=दिन्छ ।

अभ्यास

नेपालीमा उल्था गर-

नमसि । भवसि । गच्छसि । पठसि । वदसि ।
वर्षसि । हससि । जल्पसि । पश्यसि । रोहसि ।
तिष्ठति । क्षयसि । तरसि । स्मरसि । खादसि ।
क्रीडसि । जयसि । पिबसी । निन्दसि । गायसि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

(तँ) दिन्छस् । जान्छस् । खान्छस् । हाँस्छस् । बस्छस् । भन्छस् । नुहुन्छस् । सम्झन्छस् । हेर्छस् । जान्छस् । गर्जन्छस् । खस्छस् । खेल्छस् । गाउँछस् । पिउँछस् । तर्छस् । निन्दा गर्छस् । रहन्छस् । जित्छस् ।

पाठ ५

१. मध्यम पुरुषको द्विवचनको प्रत्यय 'थः' हो ।
जस्तै– हस्+अ+थः–हसथः = (तिमी दुई) हाँस्छौ ।

प्रथमगणी धातु

जप्–जपति = जप्छ ।	तप्–तपति = पोल्छ ।
चर्–चरति = चर्छ ।	चल्–चलति = चल्छ ।

घ्रा (जिघ्र)–जिघ्रति = सुँघ्दछ ।
ध्यै (ध्याय्)–ध्यायति = ध्यान गर्छ ।
सृ (सर्)–सरति = सर्छ ।

अभ्यास

जपथः ।	भवथः ।	जिघ्रथः ।	नमथः ।
वदथः ।	हसथः ।	ध्यायथः ।	चलथः ।
गच्छथः ।	निन्दथः ।	पठथः ।	रक्षथः ।
तपथः ।	चरथः ।	सरथः ।	क्रीडथः ।

(तिमी दुई) जान्छौ ।	(तिमी दुई) जप गर्छौ ।
" खान्छौ ।	" सुँघ्छौ ।
" ध्यान गर्छौ ।	" खेल्छौ ।
" हाँस्छौ ।	" हेर्छौ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

2184

(तिमी दुई) बस्छौ । (तिमी दुई) डुल्छौ ।
" सर्छौ । " तर्छौ ।
" जान्छौ । " सम्झन्छौ ।
" पढ्छौ । " पिउँछौ ।

पाठ ६

(१) मध्यम पुरुषको वहुवचनको प्रत्यय 'थ' हो ।
जस्तै–हस्+अ+थ=हसथ (तिमीहरू हाँस्छौ)

१ गणी धातु

शुच् (शोच्)–शोचति=शोक गर्छ ।
हृ (हर्)–हरति=हर्छ ।
जीव–जीवति=बाँच्तछ । लग्–लगति=लाग्छ ।

अभ्यास

नेपालीमा उल्था गर–

पश्यथ । पिबथ । गच्छथ । भजथ । शोचथ । जीवथ । पतथ । हरथ । रोहथ । जपथ । जिघ्रथ । रक्षथ । वदथ । क्रीडथ । चलथ ।

संस्कृतमा अनुवाद गर—

(तिमीहरू) खान्छौ । (तिमीहरू) रहन्छौ । (तिमीहरू) बस्छौ । (तिमीहरू) शोक गर्छौ । (तिमीहरू) हुन्छौ । (तिमीहरू) हेर्छौ । (तिमीहरू) बाँच्छौ । (तिमीहरू) खेल्छौ । (तिमीहरू) तर्छौ । (तिमीहरू) जप्छौ । (तिमीहरू) सुँघ्छौ । (तिमीहरू) पढ्छौ । (तिमीहरू) गाउँछौ । (तिमीहरू) सर्छौ । (तिमीहरू) डुल्दछौ । (तिमीहरू) ध्यान गर्छौ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वम् युवाम् यूयम्

पाठ ७

(१) अहम् (म), आवाम् (हामी दुई), वयम् (हामीहरू) इत्यादि अस्मद् शब्दको प्रयोग भएमा उत्तम पुरुष हुन्छ ।

(२) उत्तम पुरुषको एकवचनको प्रत्यय 'मि' हो ।

(३) उत्तम पुरुषका प्रत्ययका अगाडिको 'अ' आ हुन्छ । जस्तै- हस्+अ+मि—हसामि=हाँस्छु ।

१ गणी धातु

अर्च्-अर्चति=पूजा गर्छ । व्रज्-व्रजति=जान्छ । वाञ्छ-वाञ्छति=इच्छा गर्छ । गर्ज्-गर्जति=गर्जन्छ । नद्-नदति=कराउँछ । अर्ह्-अर्हति=योग्य हुन्छ ।

अभ्यास

नेपालीमा उल्था गर--

भवामि । अर्चामि । हसामि । व्रजामि । पतामि । वाञ्छामि । नमामि । गर्जामि । क्रीडामि । गच्छामि । अर्हामि । स्मरामि । तरामि । हरामि । पश्यामि ।

संस्कृतमा अनुवाद गर-

(म) जान्छु । पढ्छु । खेल्छु । हाँस्छु । चल्छु । जप्तछु । हेर्छु । पिउँछु । खान्छु । तर्छु । सर्छु । गाउँछु । सम्झन्छु । गर्जन्छु । बाँच्छु । जित्छु । दिन्छु । सुँघ्छु । ध्यान गर्छु । हुन्छु ।

पाठ ८

(१) उत्तम पुरुषको द्विवचनको प्रत्यय 'वः' हो । जस्तै–हस्+अ+वः–हसावः=(हामी दुई) हाँस्छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१ गणी धातु

क्षर्–क्षरति = चुहुन्छ । लुञ्छ्–लुञ्छति = लुछ्तछ ।
फल्–फलति = फल्दछ । स्खल्–स्खलति = चुक्छ ।
घृष् (घर्ष)--घर्षति = घोट्तछ ।
वृष् (वर्ष) वर्षति = वर्षन्छ ।

अभ्यास

नेपालीमा उल्था गर–

भवाव: । पिबाव:: । पश्याव: । हसाव: । नमाव: । गच्छाव: । क्रीडाव: । पताव: । फलाव: । स्खलाव: । घर्षाव: । चलाव: । वदाव: । बोधाव: । जीवाव: । चराव: । जयाव: ।

संस्कृतमा अनुवाद गर––

(हामी दुई) हाँस्छौं । (हामी दुई) गाउँछौं । (हामी दुई) सम्झन्छौं । (हामी दुई) पिउँछौं । (हामी दुई) छोड्छौं । (हामी दुई) जित्छौं । (हामी दुई) सुँघ्दछौं । (हामी दुई) जप्छौं । (हामी दुई) हेर्छौं । (हामी दुई) भन्छौं । (हामी दुई) घोट्छौं । (हामी दुई) चुक्छौं । (हामी दुई) खन्छौं । (हामी दुई) हुन्छौं । (हामी दुई) बस्छौं । (हामी दुई) खेल्छौं ।

पाठ ९

(१) परस्मैपदको उत्तम पुरुषको बहुवचनमा 'मः' प्रत्यय लाग्दछ । जस्तै–हस् + अ + मः = हसामः (हामीहरू) हाँस्छौं ।

१ गणी धातु

म्लै (म्लाय्)–म्लायति = बैलाउँछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नट्–नटति =नाच्तछ ।

चुम्ब्–चुम्बति =चुम्छ ।

क्वथ्–क्वथति =छड्कन्छ ।

मूर्छ्–मूर्छति =मूर्छा पर्छ ।

अट्–अटति =घुम्छ ।

★

अभ्यास

नेपालीमा उल्था गर–

भवामः । हसामः । गच्छामः । वाञ्छामः । नमामः । सरामः । पतामः । सीदामः । पिबामः । ध्यायामः । गायामः । अटामः ।

संस्कृतमा अनुवाद गर–

(हामीहरू) जान्छौं । (हामीहरू) हुन्छौं । (हामीहरू) लान्छौं । (हामीहरू) हिंड्छौं । (हामीहरू) तर्छौं । (हामीहरू) बैलाउँछौं । (हामीहरू) रहन्छौं । (हामीहरू) बस्छौं । (हामीहरू) गाउँछौं । (हामीहरू) जप्छौं । (हामीहरू) पिउछौं । (हामीहरू) बुऊदछौं । (हामीहरू) नुहुन्छौं । (हामीहरू) खेल्छौं । (हामीहरू) भन्छौं ।

पाठ १०

लट्

	ए० व०	द्वि० व०	ब० व०
प्र० पु०	हसति	हसतः	हसन्ति
म० पु०	हससि	हसथः	हसथ
उ० पु०	हसामि	हसावः	हसामः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर–

भवति । गच्छामः । हसतः । जयसि । पतन्ति । ध्यायथ । स्मरथः । गायामि । पठावः । अटामः । अर्हसि । तिष्ठामः । भवथ ।

संस्कृतमा अनुवाद गर–

जान्छस् । बस्छु । (तिमी दुई) खान्छौं । (हामीहरू) ध्यान गर्छौं । हाँस्छ । खस्छन् । नाच्छ । (हामीहरू) गाउँछौं । चुक्छन् । योग्य हुन्छस् । खेल्छन् । जप गर्छन् । (हामीहरू) पिउँछौं । नुहुन्छ । ध्यान गर्छस् । फल्दछन् । (हामीहरू) बुझ्दछौं । तर्दछन् । (तिमी दुई) लैजान्छौ । सुँघ्दछन् । (तिमी दुई) भन्दछौ । पढ्दछु । सम्झन्छन् । खेल्दछौं । जित्तछौं ।

प्रश्न

(१) कण्ठस्थानी र दन्तस्थानी वर्ण कुन कुन हुन् ?
(२) स्वर कसलाई भन्दछन् ?
(३) इ, उ, ऋ को गुण हुँदा यिनीहरूको ठाउँमा के हुन्छ ?
(४) पहिलो (भ्वादि) गणी धातुको र प्रत्यय (ति आदि) को बीचमा के हुन्छ ?
(५) लट्को प्रथम, मध्यम, उत्तम पुरुषका प्रत्ययहरू भन ।
(६) उत्तम पुरुषको प्रत्ययका अगाडिको अ का ठाउँमा के हुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(७) ए, ओ, ऐ देखि अच् पर भएमा तिनीहरूका ठाउँमा के के हुन्छन् ?

(८) जि, पा, स्मृ, बुध्, गम्, सृ, वद्, वस् यी धातुको लट्मा रूप चलाऊ ।

उपसर्ग

धातुभन्दा अगाडि 'प्र' आदि उपसर्गहरू रहेमा धातुको अर्थ प्रायः बदलिन्छ । जस्तै-

प्र+भू=समर्थ हुनु ।	सं+भू=सम्भव हुनु ।
परि+भू=हेला गर्नु ।	अनु+भू=अनुभव गर्नु ।
प्रति+दा (यच्छ)=साट्नु ।	उद्+भू=पैदा हुनु ।
आ+गम्=आउनु ।	अनु+गम्=पछि लाग्नु ।
अधि+गम्=पाउनु, जान्नु ।	प्रति+आ+गम्=फर्कनु ।
निर्+गम्=निस्कनु ।	उप+गम्=नजीक जानु ।
अभि+आ+गम्=संमुख आउनु ।	आ+रुह्=चढ्नु ।
अव+तृ=ओर्लनु ।	उत्+पत्=उफ्रनु ।
अव+रुह्=ओर्लनु ।	अप्+सृ=हट्नु ।
आ+नी=ल्याउनु ।	अनु+सृ=पछि लाग्नु ।
प्र+सृ=फैलनु ।	वि+स्मृ=बिर्सनु ।
प्रति+वद्=जवाफ दिनु ।	वि+कस्=फुल्नु ।
उत्+स्था=उठ्नु ।	प्र+शंस्=तारीफ गर्नु ।
आ+चर्=गर्नु ।	निः+सृ=निस्कनु ।
प्र+चर्=फैलिनु ।	अनु+सृ=पछि लाग्नु ।
उप्+सृ=नजीक जानु ।	उत्+गम=माथि आउनु ।
अप्+सृ=हटनु ।	वि+तृ=दिनु ।
अति+क्रम=नाघ्नु ।	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ११

विभक्ति सात हुन्छन्, तिनीहरूमा प्रथमा पहिलो हो ।
'अ' पछाडि हुने शब्दका प्रथमाका प्रत्ययहरू–

	ए० व०	द्वि० व०	ब० व०
	(पुंलिङ्गका स्[1])	औ	अस्
	जस्तै–ईश्वरः	ईश्वरौ[2]	ईश्वराः[3]
(नपुंसक)	म्	ई	अनि
	सुखम	सुखे[4]	सुखानि

जो काम गर्छ, त्यसलाई कर्ता भन्दछन् । कर्तामा प्रथमा हुन्छ । कर्ता जुन वचनको छ, क्रियापद पनि उही वचनको राख्नुपर्दछ ।

पुं० शब्दहरू

अनल = आगो
पुत्र = छोरो
आशीर्वाद = आसीक
बालक = बालख
ईश्वर = ईश्वर (समर्थ)
मनुष्य = मानिस

---

१ पछि कुनै पनि पद छैनभने अन्त्यमा रहेको स् विसर्ग हुन्छ ।

२ अ अथवा आ देखि ए अथवा ऐ पर छभने ती दुवैका ठाउँमा ऐ र ओ अथवा औ पर छभने दुवैका ठाउँमा औ हुन्छ । जस्तै-- ईश्वर + औ = ईश्वरौ ।

३ ए, ऐ, ओ, औबाहेक अरू ह्रस्व दीर्घ अच्‌देखि त्यही ह्रस्व अथवा दीर्घ पर भएमा त्यो नै दीर्घ वर्ण हुन्छ । जस्तै— ईश्वर + अस् = ईश्वराः ।

४ अ अथवा आदेखि इ, उ, ऋ, ऌ पर छभने क्रमैले ए, ओ, अर्, अल् हुन्छ । जस्तै--सुख + ई = सुखे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कच्छप = कछुवा
जनक = बाबु
तडाग = तलाउ
नृप = राजा
पाद = पाऊ (खुट्टा)
पण्डित = विद्वान्
मूर्ख = सुबुद्धि नभएको
मेघ = बादल
वृक्ष = रूख
शङ्कर = शिवजी
हरिण = मृग
हस्त = हात

नपुं० शब्दहरू

कमल = कमलको फूल
गृह = घर
जल = पानी
धन = सम्पत्ति
नेत्र = आँखा
बीज = बीउ
मुख = मुख
फल = फल
भय = डर
मित्र = मीत
सुख = सुख

अभ्यास

नेपालीमा उल्था गर–

शंकरो[1] जयति । अनलो ज्वलति ।

जलं[2] पतति । बालकः[3] क्रीडति मनुष्यो हसति ।

---

१ उकारको इत् संज्ञा भएर बनेको विसर्गको अगाडि अ र पछाडि हश् वर्ण छभने विसर्ग हराई अगिल्लो अ 'ओ' हुन्छ । जस्तै––अनलः + ज्वलति = अनलो ज्वलति ।

२ पदको अन्त्यमा म् छ र पछि हल् पर छभने म् का ठाउँमा अनुस्वार हुन्छ । जस्तै––जलम् + पतति = जलं पतति ।

३ विसर्गको पछाडि क, ख, प, फ छभने विसर्ग नै रहन पनि सक्तछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पण्डितौ हसतः । हरिणो धावति । कूर्मो निर्गच्छति । पुत्र[१] उद्भवति । पवन[२]श्चलति । मूर्ख उत्पतति । धनं क्षयति । शृगालौ पततः ।

संस्कृतमा अनुवाद गर—

हावा आउँछ । मेघहरू गर्जन्छन् । डर पैदा हुन्छ । (दुई) रूख उम्रन्छन् । पानी पर्छ । मीतहरू आउँछन् । छोराहरू खेल्छन् । आगो बल्दछ । स्यालहरू पछि लाग्दछन् । मूर्खहरू फतफताउँछन् । बाबु नजीक आउँछन् । (दुई) बालक हाँस्तछन् । फलहरू खस्तछन् । (दुई) कछुवा सर्दछन् । बीउहरू उम्रन्छन् । मानिस हिड्छन् । (दुई) मृग आउँछन् ।

पाठ १२

द्वितीया

गरिने (काम) लाई कर्म भन्दछन् । त्यसमा द्वितीया हुन्छ । सो कर्म सजीव भएमा भाषामा लाई अर्थ आउँदछ, निर्जीव भएमा आउँदैन ।

---

१ विसर्गको अगाडि अ रहेको छ र पछाडि अबाहेक अरू अच् वर्ण पर छभने विसर्गको लोप हुन्छ । विसर्गको लोप भएमा सन्धि हुँदैन ।

२ विसर्गको पछाडि च् अथवा छ् रहेको छभने सो विसर्गको ठाउँमा श् हुन्छ । ट् वा ठ् छ भने ष् हुन्छ र त् अथवा थ् छभने स् हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्ययहरू

स्	औ	आन्
जस्तै—ईश्वरम्	ईश्वरौ	ईश्वरान्

नपुंसकमा द्वितीया पनि प्रथमाकै जस्तो हुन्छ ।

पुं० शब्द

अश्व = घोडा	ब्राह्मण = बाहुन	व्याध = व्याधा
आदित्य = सूर्य	गायक = गवैया (वस्ताज)	शठ = स्वाँठ
ओदन = भात	भार = भारी	शशक = खरायो
गज = हात्ती	मत्स्य = माछो	शिष्य = चेलो
दण्ड = लट्ठी, सजाय	सिंह = सिंह	मोक्ष = छुट्नु
सेवक = नोकर	विडाल = विरालो	बुध = पण्डित
व्याघ्र = बाघ		

नपुं०

अन्न = खानेकुरा, अनाज	धान्य = धान	गीत = गाना
पर्ण = घाँस	मोदक = लड्डू	दुःख = कष्ट
एणं = पात	मांस = मासु	पुष्प = फूल
वन = जंगल	पुस्तक = किताब	वचन = बोली

अभ्यास

नेपालीमा उल्था गर—

ब्राह्मण ईश्वरं स्मरति । विडालो मांसं खादति । आदित्यः पुरुषान् रक्षति । सिंहा[१] नरान् खादन्ति । बुधाः[२] शठाञ्ज-

१. विसर्गको अगाडि आ छ र पछाडि अच् अथवा हश् छ भने विसर्ग लोप हुन्छ ।

२. श् ष् स् पछाडि छ भने विसर्गका ठाउँमा विसर्ग अथवा क्रमैले श् ष् स् हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यन्ति । अश्वौ तृणं खादतः । गायका गीतं गायन्ति । शिष्यौ पुस्तकं पठतः । पुरुषा भारमानयन्ति । ब्राह्मणा वेदं पठन्ति । अनलो वनं दहति । व्याधा मृगं पश्यन्ति ।

संस्कृतमा अनुवाद गर-

(दुई) ब्राह्मण वेद पढ्दछन् । राजाहरू हात्ती चढ्दछन् । (हामी दुई) पानी पिउँछौं । पण्डितहरू वेद जान्दछन् । (दुई) स्वाँठ पाप गर्छन् । मानिस धान ल्याउँछ । (तिनीहरू) पात ल्याउँछन् । पण्डितहरू शास्त्र बुझ्दछन् । नोकरहरू मानिसको पछि लाग्दछन् । (तिमी दुई) सूर्यलाई ढोग्दछौ । मूर्खहरू पण्डितलाई हेला गर्दछन् । घोडा घाँस खान्छ । मानिस अन्न खान्छ । नोकर भारी ल्याउँछ । वस्ताज गीत गाउँछ । चेलाहरू पुस्तक पढ्छन् । स्वाँठ पाप गर्दछ । बालकहरू लड्डू खान्छन् । व्याधा वन जान्छ ।

★

पाठ १३

तृतीया

'ले' अर्थ भएमा तृतीया हुन्छ ।

'अ' पछि हुने शब्दका प्रत्ययहरू

इन	भ्याम्	ऐः
जस्तै-ईश्वरेण[१]	ईश्वराभ्याम्	ईश्वरैः

---

१. ऋ, र ष् देखि पर रहेको पदको अन्त्यमा नरहेको 'न्' छ भने बीचमा अच्, कवर्ग, पवर्ग, ह, य, व यी अक्षरहरूले छेकिएको छ भने पनि 'ण्' हुन्छ । ईश्वर + इन = ईश्वरेन = ईश्वरेण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भ्याम्' अगाडिको 'अ' 'आ' हुन्छ ।
जस्तै–ईश्वर + भ्याम् = ईश्वराभ्याम् ।
नपुंसक लिङ्गमा तृतीयादेखि सप्तमीसम्म पुंलिङ्गमा जस्तै हुन्छ ।

पुं०

अङ्कुर = टुसो	कर = हात	देव = देवता
अन्धकार = अँध्यारो	कर्ण = कान	रथ = बग्गी
अलङ्कार = गहना	घट = गाग्रो	स्वभाव = स्वभाव
आतप = घाम	भागिनेय = भानिज	स्कन्ध = काँध
दीप = बत्ती	मातुल = मामा	ग्राम = गाउँ
नद = खोला	यत्न = कोशिश, जतन	
नर = मानिस	यजमान = जजमान	
पुरोहित = पुरेत	शब्द = आवाज	
भ्रमर = भमरा	कृषक = खेतीवाल, किसान ।	

नपुं०

इन्धन = दाउरा	चित्त = मन	नख = नङ
कार्य = काम	तैल = तेल	नगर = शहर
चक्र = पाङ्ग्रो	दर्पण = ऐना	रत्न = जुहार
शरीर = जीउ	वस्त्र = कपडा, लुगा	विष = बिख
सुवर्ण = सुन	क्षेत्र = खेत	ज्ञान = ज्ञान
नयन = आँखा	पुण्य = धर्म	

गुण क्रिया इत्यादि बुझाएर 'यस्तो, यति' भनेर छुट्याउने शब्दलाई विशेषण भन्दछन् । जस्तै–रक्त = रातो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषणले जसको 'यस्तो, यति' इत्यादि गुण बुझाएको छ, उसलाई विशेष्य भन्दछन् । विशेष्य जुन लिङ्ग, विभक्तिमा छ, विशेषण उही लिङ्ग, वचन, विभक्तिमा रहन्छ । जस्तै–रक्तो घटः, रक्ता शाटी, रक्तं नेत्रम् ।

विशेषण

काण = कानो	दरिद्र = गरीब	पुष्ट = मोटो
कुशल = सिपालु	बधिर = बहिरो	खञ्ज = खोरण्डो
सरल = सोझो	मूक = लाटो	

अव्यय[1]

सह[2] = सँग	शनैः = विस्तारै

अभ्यास

नेपालीमा उल्था गर–

बुधाः सुखेन जीवन्ति । बालकः करेण पुस्तकानि नयति । व्याघ्रो मांसेन जीवति । कर्णेन बधिरः । कराभ्यां नदं तरामि । देवा रथेन चरन्ति । पादाभ्यां नगरं गच्छामः । ज्ञानेन सुखं भवति । विषेण शरीरं नश्यति । चित्तेनेश्वरं स्मरामः ।

संस्कृतमा अनुवाद गर–

मानिसहरू दुई पाउले हिंड्छन् । नोकरहरू गाग्रोले पानी ल्याउँछन् । सोझो मानिस सुख पाउँछ । बाबुसँग छोरो गाउँमा जान्छ । मुखले पानी पिउँछ । आँखाले पुस्तक हेर्छस् ।

---

१ तीनै लिङ्गका विभक्तिका सबै वचनमा एकै नास रूप हुने शब्दहरूलाई अव्यय भन्दछन् ।

२ सहको योग भएमा तृतीया हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यलाई दुई हातले ढोग्दछु । पण्डितहरू ज्ञानले ईश्वरलाई देख्तछन् । बत्तीले अँध्यारो नाश हुन्छ । दुई पाङ्ग्राले बग्गी चल्दछ । लाटो मानिस मुखले बोल्दैन । भमरा आवाज गर्दछ । दुई आँखाले मुख हेर्छौं । घामले जीउ तात्तछ । अन्नले शरीर मोटो हुन्छ । तेलले बत्ती बल्छ ।

(*)

पाठ १४

चतुर्थी

'निम्ति, लाई, लागि' अर्थ आएमा चतुर्थी हुन्छ ।

अकारान्त शब्दका चतुर्थीका प्रत्ययहरू

य	भ्याम्	भ्यः

य र भ्याम् अगाडिको अ दीर्घ हुँदा आ हुन्छ ।

जस्तै–ईश्वर+य =ईश्वराय ।

ईश्वर+भ्याम् =ईश्वराभ्याम् ।

'भ्यः' अगाडिको अ ए हुन्छ ।

जस्तै– ईश्वर+भ्यः =ईश्वरेभ्यः

ईश्वराय	ईश्वराभ्याम्	ईश्वरेभ्यः

पुं०

आनन्द =सुख

उत्सव = उत्सव

उत्साह =उमेद

तिल =तिल

सूप =दाल

यूप =मौलो

वराह =बनेल

मुद्ग =मूँग

चणक =चना

नट =नट्वा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भृत्य = नोकर
विनय = नम्रता
पर्वत = पहाड
निष्क = असर्फी

नपुं०

अज्ञान = नजान्नु
उद्यान = बगैंचा
रूप्यक = रूपियाँ
शत = सय
परिधान = लाउनु
भोजन = खानु
कल्याण = कल्याण
कुसुम = फूल
काष्ठ = काठ
पत्र = चिट्ठी, पात

वि०

अन्न = अनाज
मल्ल = पहलमान
भिक्षुक = माग्ने

अव्यय

अलम्[1] = समर्थ
नमः = नमस्कार
वृथा = व्यर्थ, सित्तैं
स्वस्ति[2] = कल्याण
च = पनि
बहिः = बाहिर

अभ्यास

नेपालीमा उल्था गर-

कल्याणायेश्वरं स्मरामः । फलेभ्यः उद्यानं गच्छ । अलं मल्लो मल्लाय । विनयः सुखाय भवति । नृपाय स्वस्ति । तैलाय तिलानानयति । भिक्षुकेभ्यो रूप्यकाणि प्रयच्छथ । इन्द्राय नमः ।

---

१. समर्थ भएमा चतुर्थी हुन्छ ।
२. स्वस्ति र नमः को योग भएमा चतुर्थी हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर–

मागने खानको लागि चना ल्याउँछ। (म) काठको लागि घुम्दछु। व्याधा बनेलको लागि वन जान्छ। (तिमीहरू) मोक्षको निम्ति ईश्वरलाई सम्झन्छौ। (तिमी दुई) माग्नेलाई रुपियाँ दिन्छौ। (तँ) कल्याणको लागि ईश्वरलाई सम्झन्छस्। (तिनीहरू) दाउराको लागि पहाड चढ्दछन्। (दुई) नोकर मौलोको लागि काठ ल्याउँछन्।

☆

पाठ १५

पञ्चमी

अकारान्त पञ्चमीका प्रत्ययहरू

आत्	भ्याम्	भ्यः
जस्तै-ईश्वरात्	ईश्वराभ्याम्	ईश्वरेभ्यः

पुं०

अध्यापक = गुरु	सागर = समुद्र
आरम्भ = शुरु	अभिमान = शेखी
क्रोध = रिस	निश्चय = अठोट
क्रोश = कोस	द्वीप = टापू
गोधूम = गहूँ	मसूर = मुसुरो
छात्र = चेलो	माष = माम (दाल)
तण्डुल = चामल	सार्थ = जमात
प्रासाद = दर्बार	स्नेह = प्रेम
सूत = सवार	सैनिक = सिपाही
वात = हावा	मार्ग = बाटो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नपुं०

अभोजन = नखानु
आसन = आसन, बस्नु
कृत्य = काम
कौतुक = चाख
शिखर = चुचुरो, टुप्पा
गगन = आकाश
नक्षत्र = तारा
पठन = पढ्नु
योजन = चार कोस
वज्र[1] = वज्र

अव्यय

पृथक् = अलग
एव = मात्र, नै
विना = बाहेक
अधः = तल

अभ्यास

नेपालीमा उल्था गर–

छात्र आसनादुत्तिष्ठति। तण्डुलेभ्यो गोधूमान् प्रतिच्छति। वीरः सैनिकैः सह वनान्नगरं गच्छति। भृत्यं क्रोधात् परिभवथ। ब्राह्मणा नृपाद् धनमधिगच्छन्ति। नृपः प्रासादात् पश्यति। जलं शिखरात् पतति नगरं वनाद् योजनम् अस्ति।

संस्कृतमा अनुवाद गर–

सवार घोडाबाट खस्तछ। बालकहरू घरबाट हेर्दछन्। ज्ञानले पाप नाश हुन्छ। (तिमी दुई) चाखले रामलाई हेर्दछौ। (म) चुचुरोबाट ओर्लन्छु। आकाशबाट वज्र खस्तछ। (तिमीहरू) चामलले गहूँ साट्तछौ। फलहरू रूखबाट खस्छन्। पापबाट दुःख पैदा हुन्छ।

१. पुंलिङ्गमा पनि रहन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेल हरू गुरुबाट ज्ञान पाउँछन् । सूर्यले घाम र सुख दिन्छन् । राजा दरवारबाट शहर हेर्दछन् ।

पाठ १६

षष्ठी

को[1] अर्थ आएमा षष्ठी हुन्छ ।

अकारान्त शब्दका षष्ठीका प्रत्ययहरू

स्य	ओः	नाम्

'ओः'–अगाडिको 'अ' 'ए' हुन्छ ।

जस्तै–ईश्वर + ओः ईश्वरे + ओः = ईश्वरयोः

नाम अगाडिको अच् दीर्घ हुन्छ ।

जस्तै–ईश्वर + नाम् = ईश्वराणाम्

ईश्वरस्य	ईश्वरयोः	ईश्वराणाम्

पुं०

आचार = चाल, लत

मेष = भेडी

आपणिक = पसले

वर्ण = रङ्ग, जात

वसन्त = वसन्त ऋतु, अर्थात् चैत र वैशाख

ग्रीष्म = ग्रीष्म ऋतु, अर्थात् जेठ र असार ।

वास = बस्ती, वास

आशय = मनसाय

चन्द्र = चन्द्रमा

वृष = साँढे

पराक्रम = बहादुरी

चौर = चोर

प्रकाश = उज्यालो

सङ्ग = सङ्गत

---

१. आदरमा का अर्थ पनि हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसाव = निगाह
पथिक = बटुवा
वानर = बाँदर
रोग = वेथा

नपुं०

औषध = ओखती
कारण = कारण
घृत = घीउ
चरित = चालचलन
पुच्छ = पुच्छर
युद्ध = लडाइँ
कोष्ठ = कोठा
यूथ = बथान
वैर = विरोध
शयन = ओछ्यान
समस्थल = समथर
सौन्दर्य = राम्रोपना
हिम = हिउँ
लवण = नून

विशेषण

आह्लादक = आनन्द दिने
चण्ड = कडा
तुल्य = बराबर
दीर्घ = लामो
धनिक = धनी
निन्द्य = निन्दा गर्न लायक
कुत्सित = खराब
प्रथम = पहिलो
प्रशस्य = तारीफ लायकको
रक्षक = बचाउ गर्ने
लवण = नुनिलो
श्रेष्ठ = असल
ह्रस्व = छोटो

अभ्यास

नेपालीमा उल्था गर–

वानराणां पुच्छानि दीर्घाणि भवन्ति । दुर्जनानामाचार आशयश्च निन्द्यो भवति । वृक्षाणां पुष्पाणि फलानि च खादामः । उद्यानस्य सौन्दर्यं पश्यावः । मेषस्य यूथं चरति । बुधानां चरितं प्रशस्यं भवति । वर्णानां ब्राह्मणः श्रेष्ठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर–

राजाहरूमा राम असल हुन्। मूर्खहरू शास्त्रको आशय बुझ्दैनन्। पहाडबाट भेडाको बथान आउँछ। ग्रीष्म ऋतुको घाम कडा हुन्छ। (हामीहरू) समुद्रको नुनिलो पानी पिउँदैनौं। घाममा हिमालयको हिउँ पग्लन्छ। (तिमी दुई) गुरुको घर जान्छौ।

पाठ १७

सप्तमी

'मा' र 'निम्ति' अर्थ आएमा सप्तमी हुन्छ।

अकारान्त सप्तमीका प्रत्ययहरू–

इ	ओस्	सु

सु अगाडिको 'अ' ए हुन्छ। जस्तैः–ईश्वर+सु-ईश्वरे=ईश्वरेषु[1]

ईश्वरे	ईश्वरयोः	ईश्वरेषु

पुं०

अग्रज = दाज्यू
अङ्क = काख, चिह्न
अनुज = भाइ
आपण = बजार
आकाश = अकाश
केश = कपालको रौं
कोकिल = कोइली
खड्ग = तरवार
मूषक = मूसो
मेघ = बादल

---

१ 'अ, आ' बाहेक अच् र कवर्ग 'य, व, र, ल' देखि पर रहेको आदेश अथवा प्रत्ययको 'स' छ भने बीचमा अनुस्वार, विसर्गले छेकिएको भए पनि ष हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यावर्त = हिमालय र विन्ध्यको बीचको भाग अर्थात् उत्तर भारत
आलय = घर
कपोत = परेवा
काक = काग
कण्ठ = घाँटी
पोत = जहाज
मयूर = मुजुर
चकोर = च्याखुरा
चातक = काकाकुल
तनय = छोरो
दन्त = दाँत
द्वारपाल = ढोके
वैश्य = वैश्य (तेस्रो जाति)
लुब्धक = व्याधा
श्येन = बाज
भेक = भ्यागुतो

नपुं०

उदक = पानी
द्वार = ढोका
पुर = शहर
वाणिज्य = वेपार
बिल = प्वाल
माधुर्य = मीठोपन
[1]सरोवर = तलाउ
माल्य = माला
मिष्टान्न = मिठाई
सिन्दूर = सिंदूर
सुभिक्ष = सहकाल
अमृत = अमृत
कपट = छल
ललाट = निधार

विशेषण

विशाल = ठूलो
रमणीय = राम्रो
कनिष्ठ = कान्छो
आतुर = बिरामी

अ०

यथा = जस्तै, जसरी ।
अद्य = आज

---

१ पुंलिङ्गमा पनि रहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

श्येनो गगने कपोतान् वाञ्छति। भेक उदकस्य समीपे तिष्ठति। विशालाः पोताः सागरे चलन्ति। कोकिलस्य शब्दे माधुर्यं भवति। नृपाः प्रासादेषु तिष्ठन्ति। जनकस्याऽङ्के तनया-स्तिष्ठन्ति। अहमनले घृतं त्यजामि।

★

संस्कृतमा अनुवाद गर--

ढोकेहरू दरबारको ढोकामा रहन्छन्। मानिसका घरमा बत्ती बल्दछन्। मूसाहरू प्वालमा बस्तछन्। तलाउमा कमलहरू फुल्दछन्। दाज्यूको काखमा भाइ बस्वछ। ठूलो शहरमा राम्रो बजार हुन्छ। सहकालमा मानिसहरू दुःख पाउँदैनन्। सज्जनको चित्तमा रिस रहँदैन। गोपालका छोराहरूमा कान्छो असल छ। चोरको हातमा तरबार रहन्छ। मूर्खहरूको मुखमा अमृत जस्तो बोली र मनमा विष जस्तो कपट हुन्छ।

सम्बोधन

(१) बोलाउँदा सम्बोधनको प्रयोग हुन्छ।

(२) शब्दको अगाडि सम्बोधनको चिह्न 'हे भो, अयि' इत्यादि लाग्ने हुन्छ।

(३) सम्बोधनको एकवचनमा केही पनि प्रत्यय हुँदैन, द्विवचनमा र बहुवचनमा प्रथमाकै जस्तो हुन्छ।

जस्तै—

हे ईश्वर हे ईश्वरौ हे ईश्वराः

★

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ १८

चौथो गणी (दिवादि) धातु

(१) चौथो गणी धातु र प्रत्ययका बीचमा 'य' रहन्छ ।

जस्तै––नृत्+य+ति=नृत्यति ।

तृप+तृप्यति=अघाउँछ ।

मद् (माद्)+माद्यति=मातिन्छ ।

पुष्+पुष्यति=मोटाउँछ ।

श्रम् (श्राम्)+श्राम्यति=थाक्तछ ।

नश्+नश्यति=नाश हुन्छ ।

शुष्+शुष्यति=सुक्तछ ।

सिध्+सिध्यति=सिद्ध हुन्छ ।

तुष्+तुष्यति=खुशी हुन्छ ।

क्लिद+क्लिद्यति=भिज्छ ।

लुभ्+लुभ्यति=लोभ गर्छ ।

क्षुभ्+क्षुभ्यति=हुँडलिन्छ ।

क्षुध्+क्षुध्यति=भोकाउँछ ।

शुध्+शुध्यति=शुद्ध हुन्छ ।

स्विद्+स्विद्यति=पसीना आउँछ ।

दुष्+दुष्यति=दुष्ट हुन्छ ।

श्लिष्+श्लिष्यति=जोडिन्छ ।

आ+श्लिष्+आश्लिष्यति=अँगालो हाल्छ ।

नृत्+नृत्यति=नाच्छ ।

[1]क्रुध्+क्रुध्यति=रिसाउँछ ।

भ्रम् (भ्राम्)+भ्राम्यति=घुम्छ ।

द्रुह्+द्रुह्यति=डाह गर्छ ।

---

१ क्रुध् द्रुह् कुप् धातुहरूको जसमाथि डाह र रिस हुन्छ, उसलाई चतुर्थी हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्र + यस् + प्रयस्यति = मिहिनेत गर्छ ।
कुप् + कुप्यति = रिसाउँछ ।
सिव् (सीव्) + सीव्यति = सिउँछ ।
स्निह + स्निह्यति = प्रेम गर्छ ।

नेपालीमा उल्था गर–

नटा धनाय नृत्यन्ति । बुधा मोक्षाय प्रयस्यन्ति । नृपा भृत्येभ्यः क्रुध्यन्ति । अज्ञा मित्राय कुप्यन्ति । कृषकश्चणकाय प्रयस्यति । चित्तं पापाद् दुष्यति । आतपाज्जलं[1] शुष्यति । पथिका विश्राम्यन्ति । चकोराश्चन्द्रं पश्यन्ति ।

संस्कृतमा अनुवाद गर–

मूर्ख अज्ञानले मित्रलाई पनि डाह गर्छ । (हामी दुई) रुपियाँको निम्ति नाच्तछौं । (तिमी दुई) रामलाई अँगालो हाल्छौ । (हामीहरू) लुगा सिउँछौं । हावाले समुद्र हुँडलिन्छ । (तिमीहरू) लड्डूदेखि अघाउँछौ । मानिस अभिमानले मात्तिन्छ । खानाले शरीर मोटाउँछ । कोशिशले काम सिद्ध हुन्छ । घामले कपडाहरू सुक्तछन् । (तँ) पानीले भिज्दछस् । (हामी दुई) कामले थाक्तछौं । असल चेलादेखि गुरुहरू खुशी हुन्छन् । दाज्यू भाइलाई प्रेम गर्छ ।

छैटौं गणी (तुदादि) धातु

छैटौं गणी धातु र प्रत्ययको बीचमा 'अ' रहन्छ । जस्तै–लिख् + अ + ति = लिखति = लेख्छ ।

---

१ स अथवा तवर्गदेखि चवर्ग अथवा श् पर छभने तवर्गका ठाउँमा क्रमैले चवर्ग र स् का ठाउँमा श् हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्र+विश्=प्रविशति=पस्छ। कृ(किर्)=किरति=छर्छ। इष् (इच्छ्)=इच्छति=इच्छा गर्छ। सद् (सीद)=सीदति=दुःख पाउँछ। प्रच्छ पृच्छ् (पृच्छ्)=पृच्छति=सोध्छ। मस्ज् (मज्ज्)=मज्जति=डुब्दछ। मिल्=मिलति=मिल्छ। स्पृश्=स्पृशति=छुन्छ। स्फुट्=स्फुटति=फुट्छ। आ+दिश्=आदिशति=आज्ञा गर्छ।

अभ्यास

नेपालीमा उल्था गर–

कुसुमायोद्यानं प्रविशति। मित्राय पत्रं लिखामः। दरिद्रो धनिकस्य प्रसादमिच्छति। रामस्य पुत्राः मज्जन्ति। अध्यापकः प्रश्नान् पृच्छति।

संस्कृतमा अनुवाद गर–

किसानहरू फूल र फलको निम्ति बीउ छर्छन्। (हामी दुई) ईश्वरको निगाह इच्छा गर्छौं। बाबु छोराहरूलाई अह्राउँछ। लक्ष्मण रामको पाउ छुन्छन्। (म) चेलाको लत गुरुलाई सोध्छु। काकाकुल आकाशमा पानी इच्छा गर्छ। बटुवाहरू पसलेसँग बाटो सोध्छन्। माछो पानीमा डुब्दछ। (तिमीहरू) दाज्यूलाई चिठी लेख्छौ। ढोके दरबारमा पस्तछ। (तिमीहरू) दुःख पाउँछौ। (हामी दुई) चनाको बीउ छर्छौं।

दशौं गणी (चुरादि) धातु

१. दशौं गणी धातु र प्रत्ययको बीचमा 'अय्' रहने हुन्छ। वर्ण=वर्णयति=बयान गर्छ। सूच्=सूचयति=

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूचना गर्छ । भूष्=भूषयति=सिंगार्छ । स्पृह्=स्पृहयति=चाह गर्छ, इच्छा गर्छ ।

दोस्रो गणी (अदादि) धातु

	अस्=हुनु				हन्=मार्नु		
	ए०	द्वि	ब०		ए०	द्वि०	ब०
प्र०	अस्ति	स्तः	सन्ति	प्र०	हन्ति	हतः	घ्नन्ति
म०	असि	स्थः	स्थ	म०	हंसि	हथः	हथ
उ०	अस्मि	स्वः	स्मः	उ०	हन्मि	हन्वः	हन्मः

अभ्यास

नेपालीमा उल्था गर–

वसन्तस्य सौन्दर्यम् भूषय[१] त्युद्यानम् । दन्तयो[२]र्गजं हन्ति । नरा वीरस्य पराक्रमं वर्णयन्ति । सर्वाञ्जनान् नृपः सूचयति । लोको नृपाय स्पृहयति । लुब्धका मृगान् घ्नन्ति ।

संस्कृतमा अनुवाद गर–

(हामीहरू) वीरको बहादुरीको बयान गर्छौं । धनीहरू घरको कोठा सिंगार्छन् । (तँ) छालाको निम्ति बाघ मार्छस् । गुरु चेलालाई सूचना गर्छन् । बाबुहरू छोराको चाह गर्छन् । (म) गुरुको घरमा छु । (म) मासुको निम्ति मृग मार्छु । आर्यावर्तमा वीर क्षत्रियहरू छन् । रूखमा फूल र फल छन् ।

---

१ ह्रस्व अथवा दीर्घ इ, उ, ऋ, ऌदेखि उही उही अक्षर–बाहेक अरू अच् पर छभने क्रमैले य्, र्, ल्, व् हुन्छ ।

२ 'अ, आ' बाहेक अच्‌देखि पछाडि रहेको विसर्ग छ र पछाडि अच् अथवा हश् पर छभने विसर्गका ठाउँमा र् हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८७२९

पाठ १९

[1]सर्वादि शब्दको

ईश्वर शब्दको भन्दा फरक हुने प्रत्ययहरू—

प्रथमाको बहु०	च० ए०	प० ए०	ष० ब०	स० ए०
इ	स्मै	स्मात्	षाम्	स्मिन्

जस्तै—सर्व+इ=सर्वे; सर्वस्मै; सर्वस्मात्; सर्वेषाम्[2]; सर्वस्मिन्-बाँकी ईश्वरको जस्तै हुन्छ ।

[3]पूर्वादि शब्दको चाहिं प्रथमाको बहुवचन इ, पञ्चमीको एकवचनमा स्मात्, सप्तमीको एकवचनमा स्मिन् विकल्पले हुन्छ ।

जस्तै- प्र० ब०	प० ए०	स० ए०
पूर्वे-पूर्वाः	पूर्वस्मात्-पूर्वात्	पूर्वस्मिन्-पूर्वे

अरू सर्व जस्तो हुन्छ ।

पुं०

मण्ड=माँड

काच=काँच

कैलास=कैलास पर्वत

स्तम्भ=थाम (खम्बा)

मानव=मानिस

भट=सिपाही

शुक्र=दैत्यका गुरु, तारा

स्वजन=आफ्नो मानिस

---

१ सर्व विश्व उभ उभय अन्य अन्यतर सम इतर कतर कतम नेम इत्यादि ।

२ षाम् अगाडिको अ ए हुन्छ; जस्तै-सर्व+षाम्=सर्वेषाम् ।

३ पूर्व पर अवर दक्षिण उत्तर अधर स्वर अन्य इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्फटिक = फटिक

नरक = नरक

हेमन्त = हेमन्त ऋतु अर्थात् मङ्सीर र पुस

मध्यदेश = मधेश

नपुंसक

असत्य = झूटो

विम्ब = विम्ब (प्रतिबिम्बको आश्रय) सूर्य अथवा चन्द्रमाको मण्डल ।

दिन = दिन

विशेषण

संयुक्त = युक्त भएको

वाञ्छित = इच्छा गरिएको

अव्यय

प्रति = तिर

अभ्यास

नेपालीमा उल्था गर–

सर्वान् देवान् नमामः । हे राम ! विनयेन संयुक्तोऽसि । पुत्रस्य दुराचारात् सर्वेषां सुखं नश्यति । सर्वे छात्रा आचार्यमनुगच्छन्ति । इन्द्रः सर्वेषां देवानां श्रेष्ठः । आर्यावर्तादुत्तरः कैलासः । सर्वेषां दानवानामाचार्यः शुक्रः । भटा नृपस्य कल्याणाय प्रयस्यन्ति ।

संस्कृतमा अनुवाद गर–

सिपाहीहरू राजाबाट बकस पाउँछन् । सज्जनहरू सबै मानिसमा प्रेम गर्छन् । सबै खराब मानिसहरू झूटो बोल्छन् । सबै जना ज्ञानले सुख पाउँछन् । बा सबै छोरालाई लड्डू दिनुहुन्छ । (हामी दुई) सबैको कल्याण चाहन्छौं । दरबारमा ठूला स्फटिकका खम्बा हुन्छन् । खेतीवालहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धान छर्दछन् । काँचका भाँडामा ओखती हुन्छ । मानिसहरू चन्द्रमाको विम्बलाई हेर्दछन् ।

प्रश्न

१–अकारान्त शब्दका प्रत्ययहरू के हुन् ?
२–'भ्याम्, भ्यस्' अगाडिको 'अ' को ठाउँमा के हुन्छ ?
३–केदेखि पर रहेको न् ण् हुन्छ, स् ष् हुन्छ ?
४–सह, नमः, स्वस्ति, अलं को योग भएमा कुन विभक्ति हुन्छ ?
५–कस्तो 'न्' का ठाउँमा अनुस्वार र बिसर्ग हुन्छ ?
६–विसर्गको अगाडि र पछाडि पनि अ रहेको छभने के हुन्छ ?
७–जन, वन, ज्ञान, नर, छात्र यी शब्दको रूप लेख ।
८–सर्व र ईश्वरको रूपमा कहाँ–कहाँ फरक हुन्छ ?
९–भू, जीव्, चल्, तृ, जि, दृश् धातुको लट्का रूप लेख ।

★

पाठ २०

पुंलिङ्गका इकारान्त शब्दहरूका प्रत्ययहरू र रूप

	ए०	द्वि०	ब०	ए०	द्वि०	ब०
प्र०	:	+	अः	हरिः	हरी	हरयः
द्वि०	म्	+	न्	हरिम्	हरी	हरीन्
तृ०	ना	भ्याम्	भिः	हरिणा	हरिभ्याम्	हरिभिः
च०	ए	"	भ्यः	हरये	"	हरिभ्यः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१-प्रथमाको द्विवचनमा र द्वितीयाको द्वि० र बहुवचनमा शब्दको इ दीर्घ हुन्छ । जस्तै- हरी, हरीन् ।

२-प्रथमाको बहुवचनमा र चतुर्थीको एकवचनमा गुण हुंदा शब्दको इ ए हुन्छ । जस्तै-हरि+अः=हरे+अः=हर्+अय्+अ+हरयः ।

नपुंसक इकारान्त शब्दका प्रत्ययहरू र रूप

३-	ए०	द्वि	ब०	ए०	द्वि०	ब०
प्र०	+	ई	इ	वारि	वारिणी	वारीणि
द्वि०	+	ई	इ	"	"	"
तृ०	आ	भ्याम्	भिः	वारिणा	वारिभ्याम्	वारिभिः
च०	ए	"	भ्यः	वारिणे	"	वारिभ्यः

४-अच् अगाडि हुने प्रत्यय पर भएमा प्रत्ययको अगाडि न रहन्छ । जस्तै—वारि+ई=वारि+न्-+ई=वारिणी ।

५-अच् अगाडि हुने बहुवचनमा शब्दको इ दीर्घ हुन्छ; जस्तै-वारि+न्+इ=वारीणि ।

आत्मनेपदी धातुका लट्का प्रत्ययहरू र रूप

	ए०	द्वि०	ब०	ए०	द्वि०	ब०
प्र०	ते	इते	अन्ते	एधते	एधेते	एधन्ते
म०	से	इथे	ध्वे	एधसे	एधेथे	एधध्वे
उ०	इ	वहे	महे	एधे	एधावहे	एधामहे

६-वहे महे अगाडिको अ आ हुन्छ; जस्तै—एध+वहे=एधावहे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मनेपदी पहिला गणी धातु

ईक्ष्– हेर्नु । कम्प– काँप्नु । लज्ज्–लाज मान्नु । वृत् (वर्त्)– रहनु । सह्–सहनु । कृप् (कल्प्)– समर्थ हुनु । शङ्क्– शङ्का गर्नु । रुच् (रोच्)– रुचाउनु । यत्– उद्योग गर्नु । आ+रभ् शुरु गर्नु । मुद् (मोद्)– खुशी हुनु । वन्द्–ढोग दिनु । वृध् (वर्ध्)– बढ्नु । शुभ् (शोभ्)– सुहाउनु । सेव्– टहल गर्नु । रम्– रमाउनु । शिक्ष्– सिक्नु ।

लभ् =पाउनु । श्लाघ् =सह्राउनु । त्रै (त्राय्) =रक्षा गर्नु । प्र+काश =प्रकाश हुनु । स्पृध् =शेखी गर्नु । दय् =दया गर्नु ।

४ थ ग० आ० प०

मन् =ठान्नु ।

बुध् =लड्नु ।

६ ग०

मृ[1] =मर्नु ।

पुं०

अग्नि =आगो
असि =तरवार
अरि =शत्रु
कपि =बाँदर
कवि =कविता गर्ने
गिरि =पहाड
निधि =खानी

भूपति =राजा
मणि =जुहारत
पाणि =हात
मुनि =मुनि
यति =जोगी
व्याधि =रोग
सारथि =सवार

---

१ 'मृ' का लट्, लोट्, लङ्, विधिलिङमा आत्मनेपद हुन्छ, अरूमा परस्मैपद ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नपुं०

दधि = दही अक्षि = आंखा वारि = पानी

अभ्यास

नेपालीमा उल्था गर–

कविर्भूपतिम् प्रशंसति। मुनयोऽग्निं वन्दते। नराः पुत्रस्य लाभेन मोदन्ते। औषधस्य सेवनेन व्याधयः क्षयन्ति। मुनयो मोक्षाय यतन्ते। यतिभ्यः [1]श्लाघन्ते मानवाः। गगने सूर्यः प्रकाशते। कपयो वृक्षमुत्पतन्ति। असिना वीरस्य पाणिः शोभते।

संस्कृतमा अनुवाद गर–

(हामी दुई) जोगीलाई दया गर्छौं। गोपाल शत्रुलाई घांस बराबर ठान्दछ। (ती दुई) मिहिनेतले र पराक्रमले धन पाउँछन्। मुनिहरू गरीबलाई दया गर्छन्। कविहरू चेलालाई श्लोक सिकाउँछन्। जुहारत र असल कपडाले शरीर सुहाउँछ। पानीले बीउ उम्रन्छ र बढ्दछ। वीर मानिस शत्रुहरूसँग शेखी गर्छ। डरले शरीर काँप्तछ। सुग्रीव वानरका राजा हुन्। बालक दही रुचाउँछ। कविहरू असल काम शुरु गर्छन्। मानिसहरू दुई आंखाले हेर्दछन्। कविहरू पहाडको बयान गर्छन्। मानिसहरू दुई हातले अग्निलाई ढोग्दछन्। आकाशमा चन्द्रमा प्रकाशित हुन्छन्।

---

१ 'श्लाघ' को प्रयोग भएमा चतुर्थी हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इकारान्त शब्दका पञ्चमीदेखिका प्रत्ययहरू

	ए० व०	द्वि० व०	ब० व०
प०	एः	भ्याम्	भ्यः
ष०	"	ओः	नाम्
स०	औ	"	सु
सं०	×	×	अः
प०	हरेः	हरिभ्याम्	हरिभ्यः
ष०	हरेः	हर्योः	हरीणाम्
स०	हरौ	"	हरिषु
सं०	हे हरे	हे हरी	हे हरयः

१–पञ्चमी, षष्ठी र संबोधनको एकवचनमा शब्दको 'इ' 'ए' हुन्छ ।

२–सप्तमीको एकवचनमा शब्दको 'इ' का ठाउँमा 'अ' हुन्छ ।

जस्तै–हरि+औ=हर्+औ=हरौ ।

नपु० का प्रत्ययहरू र रूप

	ए० व०	द्वि० व०	ब० व०
प०	अः	भ्याम्	भ्यः
ष०	अः	ओ	नाम
स०	इ	"	सु
सं०	×	ई	इ
प०	वारिणः	वारिभ्याम्	वारिभ्यः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ष०	वारिण:	वारिणो:	वारीणाम्
स०	वारिणि	वारिणो:	वारिषु
सं०	हे वारे	हे वारि, वारिणी	हे वारिणि

संबोधनको एकवचनमा शब्दको 'इ' विकल्पले 'ए' हुन्छ।

पुं०

अंगुलि = औंला
अतिथि = पाहुना
अद्रि = पहाड
अधिपति = मालिक
उदधि = समुद्र
कलि = झगडा, कलियुग।
ध्वनि = आवाज
नाभि = नाइटो
सेनापति = फौजको नाइके (जनरल)।
पवि = बज्र
बृहस्पति = देवताका गुरु
रवि = सूर्य
राशि = थुप्रो
व्रीहि = धान
बलि = कुनै दैत्य, दिइने बलि
वह्नि = आगो
विधि = ब्रह्मा, दैव, विधान
ज्ञाति = दाजुभाइ

नपुं०

अस्थि = हाड
रक्षण = रक्षा
शासन = आज्ञा
अंगुलीयक = औंठी

विशेषण

प्रसन्न = खुशी भएको
नानाविध = किसिम-किसिमको
गभीर = गहिरो

परस्मैपद आत्मनेदप दुबै हुनेलाई उभयपदी भन्दछन्।
जस्तै-पच, पचति, पचते।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिलो गणी उभयपदी धातु

ह्वे (ह्वय्) = बोलाउनु, नो (नय) = लैजानु, पच् = पकाउनु, भज् = भजन गर्नु, याच् = माग्नु हृ (हर्) = हर्नु; श्रि (श्रय्) = सेवा गर्नु, धाव = दगुर्नु, वप् = रोप्नु,

छैटौं गणी उ. प.

कृष् = जोत्नु । भ्रस्ज् (भृज्ज्) = भुट्नु । क्षिप् = फ्याँक्नु । लिप् (लिम्प्) = लिप्नु । सिच् (सिञ्च्) = सिंच्नु ।

दशौं गणी उ. प.

पूज् = पूजा गर्नु अर्ज् = कमाउनु भक्ष् = खानु
रच् = बनाउनु कथ् = भन्नु । चिन्त् = चिन्ता गर्नु
चुर् (चोर) = चोर्नु तुल् = (तोल्) = जोख्नु गण = गन्नु
क्षल् (क्षाल) = पखाल्नु तड् (ताड्) = पिट्नु ।
पीड् = पीडा गर्नु

नेपालीमा उल्था गर–

भूपतिः सारथिमाह्वयति । भिक्षुको धनिकं द्रव्यं याचेते । देवा बृहस्पतेः पादौ प्रक्षालयन्ति । मूषका ब्रीहीणां राशिषु चरन्ति । अधिपतेः शासनात्सुवर्णं तोलयन्ति । भृत्या अधिपतेर्गृहं लिम्पन्ति, क्षेत्रं च कर्षन्ति । वारिणा वृक्षान् सिञ्चामः । विधिः सर्वाञ्जनान् रचयति । अतिथिनां रक्षणेन पुण्यमर्जयामः । नृपतीनां सेवका दुर्जनान् ताडयन्ति ।

संस्कृतमा अनुवाद गर–

कविहरू पुस्तक बनाउँछन् । दुई सिपाही जनरलका आज्ञाले दगुर्छन् । खुशी भएको पाहुनाको मनले आसीक दिन्छ । खेतीवालका दुई भाइ धान रोप्तछन् । दुई नोकर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

2

मालिकको भाँडा पानीले पखाल्छन् । बालकहरू तलाउको पानीमा खेल्छन् । पहाडमा किसिम-किसिमका ओखती पाउँछौं । कविहरूमा कालिदास श्रेष्ठ हुन् । ऋषिहरू जुहारतको पनि इच्छा गर्दैनन् । धनीहरूको औंलामा औंठी सुहाउँछ । शरीरमा धेरै हाड हुन्छन् । सूर्य किरणबाट सबैको रक्षा हुन्छ ।

-※-

पाठ २१

'अ' पछाडि हुने स्त्रीलिङ्गमा रहने शब्दका प्रत्ययहरू

	एकवचन	द्विवचन	बहुवचन
प्र.	×	इ	अः
द्वि.	अम्	"	"
तृ.	आ	भ्याम्	भिः
च.	ए	"	भ्यः
प.	अः	"	"
ष.	अः	ओः	नाम्
स.	आम्	"	सु
सबो.	इ	इ	अः

तृतीयाको एकवचन, षष्ठी र सप्तमीको द्विवचनमा शब्दको आ ए हुन्छ; जस्तो— रमा+आ=रमे+आ=रमया ।

चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमीको एकवचनमा शब्दको र प्रत्ययको बीचमा या थप्निने हुन्छ; जस्तै— रमा+ए+रमा +या+ए=रमायै ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकवचनमा		द्विवचन	बहुवचन
प्र.	रमा	रमे	रमाः
द्वि.	रमाम्	"	"
तृ.	रमाया	रमाभ्याम्	रमाभिः
च.	रमायै	रमाभ्याम्	रमाभ्यः
प.	रमायाः	"	"
ष.	"	रमयोः	रमाणाम्
स.	रमायाम्	"	रमासु
संबो.	हे रमे	हे रमे	हे रमाः

पुं०

आधार = आधार
अभ्युदय = बढ्ती
सन्देश = खबर
देश = देश

स्त्री०

अङ्गना = आइमाई
अयोध्या = कुनै शहर
आज्ञा = आज्ञा, मर्जी, हुकूम
कथा = कथा, पुरानो कुरा
कन्या = विहा नगरेको छोरी
कला = सीप
क्षमा = सहनु
प्रजा = सन्तान, दुनियाँ
भार्या = स्वास्नी
माला = माला
तारा = तारा
प्रभा = उज्यालो
पूजा = पूजा, मान
लज्जा = लाज
लता = लहरा
शोभा = शोभा
क्रीडा = खेल्नु
चिन्ता = पीर
जरा = बुढ्याइँ
देवता = देउता
पाठशाला = पाठशाला
वृद्धा = बूढी
व्यथा = तकलीफ
तृष्णा = तिर्सना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाया = छहारी　　　　रथ्या = सडक
निशा = रात　　　　घृणा = घिन
शिला = ढुङ्गा　　　　शाखा = हाँगा
आशा = आस　　　　श्रद्धा = श्रद्धा (सर्धा)

नपुं०

नृत्य = नाच　　　　धैर्य = धीरता
अपत्य = सन्तान　　　　भूषण = गहना
उपवन = बगैंचा　　　　सोपान = भऱ्याङ
मौक्तिक = मोती　　　　नैपुण्य = सिपालुपना

अव्यय

पुरस्तात् = अगाडि　　　　अधुना = अहिले
कदा = कहिले　　　　प्रायः = धेरैजसो

३ य गणी (जुहोत्यादि) उभयपदी

[उपसर्गले धातुको अर्थ बदलिदिन्छ]

[1]धा = धारणा गर्नु　　　　परि+धा = पैह्रनु
वि+धा = गर्नु　　　　नि+धा = राख्नु
(अ) पि+धा = ढाक्नु　　　　सं+धा = जोर्नु
अभि+धा = भन्नु

१ म ग० उभयपदी

गम्+गम् = मिल्नु　　　　अप्+नी = हटाउनु
परि+नी = बिहा गर्नु

४ र्थ ग० आत्मनेपदी

अनु+रुध् = आज्ञा मान्नु

१ दधाति	धत्तः	दधति
दधासि	धत्थः	धत्थ
दधामि	दध्वः	दध्मः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१० म ग. आत्मनेपदी

मृग =खोज्नु

नेपालीमा उल्था गर–

अङ्गना उद्याने क्रीडन्ति । (वयं) कन्यां पुरस्तात् पश्यामः । प्राज्ञाः क्षमामाचरन्ति । भूपतिरपत्यमिव प्रजां त्रायते । सूर्यस्य प्रभा गगनं भूषयति । कलानां नैपुण्येन देशस्याऽभ्युदय जायते ।

संस्कृतमा अनुवाद गर–

गङ्गा समुद्रसँग मिल्छिन् । सहनु वीर मानिसको गहना हो । लहराहरू रूखको हाँगा छुन्छन् । मूर्ख लाज र घिन मान्दैन । (हामी दुई) बगैंचाको शोभा हेर्दछौं । (तिमी दुई) बाबुको आज्ञा मान्दछौ । रामको कथा सुन्दछु । क्षत्रियहरू देवतालाई बलि दिन्छन् । बूढचाइँले शरीरको शोभा नाश हुन्छ । सुखको आशाले सधैंका साथ देवताको पूजा गर्दछन् । गङ्गादेखि शहर दुई कोस पर छ । सडकमा घोडाहरू दौडन्छन् । तिर्सनाले बूढी धेरैजसो दुःख पाउँछे । रूखको छहारीमा बटुवाहरू बस्तछन् । खराब बालकहरू वेकसूरमा चराहरूलाई मार्दछन् । राम शिवदासको छोरीसँग विहा गर्छ । रातमा ताराहरू प्रकाश हुन्छन् । लहराहरू रूखको आधार खोज्छन् । दुनियाँ राजाको आज्ञा मान्छ ।

※

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ २२

दीर्घ ईकारान्त स्त्रीलिङ्गका प्रत्ययहरू र रूप

	ए. व.	द्वि. व.	ब. व.
प्र.	×	औ	अः
द्वि.	म्	अ	अः
तृ.	आ	भ्याम्	भिः
च.	ऐ	,,	भ्यः
प.	आः	,,	,,
ष.	,,	ओः	नाम्
स.	आम्	,,	सु
संबो.	×	औ	अः

संबोधनको एकवचनमा शब्दको ई ह्रस्व हुन्छ ।

प्र.	नदी	नद्यौ	नद्यः
द्वि.	नदीम्	नद्यौ	नदीः
तृ.	नद्या	नदीभ्याम्	नदीभिः
च.	नद्यै	,,	नदीभ्यः
प.	नद्याः	,,	,,
ष.	,,	नद्योः	नदीनाम्
स.	नद्याम्	,,	नदीषु
स.	हे नदि	हे नद्यौ	हे नद्यः

पुं.

गायक = गवैया
निशाचर = राक्षस
प्रवाह = छाल
कलह = झगडा
रय = वेग
अवचय = जम्मा गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्री.

अरुन्धती = वशिष्ठकी स्त्री

कुमारी = केटी (विवाह नभएकी)

नटी = नचुवी

पत्नी = स्वास्नी

साध्वी = पतिव्रता

देवी = देवी

कदली = केरा

रजनी = रात

आमलकी = अमला

पुरी = शहर

महाराज्ञी = महारानी

मालती = चमेली

वाराणसी = काशी

लेखनी = कलम

बाटी = बारी

पुत्री = छोरी

इन्द्राणी = इन्द्रकी स्त्री

सहचरी = संगिनी

अवन्ती = उज्जयिनी राजधानी भएको देश

जननी = आमा

नारी = आइमाई

राजधानी = मूल शहर

कौमुदी = जून

लक्ष्मी = लक्ष्मी

हस्तिनी = ढोई

नाडी = नसा

नदी = नदी

वापी = कूवा

दासी = नोकर्नी

तरुणी = तरुनी

पुष्करिणी = पोखरी

भगिनी = बहिनी

शाटी = सारी

सपत्नी = सौता

मही = पृथ्वी

[1]वर्षा = वर्षा ऋतु अर्थात् साउन भदौ

नपुं.

विश्व = जगत्

नाटक = नाटक (ठेटर)

---

१ यो शब्दको बहुवचनमा मात्र प्रयोग हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यय

अतीव = ज्यादा | सदा = सधैं
समन्ततः = वरिपरि

८ म गणी (तनादि) गर्न अर्थ भएको कृ धातुको लट्को रूप-

करोति	कुरुतः	कुर्वन्ति
करोषि	कुरुथः	कुरुथ
करोमि	कुर्वः	कुर्मः

१० म गणी० उ० प०

आ + ह्लाद् = आनन्द गराउनु | धृ = धारणा गर्नु
नि + विद् = चढाउनु

अभ्यास

नेपालीमा उल्था गर-

पुत्री जननीमाह्वयति । (वय) कुमार्यौ पश्यामः । ग्रामे वाप्यो वर्तन्ते । नाटकस्याऽऽरम्भे सूत्रधारो नटीमाह्वयन्ति । माली मालां कण्ठे धारयति । नारी क्रोधात् भगिन्यै द्रुह्यति । देवी भक्तेभ्यो धनं प्रयच्छति । कवयोऽवन्तीम् वर्णयन्ति । रजन्यां चन्द्रस्य कौमुदी जनानाह्लादयति ।

संस्कृतमा अनुवाद गर-

पृथ्वी सधैं घुम्दछिन् । वर्षामा नदीको पानी बेगले बग्दछ । छोरी देवीलाई फल चढाउँछे । हात्ती ठूला तलाउको पानीमा ढोईसँग खेल्दछ । तीर्थको लागि मानिसहरू काशी जान्छन् । नेपालको मूल शहर काठमाडौं हो । पाठशालाको अगाडि रानीपोखरी छ । पतिव्रताहरूमा अरुन्धती श्रेष्ठ हुन् । आमा छोराको कल्याणमा खुशी हुन्छे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आइमाईहरू कुवाबाट गाग्रोमा पानी ल्याउँछन् । बहिनी कलमले लेख्तछे । शरीरमा धेरै नसा हुन्छन् । रूखका हाँगामा अमलाहरू फल्दछन् । पृथ्वीमा राम्रा देशहरू छन् । आमाको छोरीमा ज्यादा प्रेम हुन्छ ।

पाठ २३

भइसकेकोलाई भूतकाल भन्दछन् । सो बुझिएमा लङ हुन्छ ।

परस्मैपदी धातुका लङका प्रत्ययहरू—

	एकवचन	द्विवचन	बहुवचन
प्र.	त्	ताम्	न्
म.	:	तम्	त
उ.	म्	व	म

लङमा अच् आदिमा हुने धातुको अगाडि 'आ' र हल् अगाडि हुने धातुको 'अ' हुने हुन्छ । यसमा पनि जुन गणको धातु छ, उसैको चिह्न 'अ' इत्यादि, धातु र प्रत्ययको बीचमा हुन्छ । लट्‌को जस्तो उ. पु. को द्वि. र बहु. मा 'म' अगाडिको अ आ हुन्छ । जस्तै—

अभवत्	अभवताम्	अभवन्
अभवः	अभवतम्	अभवत
अभवम्	अभवाव	अभवाम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुं०

आम्रवृक्ष = आंपको रूख
उलक = लाटोकोसेरो
कीट = कीरा
गोप = गौठालो
चित्रकूट = कुनै पहाड
पिञ्जर = पिंजडा
माणवक = बालख
पौष = पुस
मारुत = हावा

जलद = बादल
वैशाख = वैशाख
ज्येष्ठ = जेठ
आषाढ = असार
वत्स = बाच्छो
रव = आवाज
देवर = देवर
श्रावण = साउन
मार्ग = बाटो

स्त्री.

वसुधा = पृथ्वी
मदिरा = रक्सी
पिपीलिका = कमिला
असारत = सार नहुनु

मक्षिका = झीङ्गा
बालुका = बालुवा
भ्रातृजाया = भाउज्यू
मञ्जरी = मुजुरा

नपुं.

रणक्षेत्र = लडाइंको मैदान
गोष्ठ = गोठ
सञ्चालन = चल्नु
स्थान = ठाउं
चरण = पाउ

ग्रथन = गांथ्नु
[1]शव = मुर्दा
श्मशान = मसान
उदर = पेट
रुधिर = रगत

१ पुंलिङ्गमा पनि रहन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२1६५

महानस = भान्सा
पायस = खीर
तीर = किनारा
छत्र = छाता

अव्यय

प्राक् = पहिलो
चिरम् = धेरै बेर
इतः = यताबाट, यता
ह्य = हिजो

केही लङ्का रूपहरू—

दा–अददात = दियो ।
दण्ड्–अदण्डयत् = सजाइँ गऱ्यो ।
त्रस्–अत्रस्यत् = तर्स्यो ।
नी–अनयत् = लग्यो ।
रक्ष्–अरक्षत् = रक्षा गऱ्यो ।
हस्–अहसत् = हाँस्यो ।
पत्–अपतत् = खस्यो ।
गम्–अगच्छत् = गयो ।
शुष्–अशुष्यत् = सुक्यो ।
नृत्–अनृत्यत् = नाच्यो ।
भक्ष्–अभक्षयत् = खायो ।
पच्–अपचत् = पकायो ।
भू–अभवत् = भयो ।
धाव्–अधावत् = दौड्यो ।
वस्–अवसत् = वस्यो ।
तुष्–अतुष्यत् = खुशी भयो ।
गण्–अगणयत् = गन्यो ।
स्पृह–अस्पृहयत् = इच्छा गन्यो ।
पा–अपिबत् = पियो ।
विश्–अविशत् = पस्यो ।
क्रीड्–अक्रीडत् = खेल्यो ।
ग्रह्–अगृह्णात् = समात्यो ।
दृश्–अपश्यत् = देख्यो ।
स्था–अतिष्ठत् = रह्यो ।

१० म गणी चुरादि उ. प.

दण्ड = सजाइँ गर्नु

३ य जुहोत्यादि उ. प.

[1]दा = दिनु
आ + दा = लिनु ।

---

१ ददाति	दत्तः	ददति
ददासि	दत्थः	दत्थ
ददामि	दद्वः	दद्मः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीमा उल्था गर–

(वयं) वृक्षस्य छायायां वसामः । कीटा गङ्गाया जलेऽ[1]पतन् । जनकस्य दूता अयोध्यामागच्छन् । सुजना मित्राणामभ्युदयेऽतुष्यन् । (वयं) निस्कानगणयाम । राम ऋषीणामाशीर्वादायाऽस्पृहयत् । रात्रो चौरा गृहेऽविशन् ।

संस्कृतमा अनुवाद गर–

[2]राजाले चोरलाई सजाई गरे । कमिलाका खुट्टा साना हुन्छन् । (तिमीले) झूटो बोल्यौ ? आइमाईको मन बाघको आवाजले तर्स्यो । गोठालाहरूले बाच्छोलाई गोठमा लगे । देवरले भाउज्यूलाई रक्षा गरे । असारमा धेरै बेर पानी पर्‍यो । हिजो राती लाटोकोसेरोले रुखमा कागलाई समात्यो । धनीले सज्जनलाई असर्फी दिए । जेठमा तलाउहरू सुके । साउनमा मुजूरहरू नाचे । समुद्रबाट बादलहरू आए । कोइलीले आँपको मुजुरा खायो । स्त्रीहरूले भान्सामा खीर पकाए । पृथ्वीमा पहिले ठूला–ठूला राजाहरू भए । बाबुले छोराहरूलाई रुपियाँ दिए । वैशाखमा नदीका किनाराका बालुवामा कीराहरू दौडे ।

पाठ २४

आत्मनेपदी धातुका लङ्का प्रत्ययहरू—

	ए. व.	द्वि. व.	बहु. व.
प्र.	त	इताम्	अन्त

१ पदका अन्त्यमा रहेका ए अथवा ओदेखि पर रहेको अ को लोप भई ऽ को चिह्न रहन्छ ।

२ सकर्मक धातुको भूतकालमा प्रथमान्त कर्ता हुनेमा पनि भाषामा ले रहने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	बहु. व.
म.	थाः	इथाम्	ध्वम्
उ.	इ	वहि	महि

जस्तै —

	ए. व.	द्वि. व.	बहु. व.
प्र.	अलभत	अलभेताम्	अलभन्त
म.	अलभथाः	अलभेथाम्	अलभध्वम्
उ.	अलभे	अलभावहि	अलभामहि

पुं.

अध्यक्ष = हाकिम
महिष = रांगो
ग्रन्थ = किताब
मुष्टि = मूठी
लेखक = लेख्ने मानिस
परिश्रम = मिहिनेत
विवाह = बिहे
भारवाह = भरिया
केशपाश = चुल्ठो
प्राकार = पर्खाल
यव = जौ
पण = पैसा
मालाकार = माली
स्वगुण = आफ्नो गुण

स्त्री.

सभा = सभा
उपकार्या = पाल
वेश्या = रण्डी
कर्तरी = कैंची
घटिका = घडी
मुक्ता = मोती

नपुं.

बाल्य = बालख अवस्था
सङ्कट = संकट
भाण्ड = भांडा
मूल्य = मोल
दैन्य = दरिद्रता, जिग्दारी
यौवन = जवानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माणिक्य = माणिक
व्यजन = पङ्खा
वीर्य = पराक्रम, बहादुरी
अधिकरण = अड्डा

छैटौं गणी (तुदादि) परस्मैपदी

स्फुर् = फुर्नु
कृत्-कृन्त = काट्नु
प्र + स्फुर् = फरफराउनु

१ म ग. (भ्वादि) आत्मनेपदी

वि + स्मि = अचम्म हुनु
स्रस् = खस्नु
वि + लोक् = हेर्नु
क्षम् = सहनु
उद् + डी = उड्नु

१० म. ग. चुरादि उ. प.

सान्त्व = फुल्याउनु

अभ्यास

नेपालीमा उल्था गर—

अध्यक्षस्य क्रोधा[1]ल्लेखकानां हृदयमवेपत । मालाकारा मालाया प्रथनमारभन्त । अध्यक्षोऽधिकरणे घटिकां व्यलोकत । सोमेश्वरापृथ्वीराजोऽजायत । भक्तः सङ्कष्टे देवीमसेवत ।

संस्कृतमा अनुवाद गर—

गरीबहरूले दिग्दारीले र आशाले धनीको मुख हेरे । (तिमीले) सर्धाका साथ देवीको पूजा गऱ्यौ । (तिमी दुईले) कैंचीले नङ काट्यौ । सिपाहीहरूदेखि चोरहरू काँपे । बुद्धिमान्हरूले बडो जतनले भाषाको तत्व बुझे । श्रीहर्ष कविले बालख अवस्था-

१ तवर्गदेखि 'छ' पर छ भने सो तवर्गका ठाउंमा पनि 'ल्' नै हुन्छ, न् छ भने ता अनुनासिक 'ल्' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखि नै श्लोकहरू बनाए। आकाशमा चराहरू उडे। जोगीहरूले मोक्षको निम्ति उद्योग गरे। सज्जन मालिकले नोकरको अपराधलाई सह्यो। (तिमी दुईले) उद्योगले पैसा पायौ। महाराजको दरबारको अटालीमा ध्वजा फरफरायो। कविले राम्रा ग्रन्थ बनाए। (हामी दुईले) भगवतीसँग धन माग्यौं। मूर्ख केटाको शरीर मात्र बढ्यो, ज्ञान बढेन। (तिमी दुईले) पिंजडाबाट सुगा छोड्यौ। (हामी दुईले) दुई आइमाईलाई फुल्यायौं। मूर्खहरूले सभामा आफ्नो गुण बताए। आइमाईको चुल्ठोबाट फूलहरू खसे।

पाठ २५

पुं.

उपदेश = अर्ती
भ्रम = भूल
शिल्पकार = कालिगड
समूह = थुप्रो
पान्थ = बटुवा
अमात्य = मन्त्री
चूत = आँप
जय = जित

स्त्री.

प्राची = पूर्व
प्रतीची = पश्चिम
अवधीरण = हेला
जिह्वा = जिभ्रो

नपुं.

ग्रहण = लिनु, ग्रहण
जाल = जाल
दुष्कृत = खराब काम, पाप
परिधानीय = ओढ्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन = देख्नु
संग्रहण = पक्रनु

यन्त्र = जन्त्र, मिशिन
लाङ्गल = पुच्छर

विशेषण

अन्य = अर्को
शीत = चीसो
नव = नयाँ
निर्मल = सफा
पीत = पहेँलो
दुर्बल = दुब्लो
कठोर = कडा
कृश = दुब्लो
कोमल = कमलो
गौर = गोरो
गम्भीर = गहिरो
लुब्ध = लोभी
क्षुधित = भोकाएको
सूक्ष्म = मिहीन
दक्षिण = दाहिने
चतुर = चलाक
पवित्र = चोखो
उज्वल = उज्यालो
कषाय = टर्रो
पुराण = पुरानो
कृष्ण = काल्लो

तिक्त = तीतो
नम्र = नुहेको
उष्ण = तातो
उन्नत = अग्लो
प्रिय = प्यारो
कठिन = कडा, गाह्रो
भग्न = भाँचिएको
मधुर = गुलियो
मलिन = मैलो
सुन्दर = राम्रो
परीक्षक = जाँचको
मिष्ट = मीठो
नष्ट = बिग्रेको
स्पष्ट = छर्लङ्ग, साफ
हरित = हरियो
श्वेत = सेतो
अम्ल = अमिलो
कुटिल = बाङ्गो
तीक्ष्ण = तीखो
रक्त = रातो
नील = नीलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यय

सायम = साँझ
दिवानिशम् = रातदिन
वृथा = सित्तैं
मिथः = परस्पर
पुरः = अगाडि

अभ्यास

नेपालीमा उल्था गर-

चतुरो नृपस्तीक्ष्णेन शस्त्रेण दुष्टानहन् । कुशलाः पान्था अन्यैः पथिकैः सह कलहं न कुर्वन्ति । अज्ञाः शास्त्रोपदेशस्याऽवधीरणां विदधति । विशालेषु कुलेषु सुन्दराः पुरुषा अजायन्त । परीक्षकाः श्रेष्ठेभ्यो बालकेभ्यो बहूनङ्कान् वितरन्ति ।

संस्कृतमा अनुवाद गर-

तिमीहरूले हाम्रो पक्षनलाई दिनरात उद्योग गर्‍यौ । खेतमा खेतीवालका स्त्रीहरूले बीउ रोपे । नुहेका स्त्रीहरूले पुरुषको अगाडि लाज माने । नयाँ मानिसहरूले सित्तैं पुराना बूढाहरूलाई ठट्टा गरे । भोकाएका मीतलाई (हामी दुईले) छाडेनौं । भाँचिएका पिंजराबाट सुगाहरू उडे । बालक र स्त्रीहरूले अमिलो फललाई रुचाए । दुई पुरुषले पाहुनाको सत्कार गरें । ठूलो हावाले अग्ला रूखहरू लडे । विद्या र गुणले नराम्रो मान्छे पनि राम्रो हुन्छ । शत्रुलाई जित्नाले (तिमीहरूले) धेरै धन पायौ । चेलाहरूले गुरुको पाउमा ढोगे । असल बाबुहरूले प्यारो छोराको पनि खराब काम रुचाएनन् । आजकाल मिसिनबाट सबै काम सिद्ध हुन्छन् । गङ्गाको जल मीठो, सफा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र पवित्र पनि छ । बगैंचाको आँपको रूखमा अगाडि टर्रा र अमिला फल फले । सिपालु मानिसले राता, नीला, पहेंला, हरिया र सेता कपडा बनायो । कविहरूले परदेशमा पनि विद्याले ठूलो मान पाए ।

पाठ २६

'उ' पछाडि हुने शब्दको पनि 'इ' पछाडि हुनेको जस्तै प्रत्ययहरू हुन्छन्, तर रूपहरूमा इ, ई, ए, य् हुने ठाउँमा प्रायः क्रमैले उ, ऊ, ओ, व् हुन्छ ।

	ए. व.	द्वि. व.	ब. व.
प्र.	गुरुः	गुरू	गुरवः
द्वि.	गुरुम्	"	गुरून्
तृ.	गुरुणा	गुरुभ्याम्	गुरुभिः
च.	गुरवे	"	गुरुभ्यः
पं.	गुरोः	"	"
ष.	"	गुर्वोः	गुरूणाम्
सं.	गुरौ	"	गुरुषु
संबो.	हे गुरो	हे गुरू	हे गुरवः

नपुंसकको अगाडि प्रत्ययको अगाडि 'न' थपिन्छ । संबोधनको एकवचनमा नपुंसक इकारान्तको जस्तै 'उ' गुण हुने र नहुने हुँदा दुईरूप हुन्छन् ।

	ए. व.	द्वि. व.	ब. व.
प्र.	मधु	मधुनी	मधूनि
द्वि.	मधु	मधुनी	मधूनि
तृ.	मधुना	मधुभ्याम्	मधुभिः
च.	मधुने	मधुभ्याम्	मधुभ्यः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
पं.	मधुनः	मधुभ्याम्	मधुभ्यः
ष.	मधुनः	मधुनोः	मधूनाम्
स.	मधुनि	मधुनोः	मधुषु
संबो.	हे मधो, हे मधु !	हे मधुनी	हे मधूनि

पुं.

इन्दु = चन्द्रमा

इषु = वाण

तरु = रूख

परशु = बञ्चरो

पांशु = धूलो

प्रभु = मालिक

बाहु = बायाँ, हात

सिन्धु = समुद्र

मृत्यु = काल

बन्धु = दाजुभाइ

विघ्न = उपद्रो, विघ्न

कमण्डलु = कमण्डलु

पशु = पशु

बिन्दु = थोपो

मनु = मनु

वायु = हावा

जन्तु = जनावर

शत्रु = दुश्मन

शम्भु = महादेव

शिशु = बालख

हेतु = कारण

स्थाणु = ठुटो

सक्तु = सत्तु

अपकार = बिगार

चञ्चु = चुच्चो

इक्षु = उखु

स्त्री.

शर्करा = चीनी

सेना = फौज

नपु

तालु = च्यापु

वसु = धन

अश्रु = आंसु

वस्तु = माल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानु = घुँडा
सन्मान = मान

श्मश्रु = दाह्रीजुङ्गा
मधु = मह

विशेषण

दयालु = दया गर्ने
शयालु = सुताहा
आतुर = बिरामी
बहु = धेरै

स्वादु = स्वादिलो
पङ्गु = लँगडो
साधु = सज्जन
कटु = पिरो

५ म ग. स्वादि परस्मैपदी

शक् = सक्नु

१ म (भ्वादि) गणी उभयपदी

भृ = भर्नु

अभ्यास

नेपालीमा उल्था गर—

शिशुः पठनाय पाठशालामगच्छन् । लोको विष्णुमपूजयत् । इषवः शत्रूणां बाहूनकृन्तन् । भीमः शत्रुणा सह रणक्षेत्रेऽयुध्यत । बान्धवा विघ्नस्य हेतोः कार्यमारभन्त । भ्रमरः पुष्पेभ्यो मधु समानयति । वायुः कृष्णाम्मेघानक्षिपत् । शम्भुर्विश्वस्य प्रभुः । दयालुर्दरिद्रेभ्यो वस्तून्यददात् ।

---

५ म गणी धातुको र प्रत्ययको बीचमा 'नु' हुन्छ र गुण हुँदा 'नो' हुन्छ । जस्तै–

ए. व.	द्वि. व.	ब. व.
शक्नोति	शक्नुतः	शक्नुवन्ति
शक्नोषि	शक्नुथः	शक्नुथ
शक्नोमि	शक्नुवः	शक्नुमः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

समुद्रमा धेरै जल-जन्तुहरू हुन्छन् । गुरुलाई मान्नु शिष्यको ठूलो धर्म हो । सज्जनहरू अर्काको बिगार गर्दैनन् । काग चुच्चोले मुर्दाको मासु लुछ्तछ । सुताहाहरू उद्योग गर्दैनन्, धन र विद्या पनि पाउँदैनन् । बालकको आँखाबाट आँसु चुह्यो । गरीबहरू सत्तु राख्तछन् । मनुले ऋषिहरूलाई धर्म बताए । वेपारी उखुबाट चीनी बनाउँछ । वनमा रूखका ठुटाहरू धेरै हुन्छन् । लंगडो घुँडा जमीनमा राख्दछ र सर्दछ । फौज पनि हिंड्यो, आकाशमा धेरै धूलो पनि उड्यो । पुरुषको दाहिने हात फरफराउनाले कल्याण हुन्छ । बयालुले बञ्चरोले रूख काटेन । बादलबाट जलका थोपा खसे । रूखका छहारीमा बटुवाहरू बसे ।

★

पाठ २७

ऋ पश्चादि हुने शब्दका प्रत्ययहरू—

	ए. व.	द्वि. व.	ब. व.
प्र.	+	औ	अः
द्वि.	अम्	औ	न्
तृ.	आ	भ्याम्	भिः
च.	ए	"	भ्यः
पं.	+	"	"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
ष.	+	ओः	नाम्
स.	इ	ओः	सु
संबोधन—	+	औ	अः

१. प्रथमाका सबै वचनमा र द्वितीयाको १ र २ वचनमा 'ऋ' को ठाउँमा 'आर्' हुन्छ ।

जस्तै-धातृ+औ, धातार्+औ=धातारौ

२. पितृ-इत्यादिशब्दको चाहिं 'अर्' हुन्छ ।

जस्तै- पितृ+औ=पितरौ । प्रथमाको एकवचनमा 'र' को लोप हुन्छ ।

३. पञ्चमीको र षष्ठीको 'ऋ' को 'उर्' हुन्छ । सप्तमी र सम्बोधनको एकवचनमा 'ऋ' का ठाउँमा 'अर्' हुन्छ । 'न्' र 'नाम्' अगाडिको 'ऋ' दीर्घ हुन्छ । जस्तै-

	ए. व.	द्वि. व.	ब. व.
प्र.	नेता	नेतारौ	नेतारः
द्वि.	नेतारम्	नेतारौ	नेतॄन्
तृ.	नेत्रा	नेतृभ्याम्	नेतृभिः
च.	नेत्रे	"	नेतृभ्यः
पं.	नेतुः	"	"
ष.	"	नेत्रोः	नेतॄणाम्
स.	नेतरि	नेत्रोः	नेतृषु
सम्बो.	हे नेतः	हे नेतारौ	हे नेतारः

पुं.

जमातृ=जुवाइँ नप्तृ=नाति

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवृ = देवर
धातृ = ब्रह्मा
नृ = मानिस
भ्रातृ = भाइ
[1]कुरु = कुनै देश
निर्बन्ध = आग्रह, ढिपी
मद = मात
द्विज = ब्राह्मण, चरा, दाँत

पितृ = बाबु
आर्य = आर्य जाति (पूज्य)
कलङ्क = दाग
कार्पास = कपास
पात = खस्नु
पितृव्य = काका
विभव = धन

स्त्री.

अनुज्ञा = आज्ञा
वाञ्छा = इच्छा
उत्कण्ठा = औताउनु
स्नुषा = बुहारी
तृषा = तिर्खा

कृतज्ञता = गुन सम्झनु
कृपा = दया
वार्ता = कुरा
अवज्ञा = हेलां

नपुं.

कारुण्य = दया
शाठ्य = मुर्ख्याइँ
नामधेय = नाम
सेवन = टहल

तिमिर = अँध्यारो
पथ्य = पथ्य (फाइदा गर्ने)
कलुष = पाप

विशेषण

अप्रिय = मन नपरेको
अलङ्घनीय = नाघ्न नसकिने

अलभ्य = पाउन नसकिने
निशित = तीखो

---

१ बहुवचन प्रयोग हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तनु = सानो
भोक्तृ = खाने
हितकर = हित गर्ने
रक्षितृ = रक्षा गर्ने
कर्तृ = गर्ने
मुख्य = मुख्य
अभिनव = ताजा
गन्तृ = हिंड्ने
भक्तृ = भन्ने
योद्धृ = लडाका
श्रोतृ = सुन्ने

१ म गणी (भ्वादि) आत्मनेपदी

परा + अय्–पलाय् = भाग्नु
लङ्घ् = नाघ्नु

१० म

प्र + अर्थ–प्रार्थ = प्रार्थना गर्नु

अभ्यास

नेपालीमा उल्था गर–

(अहं) ग्रन्थस्य कर्तु रेकं पुस्तकम् लभे। दातृषु पूर्वं कर्णस्य नामागणयन्। इन्दोर्विम्बं शुक्लपक्षे वर्धते। भ्रातुरनुज्ञया मनुं प्रार्थयत्। विधातुर्विश्वमजायत। नारो भर्तुर्वार्तामलभत। प्रायो विभवेन नृणामलभ्या वाञ्छाऽपि सिद्धयति।

संस्कृतमा अनुवाद गर–

बाबु र काकाहरूको टहल गर्नु छोराहरूको धर्म हो। ब्रह्माको आज्ञा नाघ्न नसकिने हुन्छ। लडाकाहरूबाट राजाको उत्साह बढ्दछ। देवरहरूले भाउज्यूको खबर भने। गरीब मानिसलाई भाइहरू पनि हेला गर्दछन्। ताजा र पथ्य खानेदेखि रोगहरू भाग्दछन्। घाममा हिंड्नेलाई तिर्खाले दुःख दिन्छ। साना मानिसहरू मुख्याइँले अँध्यारोमा पनि दौडन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामी दुईले छोरीलाई जुवाइँको घर पठायौं । उत्साहले नपाइने माल संसारमा छैन । असल छोरी बुहारीहरू घरको शोभा बढाउँछन् । भाइको असल कुरा सुन्नाले मन शान्त भयो । वनमा देवर लक्ष्मणले भाउज्यू सीतालाई प्रार्थना गरे ।

★

पाठ २८

स्त्री. इ, उ

'इ' र 'उ' पछाडि हुने स्त्रीलिङ्ग शब्दका प्रत्ययहरू पुंलिगकै जस्ता हुन्छन्, तर तृतीयाको एकवचनमा 'आ' हुन्छ, 'ना' हुँदैन, फेरि द्वितीयाको बहुवचनमा 'स्' हुन्छ, 'न्' हुँदैन। यो 'स्' अगाडिको इ, उ दीर्घ हुन्छ । चौथी, पञ्चमी, षष्ठी, सप्तमीको एकवचनमा पुं. को जस्तो १ रूप र इकारान्त स्त्रीलिङ्गको जस्तो प्रत्यय हुँदा १ रूप गरी जम्मा दुई रूप हुन्छन् । जस्तै–

	एकवचन	द्विवचन	बहुवचन
प्र.	मतिः	मती	मतयः
द्वि.	मतिम्	"	मतीः
तृ.	मत्या	मतिभ्याम्	मतिभिः
च.	मत्यै, मतये	"	मतिभ्यः
प.	मत्याः, मतेः	"	"
ष.	" "	मत्योः	मतीनाम्
स.	मत्याम्, मतौ	"	मतिषु
सं.	हे मते	हे मती	हे मतयः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उकारान्त स्त्रीलिङ्ग 'धेनु' शब्द

	ए. व.	द्वि. व.	ब. व.
प्र.	धेनुः	धेनू	धेनवः
द्वि.	धेनुम्	"	धेनूः
तृ.	धेन्वा	धेनुभ्याम्	धेनुभिः
च.	धेन्वै, धेनवे	"	धेनुभ्यः
प.	धेन्वा, धेनोः	"	"
ष.	" "	धेन्वोः	धेनूनाम्
स.	धेन्वाम्, धेनौ	"	धेनुषु
सं.	हे धेनो	हे धेनू	हे धेनवः

सबै उकारान्त स्त्रीलिङ्ग शब्दहरूका रूप यस्तै हुन्छन् ।

पुं.

आँग्ल = अंग्रेज
लोभ = लोभ
परिणाम = आखिर, नतीजा
शूद्र = (चौथो जाति)
पिण्ड = डल्लो, श्रद्धाले दिइने भात आदिको पिण्ड, सन्निधि = नजीच

स्त्री.

अनुरक्ति = प्रेम
निन्दा = हेला
आँग्ल-भूमि = इङ्गल्याण्ड
कान्ति = कान्ति
कीर्ति = जस
दुष्कृति = खराब काम
गति = हिँडाइ
धृति = धैर्य
नीति = नीति
प्रकृति = स्वभाव, प्रकृति
प्रीति = प्रेम
बुद्धि = बुद्धि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्ति = भक्ति
गुहा = गुफा
मुक्ति = मोक्ष
मूर्ति = मूर्ति
बसति = बस्ती
स्तुति = स्तोत्र
रति = प्रेम, रमाउनु, कामपत्नी
रात्रि = रात
सृष्टि = सिर्जना

भूति = सम्पत्ति
भूमि = भुइं
जाति = जात
स्मृति = सम्झनु, धर्मशास्त्र
श्रुति = वेद, सुन्नु
धेनु = दूध दिने गाई
रज्जु = डोरी
वृत्ति = रहनु, जीविका
निद्रा = नींद

नपुं.

दान = दिनु
भारतवर्ष = हिन्दूस्तान

शौर्य = पराक्रम
वदन = मुख

विशेषण

निपुण = सिपालु
मृत = मरेको

पर = ठूलो, अर्को
धीर = धीर (धैर्यवान्)

१० म ग. परस्मैपदी

प्रथ् = प्रख्यात गर्नु

प्री–प्रीण् = खुशी तुल्याउनु

अभ्यास

नेपालीमा उल्था गर–

हरिदासः स्वदेशस्याऽनुरक्त्या कृषिवृत्तिमप्रथयत् । नृपतेरमात्या नीतौ निपुणा अवर्तन्त । स्मृतिषु मनोः कृतिः श्रेष्ठा । आङ्ला आङ्ल भूमेर्भारतवर्षमागच्छन् । प्रयागस्य सन्निधौ गुहायां देवतानां मनोहरा मूर्तयः सन्ति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

असल कामले मानिसको जस प्रख्यात भयो । धीरहरू दुःखमा धैर्य छोड्दैनन् । राजा दिलीपले वशिष्ठकी गाईलाई रक्षा गरे । मूर्खका कामहरू आखिरमा दुःखका खानी हुन्छन् । लोभले सज्जनको पनि बुद्धि नाश हुन्छ । स्वभावैले क्षेत्रियहरू पराक्रम गर्ने हुन्छन् । नेपालका स्त्रीहरू स्वभावैले सोझा र राम्रा छन् । ठूलोमा प्रम गर्नुलाई भक्ति भन्दछन् । अपजस खराब कामको परिणाम हो । धैर्य मानिसको ठूलो गहना हो । गुरुहरू बदमाश लडकालाई पिट्दछन् । सानामा गरिने प्रेमलाई स्नेह भन्छन् ।

★

पाठ २९

उकारान्त शब्दका प्रत्ययहरू ईकारान्तका जस्तै हुन्छन्; तर इ, ई, य हुने ठाउँमा उ, ऊ, व हुन्छन् । प्रथमाका एकवचनमा विसर्ग हुन्छ । ऋ पछाडि हुने स्त्रीलिङ्ग शब्दका प्रत्यय र रूप सबै पुंलिङ्गकै जस्ता हुन्छन् । द्वितीयाको बहुवचनमा चाहिं विसर्ग हुन्छ ':' अगाडिको ऋ दीर्घ हुन्छ । स्वसृ आदिको नप्तृ शब्दको जस्तो रूप र अरू बांकीको चाहिं पितृ शब्दको जस्तै रूप चल्दछ ।

जस्तो—वधूः	वध्वौ	वध्वः	इत्यादि ।
माता	मातरौ	मातरः	इत्यादि ।

पुं.

प्रकर्ष = ज्यादा

हंस = हाँस

विकास = विकास, फैलनु

कार्तिक = कात्तिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्री.

सुशिक्षा = असल शिक्षा
स्वसृ = दिदी, बहिनी
दुहितृ = छोरी
ननान्दृ = नन्द, आमाज्यू
यातृ = देउरानी, जेठानी
श्वश्रू = सासू
अपकर्त्री = हेला गर्ने
कष्टदात्री = कष्ट दिने

नपुं.

चिह्न = चिन्ह
विवर = प्वाल
यौतक = दाइजो
कथन = भन्नु, भनाइ

अव्यय

इव = झैं
किन्तु = तर
मुहुः = बारंबार
पुनः = फेरि
इत्थम् = यसरी

१ म गणी (भ्वादि) आत्मनेपदी

लज्ज् = लाज मान्नु

अभ्यास

नेपालीमा उल्था गर—

ननान्दुः पतिमृष्यश्रृङ्गं सीताऽवन्दत। द्रौपदी श्वश्रूं कुन्तीमप्रीणयत्। मातरः पुत्राणां समृद्धये स्पृहयन्ति। दक्षस्य बह्व्यो दुहितर आसन्। पुरुषाणां बुद्धेः प्रकर्षो मातृशिक्षायाः परिणामः। मातरः पुत्रेषु स्निह्यन्ति।

संस्कृतमा अनुवाद गर—

बुहारीहरूले सासूबाट घरको काम सिके। बूढी स्त्रीहरूले असल शिक्षाबाट छोरी–बुहारीहरूको बुद्धिको विकास गरे। घरमा देउरानीहरू–जेठानीहरू परस्पर द्वेष गर्छन्, तर त्यो मुर्खाईको चिह्न हो। असल भाउज्यूहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नन्दलाई स्नेह गर्दछन् । दिदीहरूले भाइलाई वारंवार आसीक दिए । सासूको हेलाँ गर्ने बुहारी र बुहारीलाई कष्ट दिने सासूहरू नरक पर्दछन् । कार्तिकमा दिदी बहिनीहरू दाज्यू-भाइलाई मान गर्दछन् । देउरानी फेरि मलाई भन्छचौ ? तर यसरी भन्नु अनुचित हो ।

पाठ ३०

पछि हुनेलाई भविष्यत्काल भन्दछन् । भविष्यत्कालमा लृट्को प्रयोग हुन्छ । लृट्मा पनि लट्का जस्ता नै प्रत्यय हुन्छन्, तर बीचमा 'स्य' थपिने हुन्छ । कुनै धातुमा 'स्य' को अगाडि 'इ' समेत थपिने हुन्छ, फेरि प्रायः धातुको 'इ' 'उ' 'ऋ' को गुण हुँदा 'ए' 'ओ' 'अर्' हुन्छ । जस्तै-

	ए. व.	द्वि. व.	ब. व.
प्र.	वदिष्यति	वदिष्यतः	वदिष्यन्ति
म.	वदिष्यसि	वदिष्यथः	वदिष्यथ
उ.	वदिष्यामि	वदिष्यावः	वदिष्यामः

'स्य' को अगाडिको 'इ' नहुनेको चाहिं सन्धि हुँदा रूप धेरै नै फरक हुनजाने हुन्छ । यसैले केही रूपहरू यहाँ दिइन्छन् ।

१ म गणी

भू-हुनु = भविष्यति	घ्रा-सुँघ्नु = घ्रास्यति
जि-जित्नु = जेष्यति	क्षि-नाश हुनु = क्षेष्यति
स्था-रहनु = स्थास्यति	पि-पिउनु = पास्यति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्-देख्नु = द्रक्ष्यति
श्रु-सुन्नु = श्रोष्यति
रुह्-उम्रनु = रोक्ष्यति
वप्-रोप्नु = वप्स्यति
पत्-खस्नु = पतिष्यति
गम्-जानु = गमिष्यति
दह्-डढाउनु = धक्ष्यति
नी-लैजानु = नेष्यति
प्र + सृ-फैलनु = प्रसरिष्यति

स्मृ-सम्झनु = स्मरिष्यति
पच्-पकाउनु = पक्ष्यति
भृ-भर्नु = भरिष्यति
वह्-पुऱ्याउनु, बहनु = वक्ष्यति
पठ्-पढ्नु = पठिष्यति
नम्-नुहुनु = नंस्यति
तॄ-तर्नु = तरिष्यति
वस्-बस्नु = वत्स्यति

२ य गणी

हन्-मार्नु = हनिष्यति
अद्-खानु = अत्स्यति
स्तु-स्तुति गर्नु = स्तोष्यति
उद् + इ-उदाउनु = उदेष्यति

स्ना-नुहाउनु = स्नास्यति
लिह्-चाट्नु = लेक्ष्यति
दुह्-दुहुनु = धोक्ष्यति

३ य गणी

हु-होम गर्नु = होष्यति
दा-दिनु = दास्यति

धा-धारणा गर्नु = धास्यति
भी-डराउनु = भेष्यति

४ र्थ गणी

तुष्-खुशी हुनु = तोक्ष्यति

सृज्-छोड्नु = स्रक्ष्यति

५ म गणी

आप्-पाउनु = आप्स्यति

चि-जम्मा गर्नु, टिप्नु = चेष्यति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६ ष्ठ गणी

उप्+दिश्-उपदेश गर्नु =उपदेक्ष्यति

७ म गणी

रुध्+रोक्नु =रोत्स्यति

छिद्-काट्नु =छेत्स्यति

८ म गणी

कृ-गर्नु =करिष्यति

९ म गणी

ज्ञा-जान्नु =ज्ञास्यति

ग्रह्-लिनु =ग्रहीष्यति

पुं.

रजक =धोबी, रङाउने

अभ्यास =अभ्यास

संग्राम =लडाइँ

उद्धार =उद्धार

नपुं.

विज्ञानशास्त्र =साइन्स

अव्यय

श्वः =भोलि

सकृत् =एक पटक

तर्हि =त्यसो भए

तत्र =त्यहाँ

शीघ्रम् =चाँडै

परश्वः =पर्सि

एकपदे =लगत्तै

प्रातः =बिहान

अभ्यास

नेपालीमा उल्था गर—

अद्यारभ्य सर्वं राज्यं चन्द्रगुप्तो द्रक्ष्यति। नरा व्याघ्राद् भेष्यन्ति। तत्र सन्ध्यायां वयं मन्त्राञ्जपिष्यामः। चन्द्रग्रहणे (यूयं)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाराणसीं गमिष्यथ। (अस्माक) मित्रं हिरण्यको पाशांश्छेत्स्यति। (अस्माकं) नृपः संग्रामे शत्रूञ्जेष्यति।

संस्कृतमा अनुवाद गर—

भोलि गुरुहरू बालकहरूलाई उपदेश गर्नु हुनेछ। धनीहरू गरीबहरूलाई रुपियाँ र कपडा दिनेछन्। भक्तहरू पुराण सुन्नेछन्। मानिसहरू बिहान मिठाई पकाउने छन्। पानी पर्नेछ, खेतीवालहरू पनि धान रोप्नेछन्। दानी सधैं अन्नको दान गर्नेछ। दिनको एक पटक गोठको नजीकैमा गाईको दूध पिउनेछौं। गाईहरू बाच्छा-बाच्छीलाई चाट्नेछन्। केटाहरू बगैंचामा फूलको सुगन्ध सुँघ्नेछन्। (हामी दुई) पसि मीठो वस्तु खानेछौं। रात जानेछ, सूर्य पनि उदाउनेछन्। (तिमी दुई) सधैं योगको अभ्यास गर्नेछौ, तत्त्व पनि जान्नेछौ। साइन्स पनि फलिनेछ, लगत्तै देशको पनि उद्धार हुनेछ। मिहिनेतसाथ पढ्नेछौ, त्यसो भए सुख पनि पाउनेछौ।

पाठ ३१

आत्मनेपदी धातुका लृटमा पनि आत्मनेपदको लट्मा जस्तो नै प्रत्यय हुन्छ, यसमा पनि 'स्य' थपिने हुन्छ। जस्तै—

ए. व.	द्वि. व.	बहु. व.
एध-एधिष्यते	एधिष्येते	एधिष्यन्ते
एधिष्यसे	एधिष्येथे	एधिष्यध्वे
एधिष्वे	एधिष्यावहे	एधिष्यामहे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही धातुका लृट्का रूपहरू—

१ म गणी

वृध्-वढ्नु =वर्धिष्यते
ईह्-चेष्टा गर्नु =ईहिष्यते
जृम्भ्-हाइ गर्नु =जृम्भिष्यते
त्वर्-हतपताउनु =त्वरिष्यते
यत्-यत्न गर्नु =यतिष्यते
आ+रभ्-शुरु गर्नु =आरप्स्यते
आ+लोक-हेर्नु =आलोकिष्यते
व्यथ्-पीडा हुनु =व्यथिष्यते
ऊह्-तर्कना गर्नु =ऊहिष्यते
लभ्-पाउनु =लप्स्यते
ग्रस्-गाँस हाल्नु =ग्रसिष्यते

सह्-सहनु =सहिष्यते
घट्-घट्नु =घटिष्यते
त्रप्-लाज मान्नु =त्रपिष्यते
भ्राज्-फल्कनु =भ्राजिष्यते
लङ्घ्-नाघ्नु =लङ्घिष्यते
स्पन्द्-चल्नु =स्पन्दिष्यते
गाह्-पस्नु =गाहिष्यते
कत्थ्-सह्राउनु =कत्थिष्यते
भिक्ष्-भीख माग्नु =भिक्षिष्यते

२ य गणी

शी-सुत्नु =शयिष्यते
ब्रू-भन्नु =वक्ष्यते, वक्ष्यति

सू-पैदा गर्नु =सोष्यते

४ र्थ गणी

जन्-जन्मनु =जनिष्यते
तप्-पिरिनु =तप्स्यते

मन्-ठान्नु =मंस्यते
युज्-ठीक हुनु, जोडिनु =योक्ष्यते

६ ष्ठ गणी

(मुच्) मुञ्च-छोड्नु =मोक्ष्यते ।
सिञ्च्-छर्कनु =सेक्ष्यते ।

कृष्-जोत्नु =द्रक्ष्यते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१० म गणी

तज्-तर्साउनु = तर्जयिष्यते । प्र + अर्थ-प्रार्थना गर्नु = प्रार्थयिष्यते । चूर्ण्-धूलो पार्नु = चूर्णयिष्यते । पिण्ड्-डल्लो पार्नु = पिण्डयिष्यते । = भक्ष्-खानु = भक्षिष्यते । तड्-पिट्नु = ताडयिष्यते ।

पुं०

पठन समय = पढ्ने बखत
उद्भव = पैदा हुनु
निचय = समुदाय
दशवादनसमय = दस बजे
उपनयन = व्रतबन्ध
जम्बीर = ज्यामिर
पूगीफल = सुपारी

विशेषण

रुग्ण = रोगी
अनुत्तीर्ण = फेल भएको
सूचक = सूचना गर्ने
मालाकार = माली
असकृत् = बारंवार
पश्चात् = पछाडि

अव्यय

सर्वदा = सधैं

अभ्यास

नेपालीमा उल्था गर—

छात्रः पाठशालागमनाय त्वरिष्यते । रात्रौ गगने तारा भ्राजिष्यन्ते । पुरुषस्य शुभसूचको दक्षिणो बाहुः स्पन्दिष्यते । द्विजबालक उपनयनात् पश्चाद्वेदमारप्स्यते । सर्व आङ्ग्ला नेपालदेशस्य समृद्धिमालोकयिष्यन्ते । (वयं) भाषायाः समृद्धिमूहिष्यामहे । (युवां) परीक्षायां बहून्नङ्कॉंल्लप्स्येथे, अनुत्तीर्णास्तु चिन्तया तप्स्यन्ते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

बालकहरू ओछ्यानमा सुत्नेछन्। (तिमी दुई) शत्रुलाई घाँससरी ठान्नेछौ। असारमा खेतीवालहरू धान रोप्नेछन्, अनि मंसीरमा काट्नेछन्। गोपाल पढ्नमा उद्योग गर्नेछ। मालीहरू बगैंचामा फूल टिप्नेछन्। (तिमी दुई) सुपारी धूलो पार्नेछौ। सुताहाहरू पछि होश पाउनेछन्। जाँचमा फेल भएका लडकाहरू आफ्ना साथीलाई देख्ता लाज मान्नेछन्। गुरुहरू दस बजे पाठशाला जानुहुनेछ। बालकहरू खान हतपताउनेछन्। खेतीवालहरू खेत जोत्नेछन्। बालकहरू पढ्ने बखतमा निद्राले हाइ गर्नेछन्। धर्मले सुख पैदा गर्नेछ।

—:○:—

पाठ ३२

लोट्

विधि (अह्राउने) र आशीर्वाद अर्थ बुझिएमा लोट् हुन्छ।

परस्मैपदका प्रत्ययहरू

	ए० व०	द्वि० व०	ब० व०
प्र०	तु	ताम्	अन्तु
म०	+	तम्	त
उ०	अनि	आव	आम
	जस्तै—वदतु	वदताम्	वदन्तु
	वद	वदतम्	वदत
	वदानि	वदाव	वदाम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसमा पनि धातु र प्रत्ययको बीचमा गणको चिह्न 'अ' इत्यादि थपिने हुन्छ ।

पुं.

स्वपाठ = आफ्नो पाठ
रस = रस, झोल
वंश = कुल, बाँस
अनुसार = बमोजिम
वयस्य = दौंतरी
सोम = चन्द्रमा, सोम लहरा
चाण्डाल—चण्डाल
सुवर्णकार = सुनार

स्त्री.

पितामही = बज्यैं
धूमवर्तिका = चुरोट

नपुं.

अनृत = झूटो
सत्व = सत्वगुण, जन्तु, बल ।
दुर्ग = गढो (किल्ला), कष्ट
भद्र = भलो
अभिधान = नाउँ

विशेषण

दृढ = बरो
पूज्य = पूजा गर्न लायक

६ टौं ग. प. प.

प्र + सद्—सीद् = खुशी हुनु

१ म ग० उ० प०

बह् = बोक्नु, बहनु
प्र + नम् = ढोगिदिनु
खन् = खन्नु
फल् = फल्नु

६ टौं ग० उ० प०

उप् + विश् = उपदेश गर्नु (सिकाउनु)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

ईश्वरो भूपतिं रक्षतु। हे वीराः शत्रून् हत! याज्ञिकाः सोमरसं पिबन्तु। सन्ध्यायामीश्वरं स्मर। मित्रस्यापराधान् क्षाम्यत। पिता पुत्रमुपदिशतु। हे नाथाः स्वदेशं रक्षत! हे बालकाः सूर्योदयात् प्रागुत्तिष्ठत! ईश्वरं नमत, ततः पाठं पठत। शिष्या गुरून् प्रणमन्तु।

संस्कृतमा अनुवाद गर—

ए बालक हो! पाठशालामा जाओ, आफ्नो पाठ पढ, झूटो कहिल्यै पनि नबोल। मालीहरू बिहान घरमा फूल ल्याउन्। ए साथी हो! (हामीहरू) बगैंचामा घुमौं। गोठमा दूध दिने गाई ल्याओ। दुनियाँ दुःख छाडोस्, भलो पनि देखोस्। आमा, बाबु र गुरुका वचन मान। सँधै बिहान हात, गोडा, मुख धोऊ। (हामीहरू) राजाका हुकूमबमोजिम काम गरौं। धर्ममा मन लगाऊ। भोका मानिसलाई खाने कुरा देऊ। मानिसको समूहमा आफूलाई नसह्लाऊ। सब मानिस आफ्नो काममा नचुकून्। बादलहरू पानी बर्साऊन्। रूखमा फलहरू फलून्।

★

पाठ ३३

आत्मनेपदी धातुका लोट्का प्रत्ययहरू र रूप—

	ए० व०	द्वि० व०	ब० व०
प्र०	ताम्	इन्ताम्	अन्ताम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए० व०	द्वि० व०	ब० व०
म०	स्व	इथाम्	ध्वम्
उ०	ऐ	आवहै	आमहै
जस्तै–	मोदताम्	मोदेताम्	मोदन्ताम्
	मोदस्व	मोदेथाम्	मोदध्वम्
	मोदै	मोदावहै	मोदामहै

पुं०

प्रश्रय = प्रेम, पस्रनु
सूनु = छोरा
काम = इच्छा
भोग = भोग
रिपु = शत्रु
दिवाकर = सूर्य
रविवासर = आइतबार

पार्थिव = राजा
श्रम = परिश्रम
खल = बदमाश
विहङ्गम = चरा
पाक = पकाउनु
मनुज = मानिस
अक्ष = पासा
उत्कोच = घूस

स्त्री०

ऋजुता = सोझोपना
नाटचशाला = नाचघर
अभिलाषा = इच्छा

समृद्धि = बढ्नु
वारवनिता = रण्डी

पुं०

शास्त्र = शास्त्र
वातायन = झ्याल

भवन = घर, हुनु
अर्चन = पूजा

विशेषण

पाचक = भान्से
दीन = दिक्क भएको, दुःखी
इतर = अर्को

असंख्येय = अनगिन्ती
आपतित = आइपरेको
अलभ्य = पाउन नसकिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यय

यथाशक्ति = सकभर	झटिति = झट्ट

१ म ग० आ० प०

बाध् = बाधा गर्नु	त्वर् = हतपताउनु
ह्लाद् = आनन्द हुनु	गाह् = पस्नु

४ र्थ ग० आ० प०

पद् = हिंड्नु	उद् + पद् = पैदा हुनु

६ टौं ग० उ० प०

विद् (विन्द्) = पाउनु

अभ्यास

नेपालीमा उल्था गर—

संस्कृतस्य पाठमारभध्व । पक्वानि मधुराण्याम्रफलानि । खादध्वम् । पितुराज्ञामनुरुध्यस्व । सदा शास्त्रस्य तत्त्वं मृग्यध्वम् । तरोः शाखासु विहङ्गमा वर्तन्ताम् । भो नृपते ! कामांल्लभस्व ! पाचकास्तण्डुलानां पाकमारभन्ताम् । भक्ता नारायणस्यार्चने ह्लादन्ताम ।

संस्कृतमा अनुवाद गर—

चेलाहरू गुरुलाई ढोगून् । सबैको मन शान्त रहोस् । अर्काको बिगार नगर । रूखहरूमा धेरै फल र फूल पैदा होउन् । मानिसहरूको धर्ममा विश्वास बढोस् । पासा खेल्नमा र रण्डीमा मन नदेओ । आफ्ना साथीहरूदेखि भरसक व्यर्थ नरिसाऊ । ठूला-ठूला संकष्ट परेमा पनि (हामीहरू) फूटो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नबोलौं, दिक्क पनि नहोऔं। ब्राह्मण हो! घरमा शास्त्रवमोजिमको रीत गर! मित्रका दोषलाई छोड, शत्रुका पनि गुणलाई लेऊ। पाइन नसक्ने वस्तुमा इच्छा नबढाओ (हामी दुई) धेरै शङ्का नगरौं। बालकहरू पढ्नलाई मिहिनेत गरून्। धीर मानिसहरू काममा नहतपताऊन्। घूस नखाओ।

पाठ ३४

(१) कर्तृवाच्य बाहेक सकर्मक धातुदेखि कर्मवाच्यमा र अकर्मक धातुदेखि भाववाच्यमा धातुभन्दा पछाडि 'य' लागेको हुन्छ; आत्मनेपदका प्रत्ययहरू हुन्छन्।

जस्तै—भू+य+ते=भूयते।

(२) कर्मवाच्यमा कर्मको जुन पुरुष, जुन वचन छ; उहीबमोजिम क्रिया चल्दछ। कर्ता तृतीयान्त हुन्छ।

कर्म प्रथमान्त हुन्छ। विशेषणहरू पनि आफ्ना विशेष्यबमोजिम बदलिने हुन्छन्।

कर्तृवाच्य	कर्मवाच्य
जस्तै—वीरो नृपो जनान् रक्षति।	वीरेण नृपेण जना रक्ष्यन्ते।
धीराः (युवां) निन्दन्ति।	धीरैः (युवां) निन्द्येथे।
पवनो मां स्पृशति।	पवनेनाहं स्पृश्ये।

(३) भाववाच्यमा पनि कर्ता तृतीयान्त हुन्छ, क्रियाचाहिं प्रथम पुरुषको एकवचनमा प्रयोग हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्तृवाच्य	भाववाच्य
बालका हसन्ति ।	बालकैर्हस्यते ।
त्वं रोदिषि ।	त्वया रुद्यते ।
वयं वर्तामहे ।	अस्माभिर्वृत्यते ।

(४) इ र उ पछाडि हुने धातुका कर्मवाच्य र भाववाच्यमा क्रमैले ई, ऊ, हुन्छ । जस्तै–जि–जीयते । श्रु–श्रूयते ।

(५) प्रायः 'अ' पछाडि हुनेको 'ई' र फेरि 'ऋ' पछाडि हुनेको 'रि' हुन्छ । जस्तै–दा–दीयते । कृ–क्रियते ।

(६) कोही 'य व' अगाडि हुने धातु छभने 'य' का ठाउँमा 'इ' र 'व' का ठाउँमा 'उ' हुन्छ ।

जस्तै-यज्–इज्यते । वच्–उच्यते ।

पुं०

निनाद = (गर्जना) आवाज

ताम्रकार = तमोटे

द्रुम = रूख

सूचीकार = दमाई, सिउने मान्छे

पश्चात्ताप = पछितो

मुहूर्त = करीब दुई घडी

क्षण = छिन, उत्सव

नपुं०

प्रभात = बिहान

दुकूल = रेशमी कपडा

ताम्र = तामा

तोय = पानी

व्योमयान = विमान (हवाइजहाज)

विशेषण

पूर्ण = भरिएको, पूरा

पर्वतीय = पहाडी

पक्व = पाकेको

अशिक्षित = शिक्षा नपाएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वञ्चक=ठग
गृहस्थ=गृहस्थी
पाषाणमय=ढुङ्गै ढुङ्गाको
अपथ्य=हित नगर्ने

निरामय=निरोगी
आन्तर=भित्री
निखिल=सबै

अन्वय

सर्वथा=हरतरह
१ म ग० प० प०
श्रु=सुन्नु

सद्यः=उत्तिखेरै
६ टौं ग० आ० प०
आ+कृष्=खिच्नु

अभ्यास

नेपालीमा उल्था गर—

निखिलैर्लोकैर्हितानि वाक्यानिः श्रूयन्ताम् । संसारस्य विषया यतिभिस्त्यज्यन्ते । वारिणा वृक्षा असिच्यन्त । भक्तेन कृष्णस्य मूर्तिरभूष्यत । अपथ्यस्य भोक्तारो नानाविधं [1]रोगैः पीड्यन्ते । सूचीकारैर्धनिकानां दुकूलानि सीव्यन्ते । सिंहस्य निनादाद् भीतैर्मृगैर्धाव्यते ।

संस्कृतमा अनुवाद गर—

समुद्रको पानी पिइँदैन । मानिसहरूले सधैं सुख र सम्पत्तिको इच्छा गरिन्छ । पाकेका मीठा फलहरू सबैले खाइन्छन् । जनरलले वीर सिपाहीहरू सह्लाइन्छन् । अर्काको भलोको निम्ति सबैले उद्योग गरियोस् । धनीहरूले

१ र पछाडि रहेको र् को लोप हुन्छ, फेरि अगाडि ह्रस्ववर्ण छ भने दीर्घ हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हवाइजहाज चढिन्छ र छिनभरमा घेरै टाढा पुगिन्छ। ईश्वरका अनुग्रहबाट सबैले सुखी र निरोगी होइयोस्। असल गुणले पुरुषको मन उत्निखेरै खिचिन्छ। गृहस्थहरूले हरतरह पाहुनाको सत्कार गरियोस्। ज्ञानको प्रकाशले भित्री अँध्यारो नाशिवोस्। पहाडी मानिसहरूले ठूलो मिहिनेत गरिन्छ। बालककालमा शिक्षा नपाएको मानिसले पछि पछितो गरिन्छ। बुद्धिमान्हरूले किसिम किसिमका यन्त्रहरू (मेशोन) बनाइन्छन्। सूचीकारहरूले कपडा सिइन्छन्। उद्योगले सबै दुःख हटाइन्छ।

★

पाठ ३५

उपसर्ग अगाडि रहंदा धातुको अर्थ प्रायः फरक हुन्छ। जस्तै-

सं+कृ-संस्करोति=सुधार गर्छ।
अनु+कृ-अनुकरोति=नक्कल गर्छ।
वि+कृ-विकरोति=बिगार्छ।
तिरस्+कृ-तिरस्करोति=हेला गर्छ।
उप्+कृ-उपकरोति=उपकार गर्छ।
अप्+कृ-अपकरोति=अपकार गर्छ।
आविष्+कृ-आविष्करोति=प्रकट गर्छ।
अधि+कृ-अधिकरोति=अधिकार गर्छ।
अप्+नी-अपनयति=हटाउँछ।
आ+नी-आनयति=ल्याउँछ।
अनु+नी-अनुनयति=फुल्याउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रति+आ=प्रत्या+नी=प्रत्यानयति-फर्काउँछ ।

उप्+नी=उपनयते-व्रतबन्ध गर्छ ।

वि+नी=विनयते-सह्याल्छ ।

उद्+नी=उन्नयते-उचाल्छ ।

प्र+हृ=प्रहरति-हान्छ ।

आ+हृ=आहरति-ल्याउँछ ।

अप्+हृ=अपहरति-चोर्छ ।

अनु=हृ=अनुहरति-नक्कल गर्छ ।

उद्+हृ=उद्धरति-उद्धार गर्छ ।

वि+हृ=विहपति-टहल्छ ।

प्र+स्था=प्रतिष्ठते-हिंड्छ ।

उप्+स्था=उपतिष्ठते-हाजिर हुन्छ ।

वि+रम्=विरमति-चूप लाग्छ ।

आ+क्षिप्=आक्षिपति-निन्दा गर्छ ।

आ+दिश्=आदिशति-आज्ञा गर्छ ।

उत्+तृ=उतरति-उत्रिन्छ ।

प्र+लप्=प्रलपति-बर्बराउँछ ।

वि+लप्=विलपति-बिलौना गर्छ ।

अनु+वद्=अनुवदति-अनुवाद गर्छ, पछि भन्छ ।

उप्+वस्=उपवसति—भोको बस्छ, नजीक बस्छ

प्र+वह्=प्रवहति-बहन्छ ।

वि+सद् (सीद्)=विषीदति-दिक्क हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद् + डी = उड्डीयते-उड्दछ ।
अभि + भू = अभिभवति-दुबाउँछ ।
अन्तर् + भू = अन्तर्भवति-छिप्तछ ।
आविष् + भू = आविर्भवति-प्रकट हुन्छ ।

हल् पछाडि हुने शब्दका प्रत्ययहरू—

	ए. व.	द्वि. व.	ब. व.
प्र०	+	औ	अः
द्वि०	अम्	औ	अः
तृ०	आ	भ्याम्	भिः
पं०	अः	भ्याम्	भ्यः
ष०	अः	ओः	आम्
स०	इ	ओः	सु
संबो०	+	औ	अः

सप्तमीको बहुवचनबाहेक हलादि प्रत्यय पर भएमा शब्दको अन्त्यको वर्ण 'त' छभने द्' हुन आउँछ । जस्तै-

	ए. व.	द्वि. व.	ब. व.
प्र०	मरुत्, द्	मरुतौ	मरुतः
द्वि०	मरुतम्	मरुतौ	मरुतः
तृ०	मरुता	मरुद्भ्याम्	मरुद्भिः
च०	मरुते	मरुद्भ्याम्	मरुद्भ्यः
पं०	मरुतः	मरुद्भ्याम्	मरुद्भ्यः
ष०	मरुतः	मरुतोः	मरुताम्
स०	मरुति	मरुतोः	मरुत्सु
सं०	हे मरुत्	हे मरुतौ	हे मरुतः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'मतुप्' आदि प्रत्यय भई 'मत्' अथवा 'वत्' पछाडि हुने शब्दको ता प्रथमामा र द्वितीया १ र २ वचनमा र सम्बोधनमा पनि 'त्' को अगाडि 'न्' थपिन्छ । प्रथमाको १ वचनमा 'न्' अगाडिको 'अ' दीर्घ भई 'आ' हुन्छ ।

पदको अन्त्यमा हल् अक्षर दुई छन्भने पछिल्लो लोप हुन्छ ।

जस्तै-भगवा-न्-त् भगवान् ।

	ए.व.	द्वि व.	ब. व.
प्र०	भगवान्	भगवन्तौ	भगवन्तः
द्वि०	भगवन्तम्	भगवन्तौ	भगवतः
तृ०	भगवता	भगवद्भ्याम्	भगवद्भिः
च०	भगवते	भगवद्भ्याम्	भगवद्भ्यः
पं०	भगवतः	भगवद्भ्याम्	भगवद्भ्यः
ष०	भगवतः	भगवतोः	भगवताम्
स०	भगवति	भगवतोः	भगवत्सु
सं०	हे भगवन्	हे भगवन्तौ	हे भगवन्तः

धातुदेखि 'शतृ' प्रत्यय भई बनेको 'अत्' पछाडिमा हुने शब्दको अरू सबै माथिको 'वत्' पछि हुने शब्दको जस्तो हुन्छ । प्रथमाको एक वचनमा 'न्' अगाडिको 'अ' 'आ' हुँदैन ।

जस्तै-गच्छत् को-

	ए. व.	द्वि. व.	ब. व.
प्र०	गच्छन्	गच्छन्तौ	गच्छन्तः
द्वि०	गच्छन्तम्	"	गच्छतः
तृ०	गच्छता	गच्छद्भ्याम्	गच्छद्भिः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
च०	गच्छते	गच्छद्भ्याम्	गच्छद्भ्यः
पं०	गच्छतः	गच्छद्भ्याम्	गच्छद्भ्यः
ष०	"	गच्छतोः	गच्छताम्
स०	गच्छति	"	गच्छत्सु
सं०	हे गच्छन्	हे गच्छन्तौ	हे गच्छन्तः

नपुं. मा प्रथमा, द्वितीया, सम्बोधनमा यी प्रत्यय हुन्छन्, अरू पुंलिङ्ग जस्तै हुन्छ । जस्तै—

	ए. व.	द्वि. व.	ब. व.
प्र०	+	ई	इ
द्वि०	+	"	"
सं०	+	"	"
प्र०	जगत्	जगती	जगन्ति
द्वि०	"	"	"

पुं.

भवत् = तपाईं
भूभृत् = राजा, पर्वत
सुहृद् = मित्र
अकाल = कुबेला
अत्यय = नाश
उद्भव = जन्म
विकार = विकार (बिग्रनु)
कुक्कुट = कुखुरा

विवस्वत् = सूर्य
विश्वसृज् = ब्रह्मा
मरुत् = हावा
गरुत्मत् = गरुड
अधमर्ण = असामी
प्राण[1] = प्राण वायु
कील = कीलो
अधर्म = पाप

[1] यो शब्दको बहुवचनमा मात्र रूप चलदछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नपुं०

वियत् =आकाश
यकृत् =कलेजो
शकृत् =मल
जगत् =जगत्

अन्तःकरण =भित्री इन्द्रिय (चित्त)
जीवन =बांच्नु
वृन्त =भेट्नो
प्रसून् =फूल

विशेषण

यत्नवत् =कोशिश गर्ने
गुणवत् =गुणी
श्लथ् =खुकुलो
मूर्तिमत् =मूर्तिवाला
श्रीमत् =शोभा भएको
धीमत् =बुद्धिमान्
कुर्वत् =गर्न लागेको
पश्यत् =हेर्न लागेको
शासत् =शिक्षा गर्न लागेको
गतवत् =गएको
क्रोधवत् =रिसाहा

आयुष्मत् =धेरै आयु भएको
परवत् =अर्काको अधीनमा परेको
भगवत् =भगवान्
यशस्वत =कीर्ति भएको
वैराग्यवत् =वैरागी
सुखभाज् =सुखी
जयत् =जित्न लागेको
वसत् =बस्न लागेको
हसत् =हांस्न लागेको
विषण्ण =खेद मानेको
महत् =ठूलो

अव्यय

इह =यहाँ
खलु =निश्चय
वहुशः =धेरै पटक
प्रायः =धेरैजसो

सपदि =उत्तिखेरै
एकदा =एकदिन
प्रतियामम् =प्रहर-प्रहरमा

१ म ग० आ० प०

उप्+ईक्ष =वास्ता नगर्नु

एध् =बढ्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१ म ग. प. प.

कूज् = बास्नु

क्रन्द् = कराउनु

४ थं ग. प. प.

त्रस् = डराउनु

४ थं ग. प. प.

दृ = च्यात्नु

१० म ग. उ. प.

वि + चिन्त् = चिन्ता गर्नु, विचार गर्नु

अभ्यास

नेपालीमा उल्था गर—

शूराः परवन्तो न भवन्ति । वैराग्यवन्तो यतयो विषयान् दूरात् त्यजन्ति । सदाचारा नरा निरामया आयुष्मन्तश्च भवन्ति । श्रीमन्तो दुःखं नानुभवन्ति । भवतो दर्शनेनाऽहमतीवाऽतुष्यम् । अपथ्यं भक्षयतामकाल[1] एव प्राणानामत्ययो भवति । काशीं गच्छति पितरि पुत्रा विषण्णा अभवन् ।

संस्कृतमा अनुवाद गर—

रिसाहा मानिसदेखि बुद्धिमान् र गुणी पनि डराउँछन् । बाबु ! धेरै आयु भएका होऊ । धनीहरू कीर्ति भएका मानिसलाई पनि वास्ता गर्दैनन् । पण्डितहरू मिहिनेत गर्ने चेलोदेखि खुशी हुन्छन् । बदमाश चेलो गुरुहरूलाई निन्दा गर्छ । कुवेलामा धेरै नखाऊ । मनले पनि अर्काको नाश (बिगार) नचिताऊ । स्वास्नीको अधीनमा परेका मानिस धेरै जसो ठूला हुँदैनन् ।

---

१ अच् पछाडि भएको पदान्त 'ए', 'ओ', 'ऐ', 'औ', का ठाउँमा 'अय्' 'अव्', 'आय्' भएको छ भने सो अन्त्यको 'य्' लोप हुन अथवा रहन पनि सक्छ । लोप भएमा फेरि सन्धि हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिहानको हावाले खुकुलो भएको फूल भेट्नाबाट खस्तछ। भगवान्का इच्छाबाट जगत् पैदा भयो। राति प्रहर–प्रहरमा कुखुरा बास्छन्। व्याधालाई देख्ने चराहरू कराउँछन्। कोशिश गर्नेको विद्या बढ्दछ।

पाठ ३६

हलन्त स्त्रीलिङ्ग शब्दका प्रत्ययहरू पुंलिङ्गकै जस्ता हुन्छन्। हल् आदिमा हुने प्रत्यय पर भएमा शब्दका अन्त्यको 'च्', 'ग्' हुनआउँछ। प्रथमा र सम्बोधनको एक वचनमा क् र ग् दुवै हुन्छन्। सप्तमीको बहुवचनमा चाहि क् हुन्छ। जस्तै—

	ए. व.	द्वि. व.	ब. व.
प्र.	वाक्, वाच्	वाचौ	वाचः
द्वि.	वाचम्	वाचौ	वाचः
तृ.	वाचा	वाग्भ्याम्	वाग्भिः
च.	वाचे	"	वाग्भ्यः
पं.	वाचः	"	"
ष.	"	वाचोः	वाचाम्
स.	वाचि	"	वाक्षु
सं.	हे वाक्, वाग्	हे वाचौ	हे वाचः

पुं०

कुम्भकार = कुह्माले

शराव = कहतारो

चर्मकार = सार्की

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्री.

आपद् =आपत्ति
दृषद् =ढुङ्गा
प्रतिपद् =परेवा तिथि
मृद् =माटो
विद्युत् =विजुली
विपद् =आपत्ति
शरद् =कुनै ऋतु अर्थात् असोज र कार्तिक।
सम्पद् =सम्पत्ति
तडित् =बिजुली
उपानह् =जुत्ता
समिध् =समिधा
किम्वदन्ती =हल्ला

पुर् =शहर
दिव् =आकाश
गिर् =बोली
सरित् =नदी
स्रज् =माला
क्षुध् =भोक
शुच् =शोक
ऋच् =ऋचा
रुज् =रोग
योषित् =आइमाई
त्वच् =छाला

अव्यय

इदानीम् =अहिले
यत्र =जहाँ
युगपत् =एकँपल्ट

पुनः पुनः =वारंवार
समम् =सँग

विशेषण

शोकार्त =शोकले आकुल भएको

४ र्थ ग. प. प.

व्यध् =घोच्नु, छेड्नु
शम् (शाम्) =शान्त हुनु
मुह् =मोह हुनु

जॄ =थोत्रिनु
क्षम् (क्षाम्) =क्षमा गर्नु
दिव् =खेल्नु, प्रकाश हुनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४ थ ग. आ. प.

खिद् = दिक्क हुनु   दीप् = प्रकाश हुनु

नेपालीमा उल्था गर—

हरिणस्य यूथं वने दृषत्सु वसति। शिष्यः समिधमाहरति। प्रतिपदि बालका मा पठन्तु। वर्षासु बहुशो विद्युत् प्रकाशते। कवीनां वाचः श्रवणेनैव चित्तमाह्लादयन्ति। धीरा धैर्यं कुर्वन्ति। क्षुधा-बाधितो जनो देशं कालं धर्मञ्च नापेक्षते। कुम्भकारा मृदो घटं शरावं च निर्मास्यन्ति। योषितः क्रोधो भर्तुः शोभनया वाचाऽशाम्यत्।

संस्कृतमा अनुवाद गर—

सम्पत्ति भएमा सबै मानिसहरू पछि लाग्छन्। बूढो मानिसको शरीर थोत्रिन्छ। वर्षामा वारंवार विजुली चम्कन्छ। सज्जनहरू आपत्कालमा पनि धैर्य छोड्दैनन्। शरद् ऋतुमा कमलहरू पनि फुल्नेछन्; दिशाहरू पनि उघ्रनेछन्। लहराहरूमा फूल फुल्नेछन् र म माला गाँस्नेछु। पहाडमा ठूला–ठूला ढुङ्गाहरू हुन्छन्। नदीका किनारामा ब्राह्मणहरूको बस्ती थियो, जहाँ सधैं वेदका ऋचाको ध्वनि सुनिन्थ्यो। शोकले ज्यादा आकुल भएको पुरुष न मित्रलाई हेर्दछ, न मित्रका कुरा सुन्दछ। जुत्ता लाउनाले काँडाले घोच्दैन। चेलाहरू गुरुलाई फेरि समिधा ल्याउँछन्। अन्न खानाले अहिले नै भोकको बाधा शान्त हुन्छ। असल आइमाईहरू बालकको ठूलो दोषमा पनि क्षमा गर्छन्। सार्कीहरू जुत्ता बनाउँछन्। शरद् ऋतुमा चन्द्रमा प्रकाशित हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ३७

वर्तमानकाल (भइरहेको) बुझिएमा परस्मैपदी धातुदेखि 'शतृ' र आत्मनेपदी धातुदेखि 'शानच्' प्रत्यय हुन्छ ।

'शतृको 'अत्' र 'शानच्' को 'आन' रहन्छ, तर पहिलो, चौथो, छैटौं, दशौं गणी धातुको र कर्मवाच्य तथा भाववाच्यमा शानच्को 'मान' हुन्छ । जस्तै–

गम् (गच्छ्)–गच्छत् = (जाँदो) जान लागेको ।

चल्–चलत् = चल्न लागेको ।

स्था (तिष्ठ्) = तिष्ठत्	लिख् = लिखत
स्मृ (स्मर्) = स्मरत्	हस् = हसत्
श्रु = शृण्वत्	पा = पिबत्
एध् = एधमान	वृत् = वर्तमान
वृध् = वर्धमान	कृ = कुर्वाण
कम्प् = कम्पमान	लभ् = लभमान
शी = शयान	वन्द् = वन्दमान

भूतकालको अर्थमा कर्तृवाच्यमा 'क्तवतु' र कर्मवाच्य र भाववाच्यमा 'क्त' प्रत्यय हुन्छ । 'क्त' को 'त' र 'क्तवतु' को 'तवत्' बाँकी रहन्छ । जस्तै–

आप् + क्त = आप्त आप् + क्तवतु = आप्तवान्

कुनै धातुमा 'क्तवतु' भन्दा अगाडि इ थपिने र कुनैमा नथपिने हुन्छ । यी विशेषण भएका छैनन्भने क्रियाको काम पनि दिने हुन्छन् ।

---

१ पुं. 'शतृ' प्रत्ययान्तको रूप प्रायः लट्को प्रथम पुरुषको बहुवचनको रूपमा पछाडि ति झिकेमा बन्दछ; जस्तै — लिखन्ति, लिखन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही शब्दहरू

क्त[1]

क्षम् = क्षान्त	क्रुध् = क्रुद्ध
खन् = खात	क्षुभ् = क्षुब्ध
जन् = जात	गुह् = गूढ
त्यज् = त्यक्त	तुष् = तुष्ट
लज्ज् = लज्जित	दह् = दग्ध
पच् = पक्व	भञ्ज् = भग्न
मृ = मृत	मस्ज = मग्न
युज् = युक्त	यज् = इष्ट
रम् = रत	आ + रभ् = आरब्ध
लभ् = लब्ध	रुह् = रूढ
वद् = उदित	पा = पीत
वह् = ऊढ	वच् = उक्त
रच् = रचित	विश् = विष्ट
गम् = गत	सह् = सोढ

क्तवतु

ग्रह् = गृहीतवत्	छिद् = छिन्नवत्
दा = दत्तवत्	कृष् = कृष्टवत्

---

१ गत्यर्थक र अकर्मक धातुदेखि कर्तृ वाच्यमा र बुझ्नु, पुज्नु आदि अर्थ भएको धातुदेखि वर्तमानकालमा पनि क्त प्रत्यय हुन्छ। जस्तै—शयित, बुद्ध इत्यादि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिश = दिष्टदत्
धा = हितवत्
नश् = नष्टवत्
पृच्छ् = पृष्टवत्
भुज् = भुक्तवत्
कृ = कृतवत्
श्लिष् = श्लिष्टवत्
सृज् = सृष्टवत्
लभ् = लब्धवत्
सेव् = सेवितवत्
परि + ईक्ष = परीक्षितवत्
भी = भीतवत्
भू = भूतवत्

दश् = दष्टवत्
नम् = नतवत्
पुष् = पुष्टवत्
बध् = बन्धवत्
स्ना = स्नातवत्
स्वप् = सुप्तवत्
सह् = सोढवत्
हन् = हतवत्
रुह् = रूढवत्
दृश् = दृष्टवत्
स्था = स्थितवत्
हु = हुतवत्
अर्च = अर्चितवत्

पुं०

कूप = कुवा
उटज = छाप्रो
पति = मालिक, लोग्ने
राजपुरुष = राजाको मानिस
सारमेय = कुकुर

अभिषेक = अभिषेक छर्कनु
उपाय = उपाय, जुक्ति
भारवाह = भरिया
पङ्क = हिलो
सर्प = सर्प

स्त्री.

पीडा = दुःख
मृत्तिका = माटो

परीक्षा = जाँच
मधुमक्षिका = माउरी

नपुं०

कारागृह = क्यालखान

मूल = जरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यय

तूष्णीम् = चूपचाप	कदापि = कहिले
चिराय = धेरै बेरसम्म	अन्तः = भित्र
परुत् = पोहोर	अद्य = आज
इतस्ततः = यताउता	ह्यः = हिजो

अभ्यास

नेपालीमा उल्था गर—

अद्य गुरूणा समादिष्टाश्छात्रा विवाहाय गृहं गतवन्तः । लुब्धकः सारङ्गेयाणां पदमनुगतवान् । रावणस्य भक्त्या शिवस्तुष्टः । ईश्वरेण नराणां हृदये धर्मस्य बीज निहितम । बहवः सैनिकाः रणक्षेत्रे गता मृतवन्तश्च । नृपस्य जन्मोत्सवदिवसे बहवः कारागारस्थिता जना मुक्ताः । पुत्रेण पितुः सेवायाः फलं लब्धम् । मन्दिरं गता नारी दुर्गां पूजितवती । शिष्यापराधा गुरुणा क्षान्ताः । देवदत्तः पर्वतशिखरमारूढवाँन्, तत्र महान्तं तरुञ्च दृष्टवान् ।

संस्कृतमा अनुवाद गर—

नदीको किनारमा गएका सिपाहीहरूले पानी पिए पढ्न लागेको हरिले पुस्तकमा कहिले पनि ध्यान दिएन । भरिया भारी बोक्तै गाउँमा गयो । झ्यालखानमा रहेका चोरहरू राजाका सिपाहीदेखि डराए । सारा सर्पहरू स्वभावले क्रूर हुन्छन् । हिजो बिहान राजाको राज्याभिषेक भयो । कुकुरहरू मालिकलाई देखेर रमाए । वाल्मीकिका आश्रममा आउन लागेकी सीताले लव र कुशलाई देखिन । पानी पिउन लागेको केटो कूवामा डुब्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रावणको बगैंचामा बसेकी सीताले ठूलो दुःख सहियो ; शूरो मानिसले घोडा पायो र धेरै बेरसम्म चढ्यो । हिलोमा कमल उम्र्यो । सगर राजाका छोराहरूले पृथ्वी खने । दुई गाउँलेले छाप्रो बनाए । राजा दिलीपले वशिष्ठका गाईको टहल गरे ।

पाठ ३८

पुंलिङ्ग 'न्' पछि हुने शब्दहरू—

प्रथमाको एकवचनका शब्दको 'न्' हराई अन्त्यको 'अच्' दीर्घ हुन्छ ।

जस्तै—प्राणीन्–प्राणी, मूर्धन्–मूर्धा

हलादि प्रत्यय पर छ भने पनि 'न्' हराउँछ ।

जस्तै—प्राणिन्+भ्याम्=प्राणिभ्याम्

प्रथमाको र सम्बोधनको द्वितीया र बहुवचनमा र द्वितीयाको १ वचनमा र २ वचनमा 'न्' को अगाडि 'अ' छ भने 'आ' हुन्छ ।

जस्तो—मूर्धन्+औ=मूर्धानौ

द्वितीयाको वहुवचनदेखि अगाडिको प्रत्यय पर छ भने नित्य र सप्तमीको एकवचनमा विकल्पले 'न्' अगाडिको 'अ' लोप हुन्छ ।

जस्तै—मूर्धन्+अस्=मूर्ध्नः

मूर्ध्नि=मूर्धनि

कुनै अक्षरसँग जोडिएको 'म' 'भ' 'व' पछाडि अच्को ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द शब्दाः -१००-

जस्तै–आत्मन्+आ–आत्मना

	एकवचन	द्विवचन	बहुवचन
प्र.	आत्मा	आत्मनौ	आत्मानः
द्वि.	आत्मनम्	आत्मानौ	आत्मनः
तृ.	आत्मना	आत्मभ्याम्	आत्मभिः
च.	आत्मने	आत्मभ्याम्	आत्मभ्यः
प.	आत्मनः	"	"
ष.	आत्मनः	आत्मनोः	आत्मनाय्
स.	आत्मनि	"	आत्मसु
सं	हे आत्मन्	हे आत्मानौ	हे आत्मानः

	एकवचन	द्विवचन	बहुवचन
प्र.	प्राणी	प्राणिनौ	प्राणिनः
द्वि.	प्राणिनम	"	"
तृ.	प्राणिना	प्राणिभ्याम	प्राणिभिः
च.	प्राणिने	"	प्राणिभ्यः
प.	प्राणिनः	"	"
ष.	"	प्राणिनोः	प्राणिनाम्
स.	प्राणिनि	"	प्राणिषु
सं.	हे प्राणिन्	हे प्राणिनौ	हे प्राणिनः

नपुंसक लिङ्गमा नामन् शब्दको प्र. द्वि. सं. का द्विवचनमा र सप्तमीका एकवचनमा 'न्' अगाडिको 'अ' को विकल्पले लोप हुन्छ र दुई रूप हुन्छन् । प्र. द्वि. सं. का बहुवचनमा 'न्' अगाडिको अच् दीर्घ हुन्छ । प्रथमाको एकवचनमा नित्य नै 'न्' को लोप हुन्छ । संबोधनमा चाहिं विकल्पले लोप हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	एकवचन	द्विवचन	बहुवचन
प्र.	नाम	नाम्नी, नामनी	नामानि
द्वि.	"	" "	"
तृ.	नाम्ना	नामभ्याम्	नामभिः
च.	नाम्ने	नामभ्याम्	नामभ्यः
पं.	नाम्नः	नामभ्याम्	नामभ्यः
ष.	नाम्नः	नाम्नोः	नाम्नाम्
स.	नाम्नि नामनि	नाम्नोः	नामसु
संबो.	हे नाम, नामन्	हे नामनी	हे नामानि

	ए. व.	द्वि. व.	ब. व.
प्र.	कर्म	कर्मणी	कर्माणि
द्वि.	"	"	"
तृ.	कर्मणा	कर्मभ्याम्	कर्मभिः
च.	कर्मणे	"	कर्मभ्य.
प.	कर्मणः	"	"
ष.	"	कर्मणोः	कर्मणाम्
स.	कर्मणि	कर्मणोः	कर्मसु
संबो.	हे कर्मन्, हे कर्म	हे कर्मणी	हे कर्माणि

पुं.

अश्मन् = ढुङ्गा
आत्मन् = आफू
अनर्थ = दुःख, निष्प्रयोजन
उत्सङ्ग = काख
कञ्चुकिन् = चोपदार
उपकार = भलाइ

महिमन् = माहात्म्य
मूर्धन् = शिर
अध्वन् = बाटो
हस्तिन् = हात्ती
निकष = कसी
सुर = देवता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पक्षिन् = चरा
प्राणिन् = प्राणी
ब्रह्मन् = ब्रह्मा
अर्थ = अर्थ, वस्तु
पूर्वार्द्ध = पहिलो आधा भाग
विश्वास = पत्यार

विश्वकर्मन् = देवताका कर्मी
शिखरिन् = पहाड
स्वामिन् = मालिक
परार्ध = संख्या, पछिल्लो आधा भाग
यात्रिक = जात्रु
स्वप्न = सपना
अग्रजन्मन् = दाज्यू

स्त्री.

सीमन् = साँध, मर्यादा

निर्झरिणी = नदी

नपुं.

कर्मन् = काम
चर्मन् = छाला
प्रेमन्[1] = प्रेम
वर्त्म = बाटो
गोमय = गोबर

वर्मन् = कवच
सद्मन् = घर
हेमन् = सुन
अम्बर = कपडा, आकाश
अन्तःपुर = खोपी

विशेषण.

शरीरिन् = शरीरधारी
अनुजीविन् = नोकर
मेधाविन् = बुद्धिमान
साशङ्क = शङ्का गर्ने
एकाकिन = एकलो

मनोहारिन् = राम्रो
योगिन् = योगी
अपराधिन् = कसूरदार
कुशलिन् = आराम भएको
क्षयिन् = घटने

---

१ यो पुंलिङ्गमा पनि रहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभ = कल्याण

अन्तेवासिन् = विद्यार्थी

अधिकृत = अख्तियार पाएको

ज्ञानिन् = ज्ञानी

पुण्यवत् = पुण्यात्मा

विवेकिन् = विवेकदार

उपकारिन् = उपकार गर्ने

भाविन् = हुने

गुणिन् = गुणी

शाखिन् = रूख

अव्यय

प्रसह्य = जबर्जस्ति

१ म ग. आ. प.

घट् = घट्नु

४ र्थ ग. आ. प.

ली = लुक्नु

दू = दिक्क हुनु

६ ठ ग. प. प.

विश् = पस्नु

सृज् = सृष्टि गर्नु

अभ्यास

नेपालीमा उल्था गर—

एकाकी देवदत्तस्याऽनुजीवी ग्रामं गमिष्यति । मेधावी मूर्ध्ना ज्ञानिनमनमत् । पक्षिणो व्योम्नि सानन्दमुड्डीयन्ते । हरिः स्वकर्मणः परिणाममनुभवति । अपराधिनां मनः सदा साशङ्कं वर्तते । कञ्चुकिना राज्ञः सन्देशो नीयते । पशुपतिनाथस्य मूर्तिरतीव रमणीया दृश्यते । कुशलिनोऽन्तेवासिनः स्वाचारस्य सीमां न लङ्घन्ते । अपराधिनां मनसि भयं भवति ।

संस्कृतमा अनुवाद गर—

मालिक कसूरदार नोकरसंग रिसाउँछ । चोपदारहरू राजाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खोपीमा जान अख्तियार पाएका हुन्छन् । पछि सुख (अथवा) दुःख जानिदैन । पहाडमा ढुङ्गाहरू हुन्छन् । उपकार गर्ने गुणीहरू सबैको विश्वासको र प्रेमको पात्र हुन्छन् । रानीले सपनामा चन्द्रमालाई देखिन् । बुद्धिमान्हरू शत्रुमाथि विश्वास नगरून् । ढुङ्गा जस्तो कडा दुष्टको चित्त अर्काको दुःखमा दिक्क हुँदैन । दिनको अघिल्लो भागमा रूखको छाया ठूलो हुन्छ । व्यापारीहरू कसीमा सुन घोट्तछन् । ब्रह्माले शरीरधारीहरूलाई सृष्टि गरे । ग्रीष्ममा हात्ती तलाउमा पस्तछ । एकलो बालख डरले लुक्यो । वनमा एकलो हात्ती कराउँछ । कसूरदार दण्ड गर्नालाई योग्य हुन्छ । पहाडहरूमा किसिमकिसिमका अग्ला रूखहरू देखिन्छन् ।

प्रश्न

१ 'न्' पछि हुने शब्दको 'न्' अगाडिको 'अ' कहाँ–कहाँ लोप हुन्छ ? 'इन्' र 'अन्' पछि हुने शब्दको फरक देखाऊ ।

२ राजन्, नामन्, प्राणिन् शब्दको रूप लेख ।

३ कुन कालको अर्थ बुझिएमा क्त, क्तवतु, शतृ, शानच् इत्यादि प्रत्यय हुन्छन् ।

४ स्था, स्मृ, गम्को शतृ प्रत्यय भएमा र कृ, लभ्, वृत्, वन्द् यी धातुको शानच् भएमा रूप लेख ।

५ जन्, दह्, यज्, लभ्, यी धातुको 'क्त' प्रत्यय भएमा र नम्, प्रच्छ्, भुज्, स्था, स्वप्, हु, दा, धा यी धातुको क्तवतु भएमा रूप लेख ।

६ रक्ष्, निन्द्, स्पृश्, जि, श्रि, दा, कृ, यज्, वच् यी धातुका कर्मवाच्यको लट्का मध्यमपुरुषका रूप कस्ता हुन्छन् ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. हस्, रुद्, वृत्, भू यी धातुको भाववाच्यमा लट् प्रथम पुरुषको एकवचनमा कस्तो रूप हुन्छ ?
८. हल् पछाडि हुने शब्दका प्रत्ययहरू के हुन् ?
९. त् पछाडि हुने शब्दको हलादि प्रत्यय पर भएमा के हुन्छ ?

पाठ ३९

१. 'स्' पछि हुने शब्दको प्रथमाको एकवचनमा 'स्' को विसर्ग हुन्छ र अगाडिको 'अ' दीर्घ हुन्छ र 'आ' हुन्छ। जस्तै-वेधस्+स्-वेधाः

२. सप्तमीको बहुवचनबाहेक अरू हलादि प्रत्यय पर भएमा 'स्' को विसर्ग भई पहिलेको जस्तो हुँदा 'अ' को ठाउँमा 'ओ' हुन्छ। जस्तै–वेधस+भ्याम् वेधोभ्याम्।

३. भूतकालको अर्थ बुझिदा 'क्वसु' प्रत्ययलाई 'वस्' अन्त्यमा हुने शब्दको 'स्' का ठाउँमा 'न्' भई अघिल्लो 'अ' दीर्घ हुन्छ। जस्तै–शश्रुवस्-शुश्रुवान्।

४. 'वस्' अन्त्यमा हुनेको हलादि प्रत्यय पर भएका 'स्' का ठाउँमा 'द्' हुन्छ। जस्तै–शुश्रुवस्+भ्याम्–शुश्रुवद्भ्याम्।

५. प्रथमा र सम्बोधनको द्विवचन र बहुवचनमा र द्वितीयाको एक र द्विवचनमा 'स्' अगाडि 'न्' रहन गई सो अगाडिको 'अ' दीर्घ। हुन्छ। जस्तै–शुश्रुवस+औ–शुश्रुवांसौ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. अजादि प्रत्यय पर रहेमा द्वितीयाको बहुवचनदेखि 'वस' को 'व' को ठाउँमा 'उ' हुन्छ । जस्तै-शुश्रुवस्+अस् = शुश्रु + उस्+ अस = शुश्रूषः ।

७. नपुं. लिङ्गको प्रथमा, द्वितीया र सम्बोधनको एकवचनमा शब्दका अन्त्यको 'स्' विसर्ग हुन्छ । जस्तै पयस् पयः ।

८. प्र. द्वि. सम्बोधनको बहुवचनमा 'स्' को अगाडि 'न्' भई अघिल्लो अच् दीर्घ हुन्छ । जस्तै-पयस्+इ = पयांसि ।

९. 'इस्' र 'उस्' पछाडि हुने शब्दको ता सप्तमीको बहुवचनबाहेक अरू हलादि प्रत्यय पर भएमा 'स्' का ठाउँमा 'र्' हुन्छ । जस्तै-सर्पिष्+भ्याम् = सर्पिर्भ्याम् । 'श्' पछाडि हुने केही शब्दको 'ग्' र 'ष्' पछाडि हुने केही शब्दको ता 'ड्' हुन्छ । जस्तै—तादृश्+भ्याम् = तादृग्भ्याम् । प्रावृष्+भ्याम् = प्रावृड्भ्याम् ।

शब्दका रूपहरू—

	ए. व.	द्वि. व.	ब. व.
प्र.	वेधाः	वेधसौ	वेधसः
द्वि.	वेधसम्	वेधसौ	वेधसः
तृ.	वेधसा	वेधोभ्याम	वेधोभिः
च.	वेधसे	,,	वेधोभ्यः
पं.	वेधसः	,,	,,
ष.	,,	वेधसोः	वेधसाम्
स.	वेधसि	,,	वेधस्सु
स.	हे वेधः	हे वेधसौ	हे वेधसः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	एकवचन	द्विवचन	बहुवचन
प्र.	तादृक्, ग्	तादृशौ	तादृशः
द्वि.	तादृशम्	”	”
तृ.	तादृशा	तादृग्भ्याम्	तादृग्भिः
च.	तादृशे	”	तादृग्भ्यः
पं.	तादृश	”	”
ष	”	तादृशोः	तादृशाम्
स.	तादृशि	”	तादृक्षु
सं	हे तादृक्, ग्	हे तादृशौ	हे तादृशः

	ए. व.	द्वि. व.	ब. व.
प्र.	धनुः	धनुषी	धनूंषि
द्वि.	”	”	”
तृ.	धनुषा	धनुर्भ्याम्	धनुर्भिः
च.	धनुषे	”	धनुर्भ्यः
पं.	धनुषः	”	”
ष.	धनुषः	धनुषोः	धनुषाम्
स.	धनुषि	”	धनुष्षु
सं.	हे धनुः	हे धनुषी	हे धनूंषि

	ए. व.	द्वि. व.	ब. व.
प्र.	प्रावृट्, ड्	प्रावृषौ	प्रावृषः
द्वि.	प्रावृषम्	”	”
तृ.	प्रावृषा	प्रावृड्भ्याम्	प्रावृड्भिः
च.	प्रावृषे	”	प्रावृड्भ्यः
प.	प्रावृषः	”	”

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
ष.	प्रावृषः	प्रावृषोः	प्रावृषाम्
स.	प्रावृषि	"	प्रावृट्सु, प्रावृट्त्सु
सं.	हे प्रावृट्, ड्	हे प्रावृषौ	हे प्रावृषः

पुं॰

चन्द्रमस् = चन्द्रमा
दुर्वासस् = कुनै ऋषि
विद्वस् = पण्डित
कण्टक् = काँडा
दिवौकस् = देवता
वेधस् = ब्रह्मा
[1]विहायस् = आकाश

स्त्री.

आशिष् = आसीक
प्रावृष् = वर्षा ऋतु
त्विष् = कान्ति
अर्चिष् = ज्वाला
दिश् = दिशा
दृश् = आँखा
रुष् = रिस
तृष् = तिर्खा

नपुं.

हविष = होम गरिने वस्तु, घिउ
चक्षुष् = आँखा
धनुष् = धनु
यशस = कीर्ति
वचस् = बोली
पूजास्थान = पूजा गरिने, पूजा कोठा
तमस् = तमोगुण, अँध्यारो
सरस् = तलाउ
तपस = तपस्या
पयस् = पानी, दूध
रजस् = धूलो, रजोगुण
वासस् = कपडा
अम्भस् = पानी

---

१ यो शब्द नपुंसकलिङ्गमा पनि रहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[1]सुमनस् = फूल
तेजस् = तेज
नभस् = आकाश
रक्षस् = राक्षस
वयस = उमेर

छन्दस् = वेद, छन्द
नारिकेलफल = नरिवल
ओजस् = तेज
वक्षस् = छाती
शिरस = शिर

विशेषण

प्रहृत = हानिएको
कृत = गरेको
जीर्ण = थोत्रो
दारुण = डरलाग्दो
तृषित = तिर्खाएको
शुश्रुवस = सुनेको

उदित् = उदाएको
निश्चेष्ट् = चेष्टा नगर्ने
संतप्त = तातेको
वनौकस् = वनमा बस्ने
तस्थिवस् = रहेको
सुमनस् = असल मन भएको

अव्यय

सहसा = फट्ट
अतएव = यस कारणले

अनन्तरं = पछिबाट

४ र्थ ग. आ. प.

रञ्ज = रङ्गाउनु

सृ = पैदा गर्नु

६ ष्ठ ग. प. प.

नि + गृ = निल्नु
आ + मृश् = छुनु

उद् + गृ = उकेल्नु
उज्झ् = छोड्नु

---

१ यसको बहुवचन मात्र हुन्छ, स्त्रीलिङ्गमा पनि रहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

व्यासश्छन्दसां सारमलिखत् । वनौकसां शाखा वृक्षाणां शाखाभि रच्यन्ते । वणिजा विद्वद्भ्यो वासांसि वितरन्ति । रामो जनकस्य गृहे स्थितं धनुरपश्यत् । फलभारेण नतो वृक्षः शाखया धरामामृशीत । पुष्पाणां स्त्रजं गुम्फथ ।

संस्कृतमा अनुवाद गर—

भाइ ! आकाशमा उदाएका चन्द्रमालाई हेर । वर्षा ऋतुमा आकाशबाट पानी पर्छ र धूलो उड्दैन । रामायणमा राम र रावणको लडाइँ सुनिन्छ । स्त्रीले सौताका कडा वचन सुनिन् र रिसाइन् । परेवाहरूले जाल काँडामा छाडेर आकाशमा उडे । गरीबको धन हर्नाले अपजस र पाप हुन्छ । पण्डितहरू बालकलाई आसीक दिऊन् । सूर्यको प्रकाशले सबै दिशा उज्यालो भयो । विद्वान्हरू मीठो बोली बोल्दछन्, यसैले पूजा गरिने हुन्छन् । पहिले क्षत्रियहरूको लडाइँ धनुले हुन्थ्यो । प्राणीहरू आँखाले परमात्मालाई देख्दैनन् । आइमाईहरू कपडा रङाउँछन् । बालकहरू पहिले दूध निल्दछन् । अँध्यारोको पछि उज्यालो झैं दुःखपछि सुख पैदा हुन्छ । भगीरथले तपस्याले पृथ्वीतलमा गङ्गाजी ल्याए । के फूलका धूलाले कपडाहरू रङाइन्छन् ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ४०

क्त्वा, ल्यप्, तुमुन्

१. गएर खाएर इत्यादि पहिलो काम (पूर्व क्रिया) बुझाउनु छ भने उपसर्ग लागेका धातुदेखि 'ल्यप्' र उपसर्ग नलागेका धातुदेखि 'क्त्वा' प्रत्यय हुन्छ । 'क्' हराएर अव्यय भई सधैं एकनास रहन्छ, रूप चल्दैन । जस्तै-कृ+क्त्वा-कृत्वा = गरेर ।

२. 'ल्यप्' को 'य' मात्र बाँकी रहन्छ । जस्तै—अनु+भू+ल्यप्-- अनुभूय=अनुभव गरेर ।

३. कुनै धातुदेखि प्रत्ययभन्दा अगाडि 'इ' हुने हुन्छ । जस्तै-पठ्+क्त्वा-पठित्वा ।

४. धातुको अगाडि हुने 'य' 'व' का ठाउँमा क्रमैले 'इ' 'उ' हुन्छ । जस्तै-यज्+क्त्वा-इष्टत्वा, वस्+क्त्वा-उषित्वा ।

५. ह्रस्व इ, उ, ऋ पछाडि हुने धातुदेखि 'ल्यप्' को 'य' को अगाडि 'त' थपिने हुन्छ । जस्तै- वि+जि-विजित्य, अनु+कृ-अनुकृत्य ।

६. कहीं 'क्त्वा र 'ल्यप्' भएमा 'म्, न्' पछि हुने धातुको 'म्' 'न्' का ठाउँमा प्रायः 'त्' हुन्छ । जस्तै-गम्-गत्वा ।

केही 'क्त्वा' र 'ल्यप्' प्रत्ययान्त शब्दहरू

गम्=गत्वा	निर्+चि=निश्चित्य
स्था=स्थित्वा	आ+गम्=आगत्य
वस्=उषित्वा	आ+रुह्=आरुह्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पठ् = पठित्वा	वि + हस् = विहस्य
लिख् = लिखित्वा	आ + क्रम् = आक्रम्य
त्यज् = त्यक्त्वा	आ + घ्रा = आघ्राय
दह् = दग्ध्वा	आ + रभ् = आरभ्य
दृश् = दृष्ट्वा	सम + तुष = सन्तुष्य
क्रुध् = क्रुद्ध्वा	आ + मृष = आमृष्य
पृच्छ् = पृष्ट्वा	स + तप् = सन्तप्य
भुजे = भुक्त्वा	वि + रम् = विरम्य
यज् = इष्ट्वा	सं + छिद् = संछिद्य
स्मृ = स्मृत्वा	अनु + भू = अनुभूय
सृज् = सृष्ट्वा	सम् + आ + ह्वे = समाहूय
दुह् = दुग्ध्वा	परि + धा = परिधाय
वच् = उक्त्वा	उद् + स्था = उत्थाय
विश् = विष्ट्वा	उप् + स्था = उपस्थाय
जि = जित्वा	वि + स्मृ = विस्मृत्य
कृ = कृत्वा	परि + नी = परिणीय
स्ना = स्नात्वा	उप + सृ = उपसृत्य
हन् = हत्वा	सम + चि = सञ्चित्य
क्री = क्रीत्वा	सम् + कृ = [1]संस्कृत्य
पत् = पतित्वा	प्रति + ईक्ष = प्रतीक्ष्य
श्रु = श्रुत्वा	वि + क्री = विक्रीय

उत्तर क्रिया (पछि हुने काम) मा निमित्त अर्थ बुझिएमा 'तुमुन्' प्रत्यय हुन्छ र 'तुम्' बाँकी रहन्छ। इ, ई

---

१ 'कृ' धातुको अगाडि 'सम्' उपसर्ग रहेमा धातुभन्दा अगाडि 'स्' हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उ, ऊ, ऋ, ॠ पछि हुने धातुका क्रमैले 'ए' 'ओ' 'अर्' हुन्छ । जस्तै-
जि = जेतुम्, श्रु = श्रोतुम्, कृ = कर्तुम् ।

गम् = गन्तुम्	पच् = पक्तुम्
भू = भवितुम्	प्रच्छ् = प्रष्टुम्
मृ = मर्तुम्	वि + क्री = विक्रेतुम्
ग्रह = ग्रहीतुम्	जीव् = जीवितुम्
भुज् = भोक्तुम्	दृश् = द्रष्टुम्
प्र + उज्झ् = प्रोज्झितुम्	आप् = आप्तुम्
अप + नी = अपनेतुम्	आ + नी = आनेतुम्
पठ् = पठितुम्	वि + स्मृ = विस्मर्तुम्
पा = पातुम्	चि = चेतुम्

अभ्यास

नेपालीमा उल्था गर—

सर्वाणि शास्त्राणि ज्ञातुं कोऽपि न प्रभवति । रामः पठित्वा स्नानं च विधाय ग्रामं गन्तुमारभत । प्रातरुत्थाय स्नात्वा च पाठं पठन्तु । [illegible]स्य कर्तारो मित्रेभ्योऽपि द्रोग्धुमिच्छन्ति । वीरो धनुरादाय बाणान् मोक्तुमयतत । जनको ब्राह्मणानाहूय संपूज्य चाऽयजत् । एकं ग्रन्थं विलिख्य राज्ञे निवेदयितुमुत्सहे । रामो रावणं हत्वा लक्ष्मणमादिशत् ।

संस्कृतमा अनुवाद गर—

[illegible] आफ्ना गुणहरू बिर्सन सक्दैनन् । जुत्ता लगाएर हिंड्ने मानिसलाई [illegible]हरूले घोच्तैनन् । दानी धन जम्मा गरेर गरीबलाई दिन उ[illegible] पर्छ । पाठशाला जान बुबा लाइर आऊ । तिर्खा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागेको मानिस पानी पिउन नदीमा गयो। अँध्यारो हटाउन उदाएका सूर्यलाई देखेर सधैं नमस्कार गर्दछन्। बाँदरहरू रुखमा चढेर फल टिप्नलाई उद्योग गर्दछन्। ईश्वर जगत्को सृष्टि गरेर रक्षा पनि गर्दछन्। ओछ्यानबाट उठेर पढ्नको निम्ति पुस्तक ल्याऊ। मित्र ! तपाईंलाई छोडेर एक्लै अर्को देशमा गएर बस्न सक्तिनँ। मूर्ख मानिसहरू अल्छी मानेर आफ्नो जिन्दगी नाश गर्नलाई डराउँदैनन्। छोराको मीठो कुरा सुनेर आमा र बाबु हाँस्न थाले। सधैं साँचो बोलेर ईश्वरलाई खुशी तुल्याउन उद्योग गर्नेछौ। गएको कुरालाई सोचेर काम सिद्ध हुँदैन।

प्रश्न

(१) 'स्' पछाडि हुने शब्दको हलादि प्रत्यय पर भएमा के के हुन्छ ? बताऊ।

(२) 'वेधस्' 'तादृश्' 'प्रावृष्' यी शब्दको द्वितीया, पञ्चमी, सप्तमीको रूप भन।

(३) के अर्थमा 'क्त्वा, ल्यप्, तुमुन्' हुन्छन् फेरि 'क्त्वा, तुमुन्' मा के फरक छ ?

(४) गम्, रम्, स्पृश्, रम्, नी, नम्, हन्, वच् यी धातुको 'ल्यप्, तुमुन्, क्त्वा' भएको रूप लेख।

(५) प्रावृष्, पयस्, तादृश्, सँपद् यी शब्दको प्रथमामा कस्तो रूप हुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ४१

लिङ्

(१) सम्भावना अर्थ बुझिएमा, काम हुन सक्ने सम्भव भएमा र विधि–बताउनु, निता गर्नु, माग गर्नु, प्रश्न गर्नु, प्रार्थना गर्नु इत्यादि अर्थ बुझाएमा विधिलिङ हुन्छ ।

(२) यसमा पनि धातु र प्रत्ययका बीचमा 'अ' इत्यादि गणको चिह्न लाग्ने हुन्छ ।

विधिलिङ्का परस्मैपदका प्रत्ययहरू—

	ए० व०	द्वि० व०	ब० व०
प्र०	इत्	ईताम्	ईयुः
म०	ई	ईतम्	ईत
उ०	ईयम्	ईव	ईम

	ए० व०	द्वि० व०	ब० व०
प्र०	भवेत्	भवेताम्	भवेयुः
म०	भवेः	भवेतम्	भवेत
उ०	भवेयम्	भवेव	भवेम

२०

अवसर = औसर
अन्धकार = अँध्यारो
व्यय = खर्च
शङ्ख = शङ्ख
~~माघ = माघ महीना~~

अनुग्रह = निगाह
आय = आमदानी
तरङ्ग = छाल
गुच्छ = गुच्छा
~~प्रतिनिवेशिन्~~ = छिमेकी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खेद = दिक्क

कुमार्ग = खराब बाटो

खनी = खानी

तुषार = तुषारो

पाषाण = ढुङ्गो

उष्णसमय = गर्मी

कपट = छल

समाज = समूह

मशक = लामखुट्टे

*कुड्मल = कोपिला

प्रत्यूष = बिहान

दास = नोकर

स्त्री०

तमिस्रा = अँध्यारो रात

ईर्ष्या = डाहा

विपत्ति = आपत्

छुरिका = छुरी

न्यायसभा = निसाफ गर्ने अड्डा

कुञ्चिका = साँचो

मार्जनी = कुचो

सिकता = बालुवा

नपुं०

कैतव = छल

कुञ्चीयन्त्र (तालक) = ताल्चा

अङ्गण = आँगन

दारिद्र्य = गरीबपन

अनुरञ्जन = खुशी तुल्याउनु

सुकृत = पुण्य

हित = फायदा

रक्षण = रक्षा गर्नु

विशेषण

अभिभूत = हेर्नां गरिएको

सुवृत्त = असल चाल भएको

आप्त = आफन्त

मग्न = डुबेको

द्रोग्धृ = डाह गर्ने

प्रतिहत = नाश गरिएको

परकीय = अर्को

शोभन = सुहाउँदो

सुरभि = मीठो बास्ना

विक्रेतृ = बेच्ने

---

*यो शब्द नपुंसकमा पनि रहन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनुख = आफूतिर नफर्केको

साक्षिन् = साछी
अधिक = बढ्ता

अव्यय

अथवा = अथवा

प्रत्यहम् = दिनदिनै
कथम् = कसरी

१ म ग. आ. प.

द्युत् = झल्कनु
भ्राज् = झल्कनु
वेप् = काँप्नु
ग्रस् = गाँस हाल्नु

चेष्ट् = चेष्टा गर्नु
ध्वंस् = बिग्रनु
स्पन्द् = चल्नु
ऊह् = अड्कल गर्नु
त्रप् = लाज मान्नु

१ म ग० उ० प०

दंश् = डस्नु टोक्नु

१० म ग० उ० प०

उद् + घट् = उघार्नु

आ० प० का विधिलिङ्का प्रत्ययहरू—

	ए० व०	द्वि० व०	ब० व०
प्र.	ईत	ईयाताम्	ईरन्
म.	ईथाः	ईयाथाम्	ईध्वम्
उ.	ईय	ईवहि	ईमहि

आत्मनेपदको विधिलिङ्

	ए.व.	द्वि. व.	ब. व.
प्र.	मन्येत	मन्येयाताम्	मन्येरन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
म.	मन्वेथाः	मन्वेयाथाम्	मन्वेध्वम्
उ.	मन्वेय	मन्वेवहि	मन्वेमहि

नेपालीमा उल्था गर—

नरा मित्राणां गुणान् न विस्मरेयुः। विषं स्वदेयाश्चेन्निक्रियेथाः। शिष्याः पठनाय चेष्टेरन्। भ्राता परकीयं वस्तु न ध्वंसेत। सुकृतेन परोपकारेण च मोदेथाः शुद्धेन मनसा भ्राजेत। धीरो दुःखस्यावसरे खेदं न कुर्वीत। कदाऽपि स्वकृत्यान्न प्रमाद्येयुः। न्यायसभायां साक्षिणोऽनृतं न कथयेयुः। सुजनो विश्वहिताय प्रवर्तेत। नलभते सिकतासु तैलमपि यत्नतः पीडयन्। गुरो! वेदं पठेयमुत व्याकरणम्? अपि भो? कलहं कर्तुं मा यतेथाः।

संस्कृतमा अनुवाद गर—

आपत्तिमा (हामी दुई) धैर्य नछाडौंला। (हामी दुई) गाना गाऔं अथवा नाचौं। छोराहरू बाबुको मनसाय बुझेर काम गर्लान्। अँध्यारो रातमा डोरीलाई सर्प ठानौला र दौडौला। पण्डितका समूहमा मूर्खहरू नबोलून्। स्त्रीहरू पतिलाई खुशी तुल्याउन उद्योग गरून्। ब्राह्मणहरू बिहान सबेरै नुहाएर जप गर्ने चेष्टा गरून्। तिर्खा लागेकालाई पानी देओस् अनि आफ्नो काम गरोस्। विघ्न परेमा पनि उत्साह नछोडौला। के पहाडमा सुनको खानी पाउला? गर्मीमा लाम्खुट्टेहरूले टोक्लान्। तिमी साँचोले ताल्चा उघार। फूलका कोपिला नबिग्रून्। डाह गर्ने मानिसले छुरा र छुरी पर्याँउला। सूर्यबाहेक रातको अँध्यारो कसले नाश गर्ला? [illegible]

Jayatu Sanskritam, Kathmandu, Nepal

सुखसित बाँच्ला र ईश्वरको भजन गर्ला । आफ्ना छिमेकी र नातावारसित झगडा र कपट नगरोस् । पुरुषहरू सभामा लाज नमानून् । धीर मानिसको मन डरले नकाँपोस् । धूवाँले आगोको अडकल गरोस् । आकाशमा ताराहरू झल्कून् । अर्काको भाग गाँस नहाल । चेलाहरू गुरुलाई मानको चेष्टा गरुन् ।

प्रश्न

(१) कुन कुन अर्थमा विधिलिङ्को प्रयोग हुन्छ ?

(२) पा, स्था, सृज्, जप्, ईक्ष, त्यज्, यत् यि धातुहरूको विधिलिङ्मा रूप लेख ।

(३) विधिलिङ्का प्रत्ययहरू के हुन् ?

पाठ ४२

(१) तद्[1] यद्, एतद् किम् शब्दको क्रमैले पुंलिङ्गमा अकारान्त त, य, एत, क शब्दको जस्तो भएर सर्व शब्दको जस्तो रूप चल्दछ ।

(२) प्रथमाको एकवचनमा 'तद्' र 'एतत्' शब्दको क्रमैले 'सः' र 'एषः' हुन्छ ।

	ए. व.	द्वि. व.	ब. व.
प्र.	सः	तौ	ते
द्वि.	तम	"	तान्

१. तद् आदि शब्दको सम्बोधन हुँदैन ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
तृ.	तेन	ताभ्याम्	तैः
च.	तस्मै	ताभ्याम्	तेभ्यः
प.	तस्मात्, द	"	"
ष.	तस्य	तयोः	तेषाम्
स.	तस्मिन्	"	तेषु

	ए. व.	द्वि. व.	ब. व.
प्र.	यः	यौ	ये
द्वि.	यम्	यौ	यान्
तृ.	येन	याभ्याम्	यैः
च.	यस्मै	याभ्याम्	येभ्यः
पं.	यस्मात्	"	"
ष.	यस्य	ययोः	येषाम्
स.	यस्मिन्	ययोः	येषु

(३) तद शब्दको रूपमा 'ए' अगाडि थपेमा एतद्को रूप बन्दछ, तर द्वितीयाको एकवचन, तृतीयाको एकवचन र षष्ठी, सप्तमीको दुई वचनमा 'एन' को जस्तो पनि रूप चल्दछ। जस्तै एतम् (एनम्), एतौ (एनौ), एतान् (एनना), एतेन (एनेन), एतयोः (एनयोः)।

(४) स्त्रीलिंगमा 'सा', 'या', 'एषा', 'का' हुन्छ, 'सर्वा' को जस्तो रूप चल्दछ।

नपुं.

प्र. द्वि.	तत्, द्	ते	तानि
प्र. द्वि.	यत्, द्	ये	यानि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्र. द्वि.	एतत्, द्	एते	एतानि
" "	किम्,	के	कानि

अरू पुंलिङ्गकै जस्तो हुन्छ ।

'किम्' शब्ददेखि सबै विभक्तिमा 'चित्' 'चन्' लगाए पनि हुन्छ । जस्तै—कस्यचित्, कस्मैचित्, केनचन ।

पुं.

आयास—मिहिनेत

ओष्ठ—ओठ

मीन—माछा

कर्पूर—कपूर

पट—कपडा

आयुर्वेद—वैद्यशास्त्र

राजपुत्र—राजाको छोरो

काय—शरीर

मठ—मठ, सन्यासी बस्ने घर

कुम्भ—घडा

प्रदेश—ठाउँ

सीमन्त—सिउँदो

स्त्री.

अटवी—जङ्गल

दुर्गा—देवी

कलिका—कोपिला

मर्यादा—मर्यादा, साँध, हद ।

गा—गाई

दक्षिणा—दछिना

संख्या—गिन्ती

+द्यावापृथिवी—आकाश र पृथिवी

प्रतिज्ञा—कबूल

विसूचिका—हैजा

नपुं.

काञ्चन—सुन

संमार्जन—बढार्नु

वित्त—धन

रोदन—रुनु, रुवाइ

मरकत—पन्ना

चौर्य—चोरी

हीरक—हीरा

शृङ्ग—सीङ

सामर्थ्य—ताागत

पुराण—पुराण

प्रवाल—मूँगा

देवमन्दिर—देवताको मन्दिर

+यो शब्दको दुई वचनमा मात्र रूप चल्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषण

कुलीन-असल, मन्द भाग्य-अभागी, श्रुतिमत्-वेद जान्ने कुलमा पैदा भएको

अत्यन्त-खूब, ज्यादा | साध्य-गर्न सकिने
पूत-पवित्र | वितधृ-धारणा गरेको | स्निग्ध-चिल्लो
ब्रह्मवित्-ब्रह्मज्ञानी | श्रद्धेय-श्रद्धा गर्न लायक | दर्शनार्ह-हेर्न लायक
रहित-नभएको

१ म ग० प० प०

क्रुश्-कराउनु | वम्-उकेल्नु | चर्व्-चपाउनु
भण्-भन्नु | नि+ष्ठीव्-थुक्नु | तक्ष्-ताछ्नु

१ म० आ० प०

जृम्भ्-हाई गर्नु | व्यथ्-पीडित हुनु | लम्ब्-झुंडिनु

अभ्यास

नेपालीमा उल्था गर—

ते काष्ठं तक्षन्ति । अलसो जृम्भते । तेषां प्रतिज्ञा का ? एषा जात्याः कलिकामपि विचिनोति । एतयोराचारः श्रद्धेयः । तया राजपुत्रस्याऽऽयासो दृष्टः । को जलपूर्णम् कुम्भमानयत् ? एतस्मिन् वर्षे तस्माद् ग्रामात् के के आगताः ? यस्मिन्नगरे नृप आसीत्, तत्र कोऽपि मर्यादां नालङ्घत । जीवा जीर्णमेतं कायमुत्सृज्य पुनरन्यस्मिन् प्रविशन्ति । एतस्मिन् विवाहोत्सवे प्रवालस्य मरकतस्य च भूषणं दधत्यः कुमार्यः क्रीडन्ति । सः* कमपि नाभिद्रुह्यति !

---

* 'सः, एषः' देखि अ बाहेक अक्षर पर छ भने विसर्गको लोप हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

त्यो जङ्गलमा सीताको रुवाइ सुनेर बाल्मीकि आए। जसले यस जगत्लाई बनायो, ती ईश्वरलाई नमस्कार छ। यो सुनेर तिनले आफूलाई ठूलो अभागी ठान्नेछन्। यी राजाका छोराहरू सबै कुरामा सिपालु छन्। ती गाईको के काम, जसबाट दूध पाइँदैन। त्यसको मन पीरले आकुल नहोस्। तिनले लगाएका पन्नाको गहना हेर्न लायक छ। पहिले जुन काम बडो मुश्किलले गरिन्थ्ये, आजकल ती काम मशिन (यन्त्र) द्वारा सहजै गरिन्छन्। त्यो त्यही ठाउँ हो, जसमा हामीहरू पहिले खेल्दथ्यौं। जो नगीचै थिए, ती मन्त्रीहरूलाई राजाबाट हुकूम भयो। यी बूढी तिनै हुन्, जो यो ढुगाको मन्दिर बढाने काम गर्दछिन्। त्यो त्यही मानिस हो, जो हिजो बाटोमा दगुर्थ्यो। यो रोगी खाएको वस्तु उकेल्छ र बारंबार थुक्छ। यो केटीको कपालमा फूलका मालाहरू छन्। यी बालकहरू ओठ नभएको मानिस देखेर हाँस्छन्। नदीमा माछाको गिन्ती गर्न कोही पनि सक्तैन। मानिसहरू खानेकुरो चपाउँछन्।

पाठ ४३

इदम् शब्दका तीनै लिङ्गका रूपहरू—

पुं०

	ए. व.	द्वि. व.	ब. व.
प्र.	अयम्	इमौ	इमे
द्वि.	इमम्	इमौ	इमान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए व.	द्वि. व.	ब. व.
	अनेन	आभ्याम्	एभिः
च.	अस्मै	आभ्याम्	एभ्यः
प.	अस्मात्, द्	आभ्याम्	एभ्यः
ष.	अस्य	अनयोः	एषाम
स.	अस्मिन्	अनयोः	एषु

स्त्री.

प्र.	इयम	इमे	इमाः
द्वि.	इमाम्	इमे	इमाः
तृ.	अनया	आभ्याम्	आभिः
च	अस्यै	आभ्याम्	आभ्यः
पं	अस्याः	आभ्याम्	आभ्यः
ष	अस्याः	अनयोः	आसाम्
स	अस्याम्	अनयोः	आसु

नपुं०

प्र०	इदम्	इमे	इमानि
द्वि०	इदम्	इमे	इमानि

बाँकी पुंलिङ्गको जस्तो हुन्छ ।

अदस् शब्दको तीनै लिङ्गका रूपहरू—

	ए० व०	द्वि० व०	ब० व०
प्र०	असौ	अमू	अमी
द्वि०	अमूम्	अमू	अमून्
तृ०	अमुना	अमूभ्याम्	अमीभिः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
च०	अमुष्मै	अमूभ्याम्	अमीभ्यः
पं०	अमुष्मात्, द्	अमूभ्याम्	अमीभ्यः
ष०	अमुष्य	अमुयोः	अमीषाम्
स०	अमुष्मिन्	अमुयोः	अमीषु

स्त्री०

	ए. व.	द्वि. व.	ब. व.
प्र०	असौ	अमू	अमूः
द्वि०	अमूम्	अमू	अमूः
तृ०	अमुया	अमूभ्याम्	अमूभिः
च०	अमुष्यै	अमूभ्याम्	अमूभ्यः
पं०	अमुष्याः	अमूभ्याम्	अमूभ्यः
ष०	अमुष्याः	अमुयोः	अमूषाम्
स०	अमुष्याम्	अमुयोः	अमूषु

नपुं०

प्र०	अदः	अमू	अमूनि
द्वि०	"	"	"

अरू बाँकी पुंलिङ्गको जस्तै हुन्छ ।

कृपण-कञ्जूस	ईश-मालिक	जव-वेग
करिन्-हात्ती	सारङ्ग-मृग	विप्र-ब्राह्मण
गर्व-शेखी	पथिन्-बाटो	कर्मकार-मज्दूर
आलाप-बोली, कुरा गर्नु	प्रभव-उत्पत्तिस्थान मुहान	मधुकर-भमरा
वाजिन्-घोडा		तन्तु-धागो

Jayatu Sanskritam, Kathmandu, Nepal

परिवार-जहान
सङ्गम-भेट
हठ-हठ, जिद्दी
अर्द्धरात्र-आधारात
पुनर्वसु-फुनै राजा

स्त्री०

उर्वशी-कुनै अप्सरा, गर्भिणी-गर्भ रहेकी स्त्री प्रसववेदना-
वीथि(थी)-बाटो, पङ्क्ति ।
सुत्केरीको व्यथा
अप्सरस् ई -अप्सरा
भिक्षा-भीक
रीति-रीत
नासिका-नाक
बालिका-केटी
मधुमक्षिका-माउरी

नपुं०

लतागृह-लहराको घर
अरण्य-जङ्गल
अंशुक-वस्त्र
कज्जल-गाजल
साहस-आँट
आस्तरण-बिछ्याउना

विशेषण

प्रबुद्ध-बिउँझेको
प्राचीन-पुरानो
दुःखित-दुःखी
प्रसन्न-खुशी भएको
स्वादु-मीठो
व्याख्येय-व्याख्यान
आच्छन्न-ढाकिएको,
प्रदेय-दिनुपर्ने
गर्न लायक
भीरु-कातर
अप्रिय-मन नपरेको
दृश्य-हेर्न लायक

१ म ग० प० प०
नि + गूह् = लुक्नु
१ म ग० आ० प०
उद् + प्लू = उफ्रनु
१ म ग० उ० प०
वे (वय) = बुन्नु

ई यसको बहुवचन मात्र हुन्छ ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर —

अमुष्मिन्नरण्येऽनेन यथा बहवः सारङ्गाश्चरन्ति । असौ गर्भिणी प्रसववेदनयाऽमुष्मिन्नास्तरणे मूर्च्छति । परिचारकाः स्वामिनोऽप्रियं न कुर्वन्तु । मधुकराः पुष्पेभ्यो रसमाददति । परिवारेण सहितः करी वने विचरति । अप्सरस्सु सुन्दरीं प्रियतमां चोर्वशीं पुरूरवा अचुम्बत् । अस्मिल्लोके यत्क्रियते तस्य फलममुष्मिल्लोकेऽनुभूयते । प्राचीनां रीतिमनुसृत्य कज्जलस्य सिन्दूरस्य च धारिण्य इमा योषितः समागच्छन्ति । अमूषां नदीनां प्रभवो हिमालयः ।

संस्कृतमा अनुवाद गर—

यी कन्जूसहरूबाट ती गरीबहरूले भीक पाएनन् । यो खराब साहसलाई तिमी छोड्नेछौ । यस रीतले त्यो किताप व्याख्या गर्न लायक छ । यी गाग्राहरूबाट पानी चुहुन्छ । यी माउरीहरू फूलको रस जम्मा गरेर मह बनाउँछन् । यस पहाडको चुचुरोबाट आउन लागेको बाघलाई देखेर तिनीहरू डरले लुके । यो मानिस ती फल बेचेर यी राम्रा कपडा किन्न इच्छा गर्दछ । यी स्त्रीहरू आफ्ना जहानका लागि कपडा बुन्नेछन् । यी सज्जनहरूले शत्रुहरू पनि मित्र जस्तै सत्कार गरिन्छन् । यी घोडाहरू मध्ये यो वेगले उफ्रन्छ । यो केटी आमा र बाबुले दिएको वस्तु पनि शोखीले स्वीकार गर्दिन । यिनका जहानहरू विचार गरेर काम गर्नेछन् । यिनीहरू असल स्वभावले सबैको मन खुशी पराउनेछन् । आधारातमा चोरहरूको कुरा सुनेर यी कुईं उठे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

पाठ ४४

युष्मद् र अस्मद् शब्दको तीनै लिङ्गमा एकनासका रूप हुन्छन् ।

युष्मद्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	त्वम्	युवाम्	यूयम्
द्वि.	त्वाम्, त्वा	युवाम्, वाम्	युष्मान्, वः
तृ.	त्वया	युवाभ्याम्	युष्माभिः
च.	तुभ्यम्, ते	युवाभ्याम्, वाम्	युष्मभ्यम्, वः
पं.	त्वत्	युवाभ्याम्	युष्मत्
ष.	तव, ते	युवयोः, वाम्	युष्माकम्, वः
स.	त्वयि	युवयोः	युष्मासु

अस्मद्[१]

	ए. व.	द्वि. व.	ब. व.
प्र.	अहम्	आवाम्	वयम्
द्वि.	माम्, मा	आवाम्, नौ	अस्मान्, नः
तृ.	मया	आवाभ्याम्	अस्माभिः
च.	मह्यम्, मे	आवाभ्याम्, नौ	अस्मभ्यम्, नः
पं.	मत्	आवाभ्याम्	अस्मत्
ष.	मम, मे	आवयोः, नौ	अस्माकम्, नः
स.	मयि	आवयोः	अस्मासु

---

१ युष्मद् शब्दको वाम्, त्वा, ते, अस्मद् शब्दको मा, मे, नः, नौ र वः यहिले पनि कुनै वाक्यको अगाडि नराख्नू । तिनीहरूको पछाडि च वा एव आदि अव्ययहरू आउँदैनन् ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुं.

शैल = पहाड
चित्रकार = चित्रकार
भूतार्थ = भएको कुरा
कटाह = कराही
दास = नोकर
गवाक्ष = आँखिझ्याल
शिल्पिन् = कालिगड
द्रुम = रूख

शुभमुहूर्त = साइत
कम्बल = काम्लो
वासर = बार
विक्रय = बिक्री
सवितृ = सूर्य
विलाप = बिलौना
पर्यङ्क = पलङ
मातामह = आमाको बाबु

आत्मज = छोरो
आपणिक = पसले
चर = दूत चेवा
संभ्रम = हडबड
जीरक = जीरा
वियोग = विछोड
व्याधि = रोग
दौहित्र = छोरीको छोरो

स्त्री०

पंक्ति = लहर
मातस्वसृ = सानीमा

नपुं०

ताडन = पिट्नु
दैव = भाग्य
उद्धरण = उद्धार गर्नु
निमित्त = कारण
व्यसन = अम्मल, दुःख
श्राद्ध = श्राद्ध (श्रद्धाले गरिने पितृकार्य)।
उपधान = तकिया
वल्कल = बोक्रो

विशेषण

विश्वास्य = विश्वास गर्न लायक
कारुणिक = दयावान्
निष्फल = फल नभएको
वक्र = बाङ्गो
स्थविर = बूढो
वर्तुल = बाटुलो
पर्याकुल = विह्वल
साधारण = मामूली
स्वच्छ = सफा
निरर्थक = बेकामको
आतुर = रोगी
वामन = पुड्के (बाउन्ने)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१ म ग० प० प०

अव् = रक्षा गर्नु　　　　　　　　वि + लप् = विलौना गर्नु

४ र्थ ग० आ० प०

तप् = पीर मान्नु

१० म ग० उ० प०

पार् = काम सिध्याउनु

अभ्यास

नेपालीमा उल्था गर—

त्वं मां विश्वास्यं न मन्यसे । मम वर्तुलमुपधानं कुत्र वर्तते । तवात्मजस्य वृत्तान्तज्ञानाय मया चरः प्रहितो वर्तते । कारुणिकाः सत्यवादिनः स्थविराः साक्षिणोऽधिकरणे मह्यं भूतार्थमवदन् । मातामहो दौहित्रेभ्यो मिष्टान्नमददात् । चित्रकारः संभ्रमेण तव चित्रं नालिखत् । गवाक्षे स्थिता मानिन्यस्त्वां मां च न पश्यन्ति । दासस्तव स्वच्छं कम्बलं वक्रं दण्डञ्चानयत् । आपणिको मम महति कटाहे विक्रयाय मिष्टान्नं रचयति । निरर्थकं पुत्रस्य ताडनं कुर्वता त्वया निष्फलं कार्यं कृतम् ।

संस्कृतमा अनुवाद गर—

तिमी दुईका बाबु कहाँ छन् ? तिमीसँग हामी वनमा जान्छौं । घोडा चढेर हामीहरू तिमी दुईको घरमा गयौं । तिम्रो छोरा बाटामा आउन लागेको बाउन्ने बूढालाई देखेर अचम्म मान्दछ । दुःखले विह्वल भएको मानिसको उद्धार गर्नु हाम्रो कर्तव्य हो । हामीहरूमाथि तपाईंको ठूलो अनुग्रह छ । पूज्य गौतमले मलाई त्यो काम अह्राउनुभयो । हामी दुई सधैं आमाको टहल गरौं र खुशी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तुल्याऔं । मेरी सानीमाका दुई छोरा छन्, तर जेठा साह्रै मूर्ख र कान्छो खूब चलाक छ । ए गोपाल ! तिमी घेरै बिलौना नगर, तिम्री आमा चाँडै नै आउनेछिन् । तिमीदेखि मलाई ज्यादै नै दया उठ्यो । म असल साइतमा पहाडमा गएर काम सिध्याउनेछु । तिम्रो भाइको सारा दिन अम्मल, निद्रा र झगडा ले बित्छ । सूर्यका किरणहरू एकछिनमा नै पृथ्वीमा आइपुग्छन् र हामी सबैको रक्षा गर्दछन् । हाम्रो बिछोडबाट धीर नमान । मैले आइतवारका दिन तिम्रो अनुग्रहले दुःख-समुद्र पार गरें । कालिगडले मेरो घर बनायो ।

पाठ ४५

एक = एक

द्वि = दुई

त्रि = तीन

चतुर् = चार

पञ्चन् = पाँच

षष् = छ

सप्तन् = सात

अष्टन् = आठ

नवन् = नौ

दशन् = दस

एकादशन् = एघार

चत्वारिंशत् = चालीस

पञ्चाशत् = पचास

षष्टि = साठी

द्वादशन् = बाह्र

त्रयोदशन् = तेह्र

चतुर्दशन् = चौध

पञ्चदशन् = पन्ध्र

षोडशन् = सोह्र

सप्तदशन = सत्र

अष्टादशन = अठार

नवदशन / एकोनविंशति = उन्नाईस

विंशति = बीस

त्रिंशत् = तीस

नवति = नब्बे

शत = सय

सहस्र = हजार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तति = सत्तरी | लक्ष = लाख
अशीति = अस्सी | कोटि = करोड

'एक' शब्दको रूप सर्वको पुं० मा नपुं० जस्तो र स्त्री० मा सर्वा जस्तो चल्छ ।

'द्वि' शब्दको द्विवचन मात्र हुन्छ । पुं० र नपुं० मा 'द्वि' को जस्तो र स्त्री० मा 'द्वा' को जस्तो रूप चल्दछ ।

'त्रि' को बहुवचन मात्र हुन्छ । पुं० मा अरू इकारान्तको जस्तै रूप चल्दछ ।

षष्ठीका बहु० मा त्रयको जस्तो हुन्छ । जस्तै—त्रयाणाम् ।

प्र०	द्वि०	तृ०	च०	पं०	ष०	स०
त्रयः	त्रीन्	त्रिभिः	त्रिभ्यः	त्रिभ्यः	त्रयाणाम्	त्रिषु

स्त्री०

(प्र. द्वि.) तिस्रः (तृ.) तिसृभिः (च. पं.) तिसृभ्यः (ष.) तिसृणाम् (स.) तिसृषु ।

नपुं.

(प्र. द्वि.) त्रीणि, अरू पुंलिङ्ग जस्तै हुन्छन्,

'चतुर्' को	पुं.	स्त्री.	न.
प्र.	चत्वारः	चतस्रः	चत्वारि
द्वि.	चतुरः	"	"
तृ.	चतुर्भिः	चतसृभिः	चतुर्भिः
च.	चतुर्भ्यः	चतसृभ्यः	चतुर्भ्यः
पं.	"	"	"
ष.	चतुर्णाम्	चतसृणाम्	चतुर्णाम्
स.	चतुर्षु	चतसृषु	चतुर्षु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चन्

प्र.	द्वि.	तृ.	च.	पं.	ष.	स.
पञ्च,	पञ्च,	पञ्चभिः	पञ्चभ्यः,	पञ्चभ्यः	पञ्चानाम्,	पञ्चसु

षष्

प्र.	द्वि.	तृ.	च.	पं.	ष.	स.
षट्	षट्	षड्भिः	षड्भ्यः	षड्भ्यः	षण्णाम्	षट्सु

'सप्तन्' देखि 'नव, दश' सम्म 'पञ्चन्' शब्दकै जस्ता रूप चल्दछन् । 'विंशति' शब्ददेखि 'नवति' सम्म एकवचन र स्त्रीलिङ्गमा मात्र प्रयोग हुन्छ । जस्तै—विंशतिर्ब्राह्मणाः ।

दुई बीस, तीन बीस बुझाएको छभने द्विवचन, बहुवचनमा पनि प्रयोग हुन्छ ।

शत, सहस्र नपुंसकमा रहन्छ ।

केही संख्येयवाचक शब्दहरू—

प्रथम = पहिलो
द्वितीया = दोस्रो
तृतीया = तेस्रो
चतुर्थ = चारौं, चौथो
पञ्चम = पाचौं
षष्ठ = छैठौं
सप्तम = सातौं
अष्टम = आठौं
नवम = नवौं
दशम = दशौं
एकादशतम = एघारौं
द्वादशतम = बाह्रौं
त्रयोदशतम = तेह्रौं
चतुर्दशतम = चौधौं
पञ्चदशतम = पन्ध्रौं
षोडषतम = सोह्रौं
सप्तदशतम = सत्रौं
अष्टादशतम = अठारौं
नवदशतम = उन्नाईसौं
विंशतितम = बीसौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विंशति आदि शब्द संख्येयवाचक पनि हुन्छन् । जस्तै– विंशतितम = बीसौं, त्रिंशतम = तीसौं ।

प्रथम शब्दको प्रथमाको बहु. मा 'प्रथमाः' हुन्छ ।

द्वितीय र तृतीयको चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमीको एकवचनमा सर्व र रामको जस्तो चतुर्थीको एकवचन आदिमा २ रूप भई बाँकी आकारान्त स्त्रीलिङ्ग जस्तो हुन्छ । जस्तै– द्वितीयस्मै, द्वितीयाय ।

स्त्रीलिङ्गमा पनि माथिको जस्तो चतुर्थीको एकवचनमा आदिमा २ रूप भई बाँकी आकारान्त स्त्रीलिङ्ग जस्तो हुन्छ ।

जस्तै– द्वितीयस्यै, द्वितीयायै ।

चतुर्थी शब्ददेखि ईकारान्त स्त्रीलिङ्गको जस्तो रूप चल्दछ । नपुंसकमा अकारान्त नपुंसकको जस्तो चल्दछ ।

पुं.

श्वसुरालय = ससुराली — यवाङ्कुर = जमरा

अध्याय = भाग — शुम्भ = कुनै दैत्य

स्त्री.

सप्तशती = चण्डी (सात सय श्लोक भएको)

नपुं.

लोमन् = रौं

१ म ग. प. प.

ध्मा (धम्) = फुक्नु — नि + सिध् = रोक्नु

श्च्युत् (श्च्योत्) = चुहुनु — ह्रास = घट्नु

घुष् = फलाक्नु — बुक्क् = भुक्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१ म ग० उ० प०

आ+श्रि =आश्रय गर्नु   व्यय् =खर्च गर्नु

अभ्यास

नेपालीमा उल्था गर—

ते त्रयः पुरुषाः पञ्च सहस्राणि रूप्यकाण्यर्जन्। परीक्षायामेष प्रथमो जातो विंशतिरूप्यकाणि चालभत। एतास्तिस्रो बालिकाः पञ्चानामतिथीनामादरमकुर्वन्। पञ्चाशद् ब्राह्मणास्तमाश्रयन्ति। षतस्रो विद्या नृपोऽशिक्षत। त्रयस्त्रिंशद्वै देवा अष्टौ वसव एकादश रुद्रा द्वादशाऽऽदित्याः प्रजापतिर्वषट्कारश्च।

संस्कृतमा अनुवाद गर—

मेरा दस गाग्रीहरूमध्ये यी तीन चुहुन्छन्। मेरा चार छोरामा साहिंलो हिसाबमा वेश छ। अभ्यास नगर्ने यी सात केटाको विद्या घट्नेछ। नुहाएर बागमतीको किनारमा बसेका यी बाह्र ब्राह्मणहरू मन्त्र जप्तछन्। यी आठ मूर्खहरू विचार नगरी फलाक्तछन्, यसैले सजायँ पाउनेछन्। आउन लागेको मानिस देखेर त्यस ढोकामा रहेका यी दुई कुकुर भुक्तछन्। यस साल उनान्सय लडकाहरू जाँच गरिए, तर चवालीस मात्र पास भए। मनुस्मृतिका बाह्र अध्याय छन्, फेरि यसका सातौं र आठौं अध्यायमा राजाको धर्म बताइएको छ। आश्विनको शुक्लपक्षको दशमीका दिन दुर्गाको पूजा सिद्धचाई जमराप्रसाद लगाउँछन्। चण्डीका चारौं र एघारौं अध्यायमा भगवतीको विशेष स्तुति छ। यो सतहत्तर बिरुवाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानी नपर्नाले वैलाउंछन् । मानिसका शरीरमा तीन करोड पचास लाख रौं हुन्छन् । यी चार स्त्री मुखले आगो फुक्तछन् । बाबुले ठूलो कष्टले कमाएको धन यी चार स्वाँठहरू बेकाममा खर्च गर्छन् । यिनीहरू पहिलो बालकलाई गाली गर्छन् । यी पाँच गरीब ती जोगीको आश्रय गर्छन् ।

प्रश्न

(१) यद्, किम्, एतद् शब्दको द्वितीयामा कस्तो रूप हुन्छ ?

(२) अदस् र इदम् शब्दका पुं०, स्त्री०, नपुं० को द्वितीया र षष्ठीमा रूप लेख ।

(३) युष्मत् र अस्मद् शब्दका चतुर्थी र सप्तमीमा कस्तो रूप हुन्छ ?

(४) द्वि, त्रि, चतुर् यी शब्दका तीनै लिङ्गमा रूप लेख ।

☆

पाठ ४६

पञ्चम गणी धातु र प्रत्ययका बीचमा 'नु' लाग्दछ । परस्मैपदमा प्रथम, मध्यम, उत्तमपुरुषको एकवचनको 'नु' गुण हुंदा 'नो' हुन्छ । जस्तै- चि+नु+ति=चिनोति । उत्तमपुरुषका द्वि० र ब० व० मा हलन्त धातुबाहेक 'नु' का उकारको विकल्पले लोप हुन्छ । जस्तै- चिनुवः, चिन्वः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	चिनोति	चिनुतः	चिन्वन्ति
म.	चिनोषि	चिनुथः	चिनुथ
उ.	चिनोमि	चिनुवः, चिन्वः	चिनुमः, चिन्मः

	ए. व.	द्वि. व.	ब. व.
प्र.	चिनुत	चिन्वाते	चिन्वते
म.	चिनुषे	चिन्वाथे	चिनुध्वे
उ.	चिन्वे	चिनुवहे, चिन्वहे	चिनुमहे, चिन्महे

आठौं गणी धातु र प्रत्ययको बीचमा 'उ' रहन्छ । परस्मैपदमा प्र., म., उ., को एकवचनमा गुण हुन्छ ।

लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	तनोति	तनुतः	तन्वन्ति
म.	तनोषि	तनुथः	तनुथ
उ.	तनोमि	तन्वः, तनुवः	तन्मः, तनुमः

	ए० व०	द्वि० व०	ब० व०
प्र०	तनुते	तन्वाते	तन्वते
म०	तनुषे	तन्वाथे	तनुध्वे
उ०	तन्वे	तन्वहे, तनुवहे	तन्महे, तनुमहे

लङ्

	ए० व०	द्वि० व०	ब० व०
प्र०	अचिनोत्	अचिनुताम्	अचिन्वन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
म.	अचिनोः	अचिनुतम्	अचिनुत
उ.	अचिनवम्,	अचिन्व, अचिनुव	अचिन्म, अचिनुम

	ए. व.	द्वि. व.	ब. व.
प्र.	अचिनुत	अचिन्वाताम्	आचिन्वत
म.	अचिनुथाः	अचिन्वाथाम्	अचिनुध्वम्
उ.	अचिन्वि	अचिनुवहि, अचिन्वहि	अचिनुमहि, अचिन्महि

आठौं गणी 'तन्' को रूप यही बमोजिम हुन्छ ।

पुं०

असुर = दैत्य

स्त्री०

लघुता = हल्कापन

सरयू = कुनै नदी

नपुं.

उपवन = बगैंचा

चर्मचक्षुष् = छालाको आंखा

राजकुल = राजाको कुल, दरबार

विशेषण

सूर्यवंशोद्भव = सूर्यको कुलमा पैदा भएको । दण्डनीय = दण्ड गर्न लायक । दुर्लभ = पाउन मुश्किल । हृदयमर्मच्छिद् = मुटु छेड्ने ।

अव्यय

किमिति = किन

प्रतिवर्षम् = हरसाल

पुनः = फेरि

यतः = जसबाट, जता

पांचौं गणी धातु

आ. प.–अस् = व्याप्त हुनु प. प.–धृष्–साहस गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उ. प.–आप् = पाउनु
उ. प.–चि = जम्मा गर्नु
प. प.–दु = दुखाउनु
उ. प.–धू = हल्लाउनु
प. प.–साध् = सिद्ध गर्नु
उ. प.–आ + स्तृ = बिछ्याउनु
प. प.–प्र + हि = पठाउनु

उ. प.–वृ = वरण गर्नु
उ. प.–आ + वृ = ढाक्नु
उ. प.–वि + वृ = बयान गर्नु
प. प.–शक् = सक्नु
उ. प.–सु = नुहाउनु,
रस् = फिक्नु
उ. प.–परि + चि = चिन्नु

आठौं गणो

उ. प.–कृ = गर्नु
" "–अङ्गी + कृ = स्वीकार गर्नु
" "–तिरस् + कृ = हेला गर्नु

उ. प.–वशी + कृ = वश गर्नु
उ. प. –आविष् + कृ = प्रकट गर्नु

अभ्यास

नेपालीमा उल्था गर—

प्रत्यहं प्रातरुत्थायोपवनं गत्वा पुष्पाण्यवचिनोमि। लक्ष्मणो महान्तं कालं किमपि नैवाऽभक्षयत्। जनको दूतानयोध्यायां प्राहिणोत्। प्रत्यहं चातको वारिवाहाज्जलं याचते, किन्तु प्रायो न प्राप्नोति। आवां प्रासादस्य द्वारं संवृणुवः। इत्थं कुकार्यकरणेन स्वयमेव लघुतामाविष्करोषि। कृपणाः केवलं धनं संचिन्वन्ति न च कस्मैचिदपि प्रयच्छन्ति। द्वारस्थो पुरुषो राजकुलस्य द्वारमपावृणुते। गगनं परितो मेघा वृण्वते। बुद्धो दयालुत्वात् कञ्चिदपि नाऽदुनोत्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

म त्यो ग्रन्थको आशय बयान गर्छु । कविहरू वीर राजाहरूको कीर्ति दसै दिशामा फैलाउँछन् (तन्) । दुःखी भएको मलाई व्यर्थ किन मुटु छिड्ने वचनले दुखाउँछौ (दु) । आफ्नो सुकर्मको फल यहीं पाउँछन् (आप्) । पूज्य मुनिहो ! तपाईंहरू किन संसारको सुख छोडेर जङ्गलको वास मंजूर गर्नुहुन्छ (अङ्गी+कृ) ? हे भगवान् ! यी छालाका आँखाले हामी हजूरको दर्शन पाउन सक्तैनौं (शक्) । असल काम र उद्योगले मानिसको नाउँ संसारमा फैलिन्छ (तन्) । गुरुले आफ्ना चेलाहरूलाई पाणिनिको व्याकरण व्याख्यान गरे (वि+वृ) । लोभीहरू खालि पैसा जम्मा गर्छन् (चि), कहिले पनि उपकार गर्दैनन् (उप्+कृ) । धीर मानिसहरू आफ्नो काम बुद्धिद्वारा सिद्ध गर्छन् (साध्) । मैले एउटा बानरलाई देखें, जो हरबखत लामो पुच्छर हल्लाउँथ्यो (धू) । उद्योग गरेर पनि मैले फल पाइनँ (आप्), अब यसमा मेरो दोष छैन । यो असल काम गर्नाले हामी दुईले ठूलो धर्म जम्मा गर्‍यौं (चि) । ती राजाका शत्रुहरूले लड्न साहस गरे (धृष्) । सूर्यवंशी राजाहरूले सरयूका किनारमा ठूला ठूला यज्ञ गरे (कृ) । राजाबाट मलाई शत्रुका देशको हाल बुझ्न पठाइबक्सियो (प्र+हि) । तिमीहरूले शत्रुका किल्लाका ढोका खोल्यौ (अप्+आ+वृ) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ४७

पाचौं गणी धातुको लोट्मा हलन्त धातु छभने मध्यम पुरुषको एकवचनमा 'हि' थपिन्छ, अरू माथिकै जस्तो हुन्छ ।

	जस्तै–ए. व.	द्वि. व.	ब. व.
प्र.	आप्नोतु	आप्नुतम्	आप्नुवन्तु
म.	आप्नुहि	आप्नुतम्	आप्नुत
उ.	आप्नवानि	आप्नवाव	आप्नवाम

तन्, लोट्,

	ए. व.	द्वि. व.	ब. व.
प्र.	तनोतु	तनुताम्	तन्वन्तु
म.	तनुहि	तनुतम्	तनुत
उ.	तनवानि	तनवाव	तनवाम

चि, आत्मनेपद लोट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	चिनुतम्	चिन्वाताम्	चिन्वताम्
म.	चिनुष्व	चिन्वाथाम्	चिनुध्वम्
उ.	चिनवै	चिनाववहै	चिनवामहै

तन् आ० लोट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	तनुताम्	तन्वाताम्	तन्वताम्
म.	तनुष्व	तन्वाथाम्	तनुध्वम्
उ.	तनवै	तनवावहै	तनवामहै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चि, विधिलिङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	चिनुयात्	चिनुयाताम्	चिनुयुः
म.	चिनुयाः	चिनुयातम्	चिनुयात
उ.	चिनुयाम्	चिनुयाव	चिनुयाम

तन्, विधिलिङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	तनुयात्	तनुयाताम्	तनुयुः
म.	तनुयाः	तनुयातम्	तनुयात
उ.	तनुयाम्	तनुयाव	तनुयाम्

आ० प० चि, विधिलिङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	चिन्वीत	चिन्वीयाताम्	चिन्वीरन्
म.	चिन्वीथाः	चिन्वीयाथाम्	चिन्वीध्वम्
उ.	चिन्वीय	चिन्वीवहि	चिन्वीमहि

तन् आ० प० विधिलिङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	तन्वीत	तन्वीयाताम्	तन्वीरन्
म.	तन्वीथाः	तन्वीयाथाम्	तन्वीध्वम्
उ.	तन्वीय	तन्वीवहि	तन्वीमहि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पु.

वु थ = कारपेट
नराधिप = राजा
वृत्तान्त = हाल
खदिर = खयर
नागरिक = शहरिया

स्त्री.

उपलब्धि = थाहा पाउनु
पठः शैली = पढाइको चाल
वृत्ति = जीविका
सहायक = मद्दत गर्ने

नपुं.

अङ्गद = बाजु
कार्पण्य = कञ्जूसी
किल्विष = पाप
भ्वकार्य = भोलिको काम
अशन = खानु
कुण्डली = चौगडी
वार्धक्य (क) = बुढ्याइँ

विशेषण

अनपकारित् = बिगार नगर्ने
निविड = घना, बाक्लो
ईप्सित = इच्छा गरिएको
धार्मिक = धर्मात्मा
एतादृश् = यस्तो
मामक = मेरो
प्रीत = खुशी भएको
निपतित = खसेको

अव्यय

इह + एव-इहैव = यहीं नै
किमिति चेत् = किनभने
भूयः = फेरि
नूनम् = निश्चय
नीचैः = तल
यदा = जहिले
यदि = यदि, भने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

महाराज ! तवैतेन विनयेन प्रीताः स्मः गुणवन्तं धार्मिक-मात्मजमाप्नुहि । वीरो दुष्टं धृष्णुयात् । वर्णाश्रमधर्मं सर्वेषु देशेषु तनुयाम । किल्विषस्य फलमिहैव समाप्नुयाः । दुःखपीडितं जनं दुष्टवचोभिर्मा दुन्वन्तु । तात ! प्रसन्नोऽस्मि तवैतेन वीणाविज्ञानेन, किं ते प्रियं करवाणि ?

संस्कृतमा अनुवाद गर—

त्यो नोकर कोठामा कारपेट ओछ्याओस् (स्तृ) । गुरुले अह्राउनुभयोभने हामी यो काम गरौं (कृ) । तिमीहरू त्यस दुष्टलाई हेलां गरौला (तरस्+कृ) । बलिया भए तापनि बुद्धिमान् मानिसहरू निर्धालाई दुःख नदिऊन् (दु) । हामी छोराहरूलाई पढ्न काशी पठाऔं (प्र+हि) । जसरी हुन्छ हामीहरू यो काम फेरि चाँडो सिद्ध गरौं (साध्) । बिचरा ती चराहरूलाई सित्तैं यसरी दुःख नदेऊ (दु) । यो कुराले आफ्नो कञ्जूसी प्रकट नगर (आविष्+कृ) । जो आफ्नो दुःख नाश गर्न चाहन्छ, त्यो अरूलाई दुःख नदेओस् (दु) । तपाईंहरू यो रूख हल्लाउनु-होस् (धू) र तल झरेका फल जम्मा गर्नुहोस् (चि) । हे शहरियाहो ! तिमीहरू सुन (श्रु) । जहिले जो खराब काम गर्छ, त्यो यस्तो सजायँ पाउँछ (आप्) । मेरो बाजु र कुण्डल चाँडै पठाए । महाराज ! हजूरको कीर्ति दसै दिशामा फैलियोस् (तन्) । भोलिको काम आज सिध्याऊ (साध्) । तपाईंहरूको मद्दत पायौंभने हामीहरूलाई दुष्टहरू निश्चय हमला गर्न साहस गरोइनन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(धृष्) । झ्याल खोल (अप्+आ+वृ) र आँगनमा को आएको छ, हेर । भगवान्को भक्तिले बिताएको कुरा पाऊ (आप्) ।

❋

पाठ ४८

नवौं गणो धातुको र प्रत्ययको बीचमा 'ना' रहन्छ, कहीं 'नी' पनि हुन सक्दछ ।

लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	क्रीणाति	क्रीणीतः	क्रीणन्ति
म.	क्रीणासि	क्रीणीथः	क्रीणीथ
उ.	क्रीणामि	क्रीणीवः	क्रीणीमः

लोट्

प्र.	क्रीणातु	क्रीणीताम्	क्रीणन्तु
म.	क्रीणीहि	क्रीणीतम्	क्रीणीत
उ.	क्रीणानि	क्रीणीव	क्रीणीम

लङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	अक्रीणात्	अक्रीणीताम्	अक्रीणन्
म.	अक्रीणाः	अक्रीणीतम्	अक्रीणीत
उ.	अक्रीणाम्	अक्रीणीव	अक्रीणीम

लिङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	क्रीणीयात	क्रीणीयाताम्	क्रीणीयुः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
म.	क्रीणीयाः	क्रीणीयातम्	क्रीणीयात
उ.	क्रीणीयाम्	क्रीणीयाव	क्रीणीयाम

पुं.

वृत्र = कुनै दैत्य
मन्थनदण्ड = मदानी
गीर्वाण = देवता
समीरण = हावा
महीरुह = रूख
नूपूर[1] = पाउजेब
कपट-प्रबन्ध = कपटी चाल
गोदोहनकाल = गाई दुहुने बखत

कृमि = कीरा
क्ष्माभृत् = राजा, पहाड
वैश्वानर = अग्नि
विदर्भ = बरार प्रान्त
मरुत्सुत = हनुमान्
कट = गुन्द्री
हसक = कल्ली

स्त्री.

बरूथिनी = फौज
इन्दुमती = अजकी रानी

नपुं.

शुल्क = मोल, कर, भाडा
कुवीथि = खराब बाटो
तीर्थोदक = तीर्थको जल

कौशेय = रेशमी कपडा
कानन = जङ्गल
उपकरण = सामान

विशेषण

परिचाय = टहलुवा
अपेक्षित = चाहिएको
श्मश्रुल = जुङ्गादाह्री भएको
सार्वभौम = चक्रवर्ती

जवन = खूब वेग भएको
अनाद्यनन्त = आदि र अन्त्य नभएको
गलित = गरेको

---

१ नूपूर शब्द नपुंसक लिंगमा पनि रहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९ म गणी धातु

प. प.

अश् = खानु

क्लिश् = दुःख दिनु

ग्रन्थ् = गाँस्नु

बन्ध् = बाँध्नु

मन्थ् = मथ्नु

मुष् = चोर्नु

जॄ = बूढो हुनु

दॄ = च्यात्नु

मृद् = माड्नु, मार्नु

उभयपदी

क्री = किन्नु

ग्रह = लिनु

[1]लू = काट्नु

वृ = वरण गर्नु (छान्नु)

पू = पवित्र गर्नु

वि + क्री = बेच्नु

स्तृ = ढाक्नु

ज्ञा (जा) = जान्नु

धू = हल्लाउनु

अभ्यास

नेपालीमा उल्था गर—

रे परिचारक ! किमर्थमद्य भूमिं कटैःकुशैश्च नास्तृणाः । भगवते नाराणाय समर्पयितुं स्रजं ग्रथ्नामि । समीरणो महीरुहाणां शिखराणि धुनोति । अत्र स्थिरं स्थातुं न शक्नोमि यतोऽत्र कृमयो मां क्लिश्नन्ति । शस्त्राणां तत्वं जानीयाम । कन्यायाः शुल्कं पितरो न गृण्हीयुरिति शास्त्रे विलोक्यते । देवा नलं वरंरन्वगृण्हन् । भो भगवन् ! मां पुनातु भवान् । अयि सखि ! उद्धतं व्रजन्त्यास्तव राज पथे गलितं हंसकं नूपुरं च गृहाण । साधुः स्वप्नेऽपि दुष्टां वाणीम् न संगृण्हाति ।

१ लू आदि केही धातुको अन्त्यको दीर्घ अच् ह्रस्व हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

यी रेशमी लुगाहरू कहाँ किन्यौ (क्री) ? मसँग लड्न धेरैं पहलमानहरू आएका थिए, तिनीहरूलाई मैले मारिदिएँ (मृद्)। यो गोठालाहरू गाई दुहुने वेलामा बाच्छालाई डोरीले बाँढ्छन् (बन्ध्)। यस जङ्गलका सारा रूखहरू काट र खेत बनाऊ। चक्रवर्ती राजा रघुले लडाईंमा जुङ्गा र दाह्री भएका शत्रुका टाउकाले जमीन ढाके (स्तृ)। तीर्थको जल र सज्जनको उपदेशले पापीहरूलाई पनि पवित्र गराउँछ (पू)। आदि र अन्त्य नभएको परमेश्वरको तत्व कसरी जानौं (ज्ञा) ? अर्काको धन नचोर (मुष्), किनकि यसबाट दण्ड पाइन्छ। एकादशीका दिनमा हामी केही पनि नखाऔं (अश्)। सबै धान वेच (वि+क्री) र रुपियाँ देऊ। तिमीले त्यो दुष्टको कपटी चाल जानेनौ (ज्ञा)। खराब बाटोमा जान लागेको मनलाई रोक (नि+ग्रह्)। देवताहरूले मन्दराचललाई मदानी बनाएर समुद्र मथे (मन्थ्)। तिमीहरूदेखि भगवान् खुशी हुनुहोला र अनुग्रह गर्नुहोला (अनु+ग्रह्)। अर्काको पुस्तक नलेऊ (ग्रह्)। दुई सय रूपियाँले खूब वेग भएको घोडा किनौं (क्री)। सँगिनी ! त्यो बालकले तिम्रो पाउजेब र कल्ली हल्लायो (धू)। जो असल चरित्रले कुल पवित्र गराउँछ ऊ दुनियाँमा ठूलो मान पाउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ४९

उपसर्ग लाग्दा प्रायः धातुको अर्थ फरक हुन्छ ।

परि+कृ-परिष्करोति=सुधार्छ । अलं+कृ-अलङ्क-रोति =सिंगार्छ । अप्+कृ-अपकरोति=बिगार्छ । प्र+क्रम-प्रक्रमते =शुरु गर्छ । परा+क्रम्-पराक्रमते=पराक्रम गर्छ । सं+क्रम्- संक्रामति=सर्दछ । अति+क्रम्-अतिक्रमति=नाघ्दछ । निर्+ क्रम्-निष्क्रमति=निस्कन्छ । आ+क्रम्-आक्रमति=घ्याँक्तछ । परि+क्रम्-परिक्रमति=घुम्दछ । वि+क्री-विक्रीणीते=बेच्तछ । आ+क्षिप्-आक्षिपति=निन्दा गर्छ । अनु+ग्रह्-अनुगृण्हाति= अनुग्रह गर्छ । नि+ग्रह-निगृण्हाति=दण्ड गर्छ । प्रति+ग्रह्- प्रतिगृण्हाति=दान लिन्छ । निर्+चि-निश्चिनोति=निश्चय गर्छ । सं+चि-सञ्चिनोति=जम्मा गर्छ । परा+जि-पराजयते= हार्दछ । अप्+ज्ञा-अपजानीते=लुकाउँछ । प्रति+ज्ञा-प्रतिजानीते कबूल गर्छ । उद्+तृ-उत्तरति=उत्रन्छ । आ+दिश्-आदिशति =आज्ञा गर्छ । निर्+दिश्-निर्दिशति=देखाउँछ । उप्+दिश्- उपदिशति=सिकाउँछ । सं+दिश्-संदिशति=समाचार दिन्छ । प्र+ईक्ष्-प्रेक्षते=हेर्छ । परि+ईक्ष्-परीक्षते=जाँच गर्छ । अप् +ईक्ष्-अपेक्षते=अपेक्षा गर्छ (वास्ता राख्छ) । सम्+आ+धा- समादधाति=समाधान गर्छ ।

अनु+मन्-अनुमन्यते=मञ्जूर गर्छ । वि+मन्-विमन्यते =बेमञ्जूर पर्छ । परि+मा-परिमाति=नाप्तछ । निर्+मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-निर्माति = बनाउँछ । नि + मील्- निमीलति = चिम्लन्छ । उत् + मील्-उन्मीलति = उघ्रन्छ । प्र = लप्-प्रलपति = बर्बराउँछ । वि + लप्-विलपति = बिलौना गर्छ । अनु = वद्-अनुवदति = अनुवाद गर्छ । परा + अय्-पलायते = भाग्छ । उत् + अय्-उदयते = उदाउँछ । वि + आप्-व्याप्नोति = ढाक्तछ । सम् + आप् -समाप्नोति = सिध्याउँछ । वि + वद्-विवदति = झगडा गर्छ । सं = हृ-संहरति = संहार गर्छ । वि + अव् + हृ-व्यवहरति व्यवहार गर्छ । उद् + आ-उदाहरति = उदाहरण दिन्छ ।

अधि + इ--अधीते = पढ्दछ । सं + कुङ्--सङ्कुचति = खुंचिन्छ । आ + दृ-आद्रियते = आदर गर्छ ।

तेस्रो गणी धातु दोहोरिन्छ अघिल्लोचाहिं ह्रस्व हुन्छ । धातुको आद्यक्षर वर्गको चौथो छभने तेस्रो र 'ह' छभने 'न' हुन्छ । जस्तै-भी + ति = भी + भी + ति = बिभेति । हा + ति = हा + हा + ति = जहाति ।

(भी) लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र०	बिभेति	बिभीतः	बिभ्यति
म०	बिभेषि	बिभीथः	बिभीथ
उ०	बिभेमि	बिभीवः	बिभीमः

लोट्

	ए. व.	द्वि. व.	ब. व.
प्र०	बिभेतु	बिभीताम्	बिभ्यतु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
म.	बिभीहि	बिभीतम्	बिभीत
उ.	बिभयानि	बिभयाव	बिभयाम

(भृ) लङ

प्र.	अबिभः	अबिभृताम्	अबिभरुः
म.	अबिभः	अबिभृतम्	अबिभृत
उ.	अबिभरन्	अबिभृव	अबिभृम

(हा) लिङ

प्र.	जह्यात्	जह्याताम्	जह्युः
म.	जह्याः	जह्यातम्	जह्यात
उ.	जह्याम्	जह्याव	जह्याम

प० प०

भी = डराउनु–बिभेति
ह्री = लाज मान्नु–जिह्रेति
हा = छोड्नु–जहाति
हु = होम गर्नु–जुहोति

उ. प.

भृ–धारण गर्नु = बिभर्ति
धा–धारण गर्नु = दधाति
दा–दिनु = ददाति

आ. प.

मा–नाप्नु = मिमीते

पु.

ऋक्ष = भालु
लोकापवाद = दुनियांको भनाइ
कुडव = कुरुवा
शार्दूल = बाघ

स्त्री.

नववधू = नयां बुलही
मसिधानी = मसीको भाँडो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नपुं.

आभरण = गहना

द्रविण = धन, बल

कैतव = छल

निःश्रेयस = कल्याण

विशेषण

काकुत्स्थ = ककुत्स्थका कुलमा पैदा भएको

निर्वसन = लुगा नलगाएको

महायशस् = ठूलो कीर्ति भएको

होतृ = होम गर्ने

द्वेषवर्जित = द्वेष छाडेको

भूरि = धेरै

युष्मदीय = तिम्रो

सवत्स = बाछाले सहित भएको

अशक्त = असमर्थ

अव्यय

मिथ्या = झूटो

अन्येद्युः = अर्को दिन

अभीक्ष्णम् = वारंवार

चेत् = भने

अभ्यास

नेपालीमा उल्था गर—

होता वह्नौ हवींषि जुहोति । आपणिकः कुडवेन धान्यं मिमीते । हरिविहितेनाऽनेन कर्मणा निःश्रेयसं विधत्ताम् । यद्विद्वद्भ्यो निर्धनेभ्योऽनाथेभ्यश्च ददासि तत्त्वं परलोकाय निदधासि । युष्मदीयं महिमानं विदित्वा सर्वे शत्रवो बिभीयुः । शूरा राजानो रणे रिपुभ्यो न बिभ्यतु ।

संस्कृतमा अनुवाद गर—

ए बालक हो ! जसरी हुन्छ आफ्नो धर्म नछोड (हा) । खराब बालकको संगतदेखि डराऊ (भी) । जो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खान पाउँदैन, उसलाई खाने कुरा देऊ (दा) । बहादुरहरू बाघ र भालुदेखि पनि डराउँदैनन् (भी) । राजाका सिपाहीहरू खगा नाप्तछन् (मा) । नयाँ दुलही पतिको नजीकमा लाज मान्छे (ह्री) । शत्रुदेखि भन्दा पनि पापदेखि डराओस् (भी) । तिनीहरूले अर्को दिन चिट्ठी लगेर मालिकलाइ दिए (दा) । राती अग्लो रूख देखेर सित्तै म डराएँ (भी) । आफ्नो गुरुको वारंवार निन्दा सुनेर यो मानिस कान थुन्छ (पि+धा) । यो सय गाग्री पानी लैजाओस् (नी) र मध्याह्नमा बाटो हिंड्ने बटुवालाई पिउन देओस् । भोका मानिसलाई खान दिन्छौ (दा) भने त्यो कहिले पनि नबिग्रने ठाउँमा राख्तछौ (नि+धा) । मसीको भांडामा मसी हाल ।

पाठ ५०

दोस्रो गणी धातु र प्रत्ययको बीचमा केही पनि रहँदैन । 'ब्रू' धातुको चाहिं तीनै पुरुषका एकवचनमा 'ई' रहन्छ । ब्रू+ईति=ब्रो+ईति+ब्रवीति ।

'ब्रू' का लट्‌मा प्रथमपुरुषमा र मध्यमका १ र २ वचनमा आह इत्यादि रूप पनि हुन्छ ।

(ब्रू) लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	ब्रवीति, आह	ब्रूतः, आहतुः	ब्रुवन्ति, आहुः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	ए. व.	द्वि. व.	ब. व.
म.	ब्रवीषि, आत्थ	ब्रूथः, आहथुः	ब्रूथ
उ.	ब्रवीमि	ब्रूवः	ब्रूमः

(अस्) लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	अस्ति	स्तः	सन्ति
म.	असि	स्थः	स्थ
उ.	अस्मि	स्वः	स्मः

(अस्) लोट्

प्र.	अस्तु स्तात्,	स्ताम्	सन्तु
म.	एधि	स्तम्	स्त
उ.	असानि	असाव	असाम

अस् = हुनु—अस्ति
इ = जानु—एति
पा = रक्षा गर्नु --पाति
या = जानु—याति
रु = कराउनु—रौति
रुद् = रुनु--रोदिति
स्वप् = सुत्नु—स्वपिति
मृज् = सफा गर्नु—मार्ष्टि
परि+मा = नाप्नु—परिमाति ।
भा = प्रकाश हुनु--भाति
वि+श्वस् = विश्वास गर्नु —विश्वसिति ।
विद् = जान्नु—वेत्ति
निर्+मा = बनाउनु—निर्माति ।
मा = अटाउनु, नाप्नु—माति
श्वस् = सास फेर्नु—श्वसिति ।
स्ना = नुहाउनु—स्नाति
हन् = मार्नु — हन्ति
जागृ = बिउँझनु — जागर्ति
अद् = खानु--अत्ति
शास् = शिक्षा गर्नु —शास्ति
आस् = बस्नु—आस्ते
शी = सुत्नु--शेते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उप् + आस् = उपासना गर्नु --उपास्ते । अधि + इ = पढ्नु—अधीते
सू = पैदा गर्नु --सूते

उ० प०

ब्रू = भन्नु-ब्रवीति, ब्रूते लिह् = चाट्नु-लेढि, लीढे
द्विष् = द्वेष गर्नु -द्वेष्टि, द्विष्टे । स्तु = स्तुति गर्नु-स्तौति, स्तुते
दुह् = दुहुनु-दोग्धि, दुग्धे

पुं०

अर्भक = बालक तर्णक = बाछो
भास्कर = सूर्य मदन = कामदेव
राघव = रामचन्द्र, रघुका कुलमा पैदा भएका
ब्राह्ममुहूर्त = रातको पछिल्लो मुहूर्त । मङ्गलसमय = मङ्गलको वेला ।
मकरन्द = फूलको रस ।

स्त्री०

क्षिति = पृथ्वी । वाच्यता = निन्दा गरिने हुनु, भनिने हुनु ।

नपुं०

आरोहण = चढ्नु, सिंढी सूक्त = वेदका ऋचाहरु
कलुष = पाप, धमिलो क्षीर = दूध

विशेषण

अकिञ्चन = केही नभएको, गरीब
जाल्म = वेहोशी, विचार नगरी काम गर्ने ।
भक्तवत्सल = भक्तमा प्रेम गर्ने । विश्वम्भर = जगत्को पालन गर्ने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चिन्त = पीर नभएको ।
प्रपन्न = शरणमा परेको ।
दिदृक्षु = हेर्न इच्छा गर्ने
संयमी = इन्द्रिय जितेको

अव्यय

अहो = ओहो
अधस्तात् = मनि
किल = निश्चय
कदाचित् = कहिले

अभ्यास

नेपालीमा उल्था गर—

चतुरो जाल्मानां वचसि विश्वसिति । गोपो धेनुं पयो दोग्धि । मूढः साधुवृत्तमपि द्वेष्टि । कृपानिधे, अत्र ये चरा अचराश्च सन्ति तान् सर्वान् विश्वम्भरः पातु ।

संस्कृतमा अनुवाद गर—

यस पाठशालामा विद्यार्थीहरू काव्य पढ्छन् (अधि+इ) । हामीहरू यो रूखमनि बसौं (अधि+आस्) । पीर नभएका मानिसहरू रातमा आनन्दसित सुत्छन् (शी) । ए बालक ! तिमी नरोऊ (रुद्), किनकि तिम्री आमा चाँडै नै हातमा मिठाई लिएर आउनेछिन् (आ+या) । यो गाई हरएक सालमा बाच्छो पैदा गर्छिन् (सू) । पहाड चढ्दा मानिस बडो मुश्किलले लामो-लामो सास फेर्दछन् (श्वस्) । अल्छी मानिसहरू दिनमा पनि सुत्तछन् (स्वप्) । ग्वालो बिहान गाईको दूध दुहुन्छ (दुह्) । ए भाइ ! एकलै छोडेर कहाँ जान्छौ ? भन (ब्रू) । बहिनी ! मङ्गलको बेलामा कहिल्यै नरोऊ (रुद्), आँसु पुछ (मृज्) । हे कृष्ण ! शरणमा परेको मलाई शिक्षा बक्सियोस् (शास्) । ती बिचरा माहुरीहरू फूलको रसबाट मह जम्मा गर्छन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर अरूहरू नै त्यो मह चाट्तछन् (लिह्) । नोकरहरू सधैं कोठा बढारून् (सं+मृज्) । इन्द्रिय जितेका र असल चरित्र भएका मानिस धूर्तका बोलीमा विश्वास मान्दैनन् । असल बालकहरू सधैं दाँत सफा गर्छन् ।

पाठ ५१

अस्, लङ

	ए. व.	द्वि. व.	ब. व.
प्र.	आसीत्	आस्ताम्	आसन्
म.	आसीः	आस्तम्	आस्त
उ.	आसम्	आस्व	आस्म

विधिलिङ

प्र.	स्यात्	स्याताम्	स्युः
म.	स्याः	स्यातम्	स्यात
उ.	स्याम्	स्याव	स्याम

पुं.

कपिवर = वानरमा श्रेष्ठ

कुन्त = भाला

तारस्वर = तीखो स्वर

मध्यरात्र = रातको बीच

यवन = मुसलमान, यूनानका वासिन्दा

याम = प्रहर

स्त्री.

अजा = बाख्री, प्रकृति

धी = बुद्धि

नपुं.

प्रक्षालन = पखाल्नु

पर्णपुट = दूना, बोहोता

निर्वासन = निकाल्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषण

अनिषण्ण = नबसेको
प्रविष्ट = पसेको
अनुगत = पछि लागेको
अनुचित = अयोग्य
कोपन = रिसाहा
बलिष्ठ = बलियो

अव्यय

तथापि = तैंपनि
अजस्रम् = निरन्तर
तदा = त्यस बखतमा
यावत् = जहाँसम्म
तावत् = त्यहाँसम्म
तथा = त्यसरी, त्यस्तै

अभ्यास

नेपालीमा उल्था गर—

द्यूते पराजिताः पाण्डवा वनमयुः। यद्यहं इन्द्रप्रस्थे स्यां तदा धृतराष्ट्रं ब्रूयां यद् व्याजेन सर्वं विभवमादाय पाण्डवानां निर्वासनमनुचितमिति। दीनबन्धुर्भवानस्माद् दुःखमयात्संसारादस्मान्पायात्। कपिवरा बहून् निशाचरानघ्नन्। सर्वे प्राणिनो निरामयाः सुखिनश्च स्युः। ब्राह्मणाः साङ्गोपाङ्गं वेदमधीयीरन्। अजस्रं तथ्यं ब्रवीतु। यवनो ब्राह्मणानद्वेष्ट। गोपः प्रातरुत्थाय चतस्रो धेनूरधोक्।

संस्कृतमा अनुवाद गर—

नन्दहरूले बूढा, रिसाहा र बुद्धिमान् चाणक्यको द्वेष गरे (द्विष्)। ब्राह्मणहरूले वेद पढे (अधि+इ)। युधिष्ठिरले सूर्यलाई स्तुति गरे (स्तु)। हामीहरू रातको पछिल्लो प्रहरमा नसुतौं (स्वप्)। म कसरी बलियो हुँला (अस्)? के गर्नाले दुनियाँले आफूलाई विश्वास गर्लान् (वि+श्वस्)? सो कुरा विचार गर। जहाँसम्म गुरुहरू मेचमा बस्तैनन्, तहाँसम्म चेलाहरू नबसून्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(आस्) । जसरी त्यो भालाले सर्प मर्दछ, त्यसरी मार (हन्) । तिमीले बाख्रा दुह्यौ (दुह्) ? त्यसले गङ्गा, सरस्वती र यमुनाको संगममा नुहायो (स्ना) । यस ढोईले धेरै छावाहरू पैदा गरो (सू) । पाप पखाल्न गङ्गाको जलमा नुहाओस् । यो बालकले दुनामा भात खायो । कृष्ण मथुरा जान लागेमा नन्द ठूलो स्वरले रोए । दाइले दस गाईको दूध दुहनुभयो ।

❀

पाठ ५२

१. कुनै कामको प्रेरणा (गर्न अंटेकोलाई भ्हाए) बुझिएको छभने 'णिच्' हुन्छ र दशौं गणीको जस्तो 'अय' लाग्दछ । जस्तै- गम्+णिच्=गमयति ।

२. 'म्' र 'न्' अन्त्यमा हुने धातु र 'घट्' आदि धातुबाहेक पछाडिको अक्षरभन्दा अघि अ, ई, उ, ऋ छन्भने क्रमैले आ, ए, ओ, अर् हुन्छ । जस्तै-पत्-पातयति । विद्-वेदयति । बुध्-बोधयति । दृश्-दर्शयति ।

३. इ, उ, ऋ वर्ण पछाडि हुने धातु छभने वृद्धि हुँदा क्रमैले ऐ, औ, आर्, हुन्छ । जस्तै- नी+नै+अयति-नाययति । भू+भौ+अयति-भावयति । कृ+कार्+अयति-कारयति ।

४. 'आ' पछाडि हुने धातु, ह्री, ऋ अधि+इ धातुदेखि धातु र प्रत्ययको बीचमा 'प्' हुन्छ । जस्तै- दा+दापयति । ह्री+ह्रेपयति । ऋ-अर्पयति । अधि=इ-अध्यापयति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. 'पा' (रक्षा गर्नु) को पालयति र 'पा' (पिउनु) को पाययति र 'हन्' (मार्नु) को घातयति हुन्छ ।

६. भी, र वि+'स्मि' धातुको प्रयोजन कर्ता नै डर र आश्चर्यको कारण भएमा भीषयते र विस्मापयते हुन्छ । सो नभएमा भाययति र विस्माययति हुन्छ, जस्तै—व्याघ्रो भीषयते, नरो कृत्रिमव्याघ्रेण भाययति । 'रभ' को रम्भयति । 'लभ' को लम्भयति हुन्छ ।

७. जो अह्राउँछ, उसलाई प्रयोजक कर्ता र जो अह्राइन्छ, उसलाई प्रयोज्य कर्ता भन्दछन् । प्रयोजकमा प्रथमा र प्रयोज्यमा प्रायः तृतीया हुन्छ ।

८. णिजन्त धातुहरू अकर्मक हुँदैनन् ।

पुं.

धर्म = घाम
नगेन्द्र = श्रेष्ठ पहाड
मारुत = हावा

याग = यज्ञ
लेश = थोरै
तित्तिरे = तित्रो

स्त्री.

धात्री = धाई
धरित्री = पृथ्वी
जाह्नवी = गङ्गाजी

होरा = घण्टा
गुरुता = गह्रौंपना, श्रेष्ठपना

नपुं.

पाटल = गुलाफको फूल
लवङ्ग = ल्वाङ्ग
क्रीडनक = खेलौना

पौरुष = पुरुषार्थ
कौमारक = कुमार अवस्था
मिथुन = जोडी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषण

अज = नजन्मने, बाखो
आढ्य = धनी
अधीर = धैर्य नभएको
निर्जन = एकान्त प्रदेश
तिग्म = कडा

अव्यय = नाश नहुने
आविल = धमिलो
अङ्गीकृत = मञ्जूर गरेको
जटिल = जटा पालेको
गहन = बुझ्न नसकिने

अव्यय

परेद्युः = अर्को दिन
चिरेण = धेरै वेरमा
उच्चैः = ऊंचा

पराक् = परतिर
यद्यपि = हुनत

केही णिजन्त पदहरू—

पठ्–पाठयति । श्रु–श्रावयति । पच्–पाचयति । वि+स्मि–विस्मापयते, विस्माययति । पा (पिउनु)–पाययति । भुज्–भोजयति । मुह्–मोहयति । चल्–चालयति । अधि+इ–अध्यापयति । कृ–कारयति । हन्–घातयति । पा (रक्षा गर्नु)–पालयति । दृश्-दर्शयति । रम्–रमयति । शी–शाययति । युज्–योजयति गम्–गमयति । ऋ–अर्पयति । भू–भावयति । विद्–वेदयति । बुध्–बोधयति । मुच्–मोचयति । रुह्–रोहयति ।

नेपालीमा उल्था गर—

दाता पुत्रेण निर्धनेभ्यो रूप्यकाणि दापयति । माता शयने पुत्रं शाययति । तिग्मेन तपसा प्रीतः शङ्कर आत्मनो रूपं दर्शयति । यावद्रोगो नाक्राम्यति तावत् संसारस्य विषया मनो रमयन्ति । अजमव्ययमात्मानं वह्निरपि न दाहयति, तोयमपि न क्लेदयति, मारुतोऽपि न शोषयति । विद्या दुर्धर्षमपि नृपं संयोजयति । शिल्पिनमाहूय, स देव्याः मन्दिरं कारयति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर–

गुरु काव्यको पाठ पढाउनु हुन्छ। बिहान पण्डितहरू पुराण सुनाउँछन्। धाई बालकलाई खेलौना देखाएर हँसाउँछे। सासू बुहारीलाई भात पकाउन लाउँछे। जटा पालेको बूढो जोगी यी बालकहरूलाई छक्क पार्दछ। ठग मानिस हुनत पहिले अरूलाई विश्वास पार्दछ, तर पछि ठग्दछ। गुरुको आज्ञा पाएर परतिर म गाई चराउँछु र पानी पियाउँछु। म सधैं बिहान देवताको पूजा सिध्याएर दस ब्राह्मण खुवाउँछु। बुझ्न नसकिने ईश्वरको माया सारा प्राणीलाई भुलाउँछे। कुनै वखतमा बोली आफूलाई जस र धन दिलाउँछ, फेरि कहिले आफ्नो हानि पनि गराउँछ। ज्योतिषीहरू प्रायः साढे दुई घडीको एक घण्टा भन्दछन्। कुमार अवस्थामा पनि ठूलो साहस गर्ने भएका यी वीरले आफ्ना फौजको उत्साह बढाए। ती दयालुले तित्राको जोडीलाई पिंजडाबाट छुटाउन कोशिश गरे। गुलाबको फूलले बगैंचाको शोभा बढाउँछ। ल्वाङ्ले मुखको दुर्गन्ध हटाउँछ।

पाठ ५३

कारक

१. क्रियासँग जसको साक्षात् सम्बन्ध हुन्छ, त्यसलाई कारक भन्दछन्। कर्ता, कर्म, करण, संप्रदान, अपादान, अधिकरण यी ६ किसिमका कारक हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. जो काम गर्दछ, त्यसलाई कर्ता भन्दछन्। कर्तृवाच्यमा कर्ता उक्त[1] हुन्छ र प्रथमान्त हुन्छ। जस्तै-बालो गच्छति।

३. सकर्मक क्रियाको जो काम गरिने हो, सो कर्म भनिन्छ। कर्मवाच्यमा सो कर्म प्रथमान्त हुन्छ। जस्तै-हरिः सेव्यते।

४. कर्तृवाच्यमा कर्म अनुक्त हुन्छ र द्वितीयान्त हुन्छ। जस्तै-दीनो हरिं भजति।

५. 'अधि' उपसर्ग लागेको शी, स्था, आस् र अभि+नि=लागेको 'विश्' र उप्, अनु, अधि, आ लागेको 'वस' छभने यिनीहरूको आधार द्वितीयान्त हुन्छ। जस्तै--शयनमधिशेते इत्यादि।

६. अभि, उप, प्रति, अभितः, परितः, समया, निकषा, हा, उभयतः, धिक्, उपर्युपरि, अधोऽधः, अनु, अध्यधि, अन्तरा, अन्तरेण यिनीहरूको योग भएमा यिनीहरूको जसका साथ सम्बन्ध छ, ती शब्ददेखि द्वितीया हुन्छ। जस्तै--उभयतः कृष्णं गोपाः।

७. (व्याप्ति) हरबखत त्यो काम भइराखेको (पूरापूर अर्थ बुझिएको छभने) काल र बाटोलाई कहने शब्दको प्रयोग भएमा द्वितीया हुन्छ। जस्तै-स मासमधीते।

---

१ उक्त भनेको भनिएको हो। जस्तो-बालो गच्छति। यहाँ 'गच्छति' यो क्रिया देखासाथ बाल पदको प्रयोग नभएमा पनि प्रथम पुरुष एकवचनको कर्ता भनिएको हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. क्रियाविशेषणमा नपुंसक लिङ्ग र द्वितीयाको एकवचन हुन्छ। जस्तै–शीघ्रं गच्छति।

९. दुह्, याच्, पच्, दण्ड, रुध्, प्रच्छ्, चि, ब्रू, शास, जि, मन्थ, मुष्, नी, हृ, कृष्, वह् यी धातु र यी धातुहरूको अर्थ मिल्ने धातुहरू (द्विकर्मक) दुई कर्म भएका हुन्छन्।

जस्तै–गोपो गां दुग्धं दोग्धि।

१०. द्विकर्मक धातुको वाच्य परिवर्तन गर्दा अगाडिका 'दुह्' आदि बाह्रको अप्रधान कर्ममा र 'नी' आदि चारको प्रधान कर्ममा प्रथमा हुन्छ। जस्तै–स धेनु दुग्धं दोग्धि, तेन धेनुर्दुग्धं दुह्यते। अहमजां ग्रामं नयामि, मयाऽजा ग्रामं नीयते।

११. हिंड्नु बुझ्नु, खानु अर्थ भएमा त्यस्तै शब्द कर्मक जल्पार्थक, दृश् अकर्मक धातुदेखि 'णिच्' भएमा प्रयोज्य कर्ता (अह्राइने) मा द्वितीया हुन्छ। जस्तै–शत्रवः स्वर्गमगच्छन्। ते शत्रून् स्वर्गमगमयन्।

१२. हृ, कृ को प्रयोज्यकर्तामा विकल्पले द्वितीया हुन्छ।

---

१ जुन कर्मको क्रियाका साथ सम्बन्ध छ, उसलाई प्रधान कर्म र कर्मद्वारा क्रियामा अवय हुनेलाई अप्रधान कर्म भन्दछन्। जस्तै--गां दोग्धिपयः। यहां गो पयका साथ सम्बन्ध भई क्रियामा अन्वय हुनाले गो अप्रधान भयो।

२ अहिंसार्थक भिक्ष्, सवार कर्ता नभएको वह् र नी, अद्, खाद्, यी धातुको प्रयोग भएमा ता हुँदैन। जस्तै–भक्षयत्यन्नं वटुना इत्यादि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुं.

खद्योत = जूनकोरी
जम्बूक = स्याल
पादप = रूख
पयोधि = समुद्र
अक्षोट = ओखर
भूकम्प = भँचालो

मातङ्ग = हात्ती
मृगेन्द्र = सिंह
खञ्जन = बाहुनीचरी
तुरङ्गम = घोडा
तस्कर = चोर

स्त्री.

निशीथिनी = रात
चातुरी = चलाकी
व्रतति = लहरा
अधित्यका = लेक
कुहू = कोइलीको आवाज, चन्द्रकला नदेखिने औंसी

उपत्यका = फेद
चूडा = शिखा
लवली = गुलाबजामुना

नपुं.

शिलापट्ट = चट्टान

आलेख्य = तसबीर

विशेषण

पिच्छिल = चिल्लो
व्रतिन् = व्रत गर्ने

देहभृत = शरीरधारी

अव्यय

पुरतः = अगाडि
निकषा = नजीक
अभितः = चारैतिर
समया = नजीक

परितः = चारैतिर
अन्तरा = बीच
उभयतः = दुईतिर
अन्तरेण = बाहेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

गोपाः कृष्णमुभयतोऽतिष्ठन् । परिजनो राजानमभितः स्थितः । मृगेन्द्रः पर्वतस्याऽधित्यकामधितिष्ठति । अस्मिन्नालेख्ये रामं कृष्णं चान्तरा सुभद्रा वर्तते । अक्षोटमन्तरेण सर्वे पादपा अत्र दृश्यन्ते । इमां देहभृतामसारतां धिक् । खद्योतो निशीथिनीमनुद्योतते । मुनिस्तं राजानं कुशलमपृच्छत् । द्रोणोऽर्जुनं रणचातुरीमशिक्षयत् । जाबालिः केनाऽपि वटुना मां सरस्तीरमनाययत्, कतिचित् सलिलबिन्दूनपाययच्च । विश्वामित्रो विजयां जयां च विद्यां राममध्यापयत् । सखि ! भोजयाऽऽहारं खञ्जमिथुनम् ।

संस्कृतमा अनुवाद गर—

हाम्रो शहरको चारैतिर अग्लो पहाड छ । तिनले तीन वर्ष चौबीस दिन न्याय पढे । उद्योगविना कुनै काम पनि सिद्ध हुँदैन । जो खराब काम गर्दछन्, तिनीहरूलाई धिक्कार छ । मैले उसलाई दस प्रश्न सोधें, तर उसले एउटाको पनि जवाफ दिएन । त्यो गरीबले ती स्त्रीसित पचास रूपियाँ माग्यो, उनीले पनि खुशीसाथ दिइन् । हामीले दुई कैली गाईको दूध दुह्यौं । गुरु चेलाहरूलाई न्याय र व्याकरण सिकाउनुहुन्छ । वसन्त ऋतु कोइलीहरूको कुहूकुहू आवाज र भौंरको गुञ्जराविना सुहाउँदैन । शहर ६० कोस लामो ४ कोस फैलिएको छ । बाटो चिप्लो छ, यसैले बिस्तारै हिँड । घोडा फेदीतिर जान लागेको देखिन्छ । यी गुलावजामुनका फलहरू टिपिन्छन् र यस चट्टानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसेर खाइन्छन् । हामीले उसलाई सबै कुरा बुझायौं र घर पठायौं । आमा बिरामी छोरालाई चिनीको लोभ देखाएर तीतो ओखती खुवाउँछे । मैले भँचालोले पोलो भएको घर कालिगडलाई देखाएँ ।

★

पाठ ५४

करण[1]

१. कर्ता अनुक्त भएमा र करणमा पनि तृतीया विभक्ति हुन्छ । जस्तै—रामेण भुज्यते । वाणेन शत्रुं हन्ति ।

२. 'प्रकृति आदि' शब्द सहार्थक शब्द 'ऊन' आदि शब्दको योग भएमा तृतीया हुन्छ । जस्तै—प्रकृत्या मधुरं गवां पयः इत्यादि ।

३. व्याप्ति अर्थ बुझिएको छ र फलसमेत पाइएको छ भने सो काल र बाटोलाई कहने शब्ददेखि तृतीया हुन्छ । जस्तै—मासेन व्याकरणमधीते ।

४. जुन अङ्ग बिग्रनाले अङ्गी खूनी ठहरिएको छ, सो अङ्गवाचक शब्ददेखि तृतीया हुन्छ । जस्तै—पादेन खञ्जः ।

५. हेतु अर्थ बुझिएको छ अथवा जुन चिह्नद्वारा केही विशेष अवस्था बुझिन्छ भने सो शब्ददेखि तृतीया हुन्छ । जस्तै—भयेन पलायते, पुस्तकेन छात्रः ।

---

१ कर्ताले जुन वस्तुद्वारा क्रिया सिद्ध गरिन्छ, उसलाई करण भन्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. अलं शब्दको प्रयोग भयोभने निषेध अर्थ बुझिएमा जुन शब्दसँग सम्बन्ध भएको छ, उसदेखि तृतीया हुन्छ। जस्तै- अलं भयेन।

पुं०

संस्कार = सुधार   धीवर = माझी   शुण्डादण्ड = सूँड
नाविक = नाउ चलाउने   स्वर = स्वर   पादाघात = लात
नौकादण्ड = बहना   भगिनीपति = भिनाज्यू, ज्वाइँ

स्त्री.

भृति = ज्याला   सिता = चीनी
वीरता = बहादुरी

नपुं.

उपालम्भन = हप्काउनु   शिविर = पाल, छाउनी
हल = हलो   पानक = सर्वत
काँचकुप्य = कांचको बोतल   सरोरुह = कमल

विशेषण

सव्य = देब्रे   घातक = ज्यानमारा

अव्यय

समक्षम् = सामुन्ने   स्वयम् = आफैं
सर्वतः = सबैतिर   अकस्मात् = अपर्झट

'दिव्' धातुको करण र 'सम्' उपसर्ग लागेका 'ज्ञा' धातुको कर्म छभने विकल्पले तृतीया हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

छात्रो द्वादशभिर्वर्षैराङ्ग्लभाषामपठत् । धीवरो जालेन वहून् मत्स्यानगृण्हात् । रामो लेखन्या लिखति । बालकं दण्डेन न ताडयेयुः । सव्येन पादेन खञ्ज एव मन्दं चलति । स्वहृदयेनाऽपि विदितवृत्तान्तेनाऽमुना जिह्रेमि । आर्य ! अलमुपालम्भनेन खलु दैवेनेदमनुष्ठितम् ।

संस्कृतमा अनुवाद गर—

उद्योग गर, आफै सफल हुनेछौ, शङ्काको के काम ? दिदी ! मलाई फजूलमा गाली नगर्नुहोस, यो काम त मैले गरेको होइन । उसले शत्रुको छाउनीवरिपरि आगो लगायो । बहिनी दाज्यूलाई फूलको मालाले सत्कार गर्दछे । खेतीवालले हलोले खेत जोत्यो । माझी वहनाले नाऊ चलाउँछ । हात्ती त्यो गह्रौं ढुङ्गा सूंडले पर्याँक्तछ । त्यसले तीन वर्षमा पृथ्वी घुम्यो । ती स्वास्नीमानिस कानले बहिरी छन् । तँ जस्तो बदमाश नोकरलाई म राख्तिनँ । चन्द्रमाविना रात र कमलविना तलाउ सुहाउँदैन । चीनी स्वभावैले गुलियो हुन्छ । त्यो पैसाले कहिले पनि सन्तुष्ट हुँदैन । शास्त्रको वचनलाई सब दुनियाँले शिरले धारण गर्छन् । त्यो मानिस सर्वतको बोतल समातेर यो बाटोबाट गयो । अफिसर सिपाहीको बहादुरीले र सोझ्याइँले खुशी हुन्छ । ठूलो पापी पनि नारायणको नाम सम्झनाले संसारबाट छुट्तछ ।

❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ५५

सम्प्रदान

१. जसको निमित्त काम भएको छ र जसलाई 'स्पृह' ले चाहना 'श्लाघ्' ले सह्लाउनु, रुच्यर्थकले रुचि, 'शप्' ले गाली, [१]क्रोधार्थक धातुले क्रोध बुझाइन्छ र जसलाई दान दिइन्छ, त्यो सम्प्रदान हुन्छ र त्यसबाट चतुर्थी हुन्छ । जस्तै–विप्राय गां ददाति । धनेभ्यः स्पृहयति, इत्यादि ।

२. 'धृ' धातुदेखि णिच्को प्रयोग भएमा जसमा–जसलाई तिर्ने हो, सो साहूलाई र 'प्रति' अथवा 'आ' उपसर्ग लागेको 'श्रु' धातुको प्रयोग भएमा जसलाई दिन कबूल गरिन्छ, उसलाई संप्रदान भई उसबाट चतुर्थी हुन्छ । जस्तै–शतं धारयत्युत्तमर्णाय देवदत्ताय, इत्यादि ।

३. तादर्थ्य (उसको निम्ति) अर्थ बुझिएमा, 'कृप्' धातुको अर्थ भएका धातुहरूको प्रयोग भएमा, नमः, स्वस्ति, स्वाहा, स्वाहा, अलं, वषट्, हित, सुख आदि शब्दको योग भएमा चतुर्थी हुन्छ । जस्तै–मुक्तये हरिं भजति ।

४. चारौं गणी 'मन्' धातुको प्रयोग भएमा जुन शब्दबाट हेलां बुझिएको छ, उसदेखि विकल्पले चतुर्थी हुन्छ । जस्तै–अहं त्वां तृण मन्ये तृणाय वा ।

---

१ 'क्रुध्' र 'द्रुह्' मा उपसर्ग लागेको छन्भने चतुर्थी हुँदैन ।

२ नौ, काक, दन्त, शुक,–श्रृगाल शब्द छभने ता चतुर्थी हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुं.

अभ्यागत = पाहुना
विदेश = परदेश
विनाश = नाश
चम्पक = चाँप
पोतवणिज् = जहाजी, जहाजद्वारा व्यापार गर्ने

स्त्री.

इष्टका = ईंट
पौत्री = नातिनी (छोराको छोरी)

नपुं.

आहरण = ल्याउनु
तक्र = मही
बदर = बयर
नवनीत = नौनी
युग = जुग

विशेषण

प्रस्थित = हिँडेको
श्रोत्रिय = वेद पढेको ब्राह्मण
क्षयिन् = नाश हुने
गृहमेधिन् = गृहस्थ

अभ्यास

नेपालीमा उल्था गर—

अग्नये स्वाहा। पितृभ्यः स्वधा। नृपाय स्वस्ति। साधवो मित्राय न द्रुह्यन्ति। प्रजा राज्ञे श्लाघन्ते। अलं मल्लो मल्लाय। नमो विश्वसृजे तुभ्यम्। श्रोत्रियायाभ्यागताय श्लाघन्ते गृहमेधिनः।

संस्कृतमा अनुवाद गर—

यो घर बनाउनाको लागि यी ईंट जम्मा गरिन्छन्। रोगको शान्तिको निम्ति यो सूर्यको पूजा गर्छ। सज्जनको धन र बल अर्काको उपकारको लागि हुन्छ। त्यो जहाजी मोती र सीपी जम्मा गर्न समुद्रमा जान्छ। यस्तो कुरा सुनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबु छोरादेखि रिसाउनेछ । म मही र नौनी रूवाउँछु । भक्ति ज्ञान पैदा गर्न समर्थ हुन्छे । म बिहान घुम्न चाहन्छु । दुष्टहरू अर्कालाई डाह गर्छन् र वारम्वार गाली पनि गर्छन् । पहिले गुरुलाई ढोगेर पाठ पढ्न शुरु गर । म एउटा दूतलाई छोराको हाल बुझ्न पठाउनेछु । म धनभन्दा कहिल्यै नाश नहुने कीर्तिलाई चाहना गर्छु । नातिनी चाँपको फूल र बयरको फल टिप्न बगैंचामा गई । जगत्को सृष्टि गर्ने विधातालाई नमस्कार छ । म तँलाई घाँसबराबर ठान्छु । वीरका चरित्रलाई सबै सह्राउँछन् ।

—:○:—

पाठ ५६

अपादान

१. जसदेखि छुट्टिने काम भएको छ, त्यो अपादान हुन्छ र त्यसबाट पञ्चमी हुन्छ । जस्तै–गृहान्निर्गच्छति ।

२. जसबाट डराउनु, रक्षा गर्नु, पैदा हुनु, नियमपूर्वक पढ्नु, निन्दा गर्नु, प्रमाद हुनु, पाउनु, लुक्नु आदि क्रिया बुझिएको छभने त्यसबाट पञ्चमी हुन्छ । जस्तै — भल्लूकाद्बिभेति बालः, इत्यादि ।

३. अन्यार्थक शब्द, दिग्वाचक शब्द, ऋते, आरात्, प्रभृति, आरभ्य, बहिः, पृथक्, विना, नाना इत्यादि शब्दको जोसंग सम्बन्ध हुन्छ, उसबाट पञ्चमी हुन्छ । जस्तै — रामादन्यः, इत्यादि ।

४. 'ल्यप्' प्रत्ययान्तको लोप भएमा त्यसको कर्म र अधिकरणवाचक शब्ददेखि पञ्चमी हुन्छ । जस्तै—प्रासादात्प्रेक्षते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. हेतु बुझिएमा र 'आ' उपसर्गको सम्म आदि अर्थ बुझिएमा र 'दा' धातुमा 'प्रति' उपसर्ग लागेमा साट्नु आदि अर्थ बुझिएमा र 'अप्' र 'परि' उपसर्गको छोड्नु अर्थ बुझिएमा पनि पञ्चमी हुन्छ । जस्तै—आपरितोषाद्विदुषामित्यादि ।

पुं.

भल्लूक =भालु
लौह =फलाम
वृश्चिक =बिच्छी
फाल्गुन =फागुन
चैत्र =चैत
प्रलाप =फजूल कुरा
कान्यकुब्ज =कन्नौज
सभापति =सभाको मालिक

स्त्री.

कपटहीनता =ईमान, कपट नगर्नु
देहली =त्रिल्ली
तूलिका =कूल
वासना =मनको कुरा

नपुं.

कांस्य =कांस
गणित =हिसाव
राजस्थान =राजपूताना
भाषण =बोली
पित्तल =पीतल

विशेषण

प्रतिज्ञात =कबूल गरेको
विनीत =नुहेको
ह्यस्तन =हिजो भएको

अव्यय

नाना =किसिम किसिमको
ऋते =बाहेक
बहिः =बाहिर
विना =बाहेक
आरात् =टाढा, नजीक
उत्तरा =उत्तरतिर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

भल्लूकाद् बिभेति लोकः । आमूलादेतां कथां श्रोतु मिच्छामि । सौम्य, भवान् विरमतु प्रलापात् । दिग्विजयादारभ्य सर्व वृत्तान्तमकथयत् । गोमयाद् वृश्चिका जायन्ते । पर्वतान्नद्यः प्रभवन्ति । तरोः शुष्काणि पत्राणि पतन्ति । फाल्गुनश्चैत्रात्पूर्वः । प्रासादाद्यमुनायाः शोभां प्रेक्षन्ते राजपुत्राः । पित्तलस्य कांस्यस्य लोहस्य च भाजनानि कस्माद् देशादानयन्ति वणिजः ?

संस्कृतमा अनुवाद गर—

हे ईश्वर ! दुःखबाट मलाई रक्षा गर्नुहोस् । आकाशबाट पानी बर्सन्छ । नुहेका बालकहरू गुरुसँग पढ्दछन । याज्ञवल्क्य मुनिले सूर्यबाट वेद पाए । आफ्ना कामबाट जो हट्तछ, त्यो नोकरलाई मालिकहरू गाली गर्दछन् । यो रूखभन्दा उत्तरतिर तिमी जाऊ । आफूले कबूल गरेको कुराबाट नहट । वैदिकहरूसँग पढ्न राजपूताना प्रान्तबाट आएको छु । खराब कामबाट किसिम किसिमका दुःख पैदा हुन्छन् भन्ने के तिमी जान्दैनौ ? हिजो भएको ठूलो मिहिनेतबाट तिमीलाई यो रोग पैदा भएको हो । पढ्नुभन्दा पहिले तिनले व्याकरण र हिसाबको पुस्तक अगाडि राखे । पाँच वर्षभन्दा अगाडि यो बगैंचा मैले राम्रो देखेथें, तर अहिले बिग्रेछ । दिल्लीबाट कन्नौज धेरै टाढा छ । सबभन्दा ईमान ठूलो धर्म हो, किनकि यो बिना कसैले पनि विश्वास गर्दैन । म तिम्रो भक्ति र तपस्यादेखि खुशी भएँ । काशीबाट प्रयाग धेरै टाढा छ । घरबाट बाहिर जाऊ र फूल किनेर ल्याऊ । ती सभापतिको भाषणपछि मैले हिजो केही पनि भनिनँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठ ५७

षष्ठी

१. सम्बन्ध बुझिएमा र ण्वुल्, तृच्, ल्युट्, घञ् आदि +कृन्दन्त प्रत्ययान्तका अनुक्त कर्ता र अनुक्त कर्ममा षष्ठी हुन्छ। जस्तै—सम्बन्धे–राज्ञः पुरुष; कर्तरि–शिशोः शयनम् कर्मणि–अन्नस्य पाकः।

२. स्मरणार्थक, दय्, ईश् प्र+भू=यी कर्ममा र एनप् प्रत्ययान्त शब्द, तुल्यार्थक शब्द उपरि, अधः, पुरस्तात्, अग्रे, पश्चात् इत्यादि शब्दको योग भएमा पनि षष्ठी हुन्छ। जस्तै–मातुः स्मरति।

३. तृप्त्यर्थक धातु र आसीक दिनु अर्थमा प्रयोग भएको आयुष्य, भद्र, कुशल, सुख, अर्थ, हित यी शब्द र यिनका अर्थ भएका शब्दको योग भएमा विकल्पले षष्ठी हुन्छ। जस्तै–अपां तृप्तः।

~हेत्वर्थक शब्दको प्रयोग भएमा हेत्वर्थक शब्द र जससँग त्यसको योग छ, त्यसबाट पनि षष्ठी हुन्छ। जस्तै–अन्नस्य हेतोर्वसति।

+ तृ, शानच्, क्वसु, कानच्, स्यतृ उञ्, त्वा, णमुल्, क्त, क्तवतु, खलर्थ तृन् आदि कृदन्त प्रत्ययान्तको योग भएमा षष्ठी हुँदैन।

~हेत्वर्थक शब्दको सर्वनाम शब्दकासाथ प्रयोग भएको छ भने षष्ठी विकल्पले हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. जाति, गुण, क्रिया, संज्ञावाचक शब्दका समुदायदेखि कुनै गुणद्वारा फरक हुनु, रूप निर्धारण अर्थ बुझिएमा षष्ठी र सप्तमी दुबै हुन्छ । जस्तै–वर्णानां वर्णेषु वा ब्राह्मणः श्रेष्ठः ।

६. तव्य आदि कृत्य प्रत्ययको योग भएमा कर्तादेखि विकल्पले षष्ठी हुन्छ । जस्तै–मया मम वा सेव्यो हरिः ।

पुं.

अवग्रह =खडेरी
अवलेप =शेखी
उपवास =निराहार बस्नु
चन्द्रगुप्त =कुनै राजा
चाणक्य =कुनै ब्राह्मण
तुष =भुस
नागरङ्ग =सुन्तला, नारंगी
निदाघ =गरम
परिचय =चिनजान
पाणिनि =कुनै मुनि
भेद =फूट
विस्फोट =फोडा
प्रस्थ =पाथी

स्त्री.

पदवी =दर्जा
वीणा =सितार, बीन
कृति =बनावट

नपुं.

जागरण =जागराम निकट =नजीक, विवर =प्वाल;
सूत्र =धागो, धेरै कुरा संक्षेपसाथ कसी लेखिएको वाक्य ।

विशेषण

अग्रणी =अगुवा
पूजित =मानिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग्य = लायक
समीचीन = असल

निपुण = सिपालु
साहसिक = आंटिलो

अव्यय

शतकृत्वः = सयवाजि
शश्वत् = वारंवार

उत्तरेण = उत्तरपट्टि
नक्तम् = राती

अभ्यास

नेपालीमा उल्था गर—

अस्मिन् विवरे धान्यस्य तुषा दृश्यन्ते । कृष्णस्य मन्दिरं समुद्रस्य निकटे वर्तते । निदाघेन सन्तप्तस्तव तनयः पादपस्य छायायां स्थित्वा नागरंगफलानि भुंक्ते । कीदृशस्ते शास्त्राणां परिचयः । सखे ! नैतदनुरूप भवतः स्नेहस्यानवलेपस्य च । प्रभवति निजस्य कन्यकाजनस्य महाराजः । रामस्य दयमानोऽसौ तत्र याति । समीचीना खलु पाणिनेः सूत्रस्य कृतिः ।

संस्कृतमा अनुवाद गर—

म उसको मद्दतले त्यहां पुगें ? राती बालक आमालाई सम्झेर रुन्छ । यो पोखरीको उत्तरपट्टि खूब राम्रो ठूलो बगैंचा छ । त्यो कुरा सारा मन्त्रीहरूको सामुन्ने राजाका हजूरमा बारंबार बिन्ती चढाइयो । त्यसको शरीरमा फोडा निस्केका छन् । असल गुणहरूले बाबुकोजस्तो लायक होऊ । यो गुणी मानिसको सेवा तिमीलाई लायक छ, यसैले राम्ररी गर । गृहस्थी बाहुनले दिनको दुइपटक नुहाउनु र तीनपटक गायत्री जप्नुपर्छ । जो मान्छे धर्म गर्दैन, त्यसको र पशुको रीतमा फरक छैन । राजा उदयन सितार बजाउन सिपालु थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रगुप्तका राज्यको भार चाणक्य भन्ने बाहुनले खूबै राम्ररी सम्झालेका थिए। पाठशालाको चारैतिर बगैंचा छ। एकादशीको दिनमा सबै जना उपवास र जागराम गरून्। मीतको हित गर, सबैको भलो चिताऊ र आफ्नो इष्टदेवता सम्झ। आखिर उही परमात्माको भर गर्नु पर्छ।

❀

पाठ ५८

अधिकरण

१. क्रियाको जुन देश, काल अथवा कुनै वस्तु आधार[1] हुन गएको छ भने त्यो अधिकरण हुन्छ र त्यसबाट सप्तमी हुन्छ। जस्तै-गोष्ठे तिष्ठति गोपः।

२. साधु, असाधु, निपुणार्थक शब्दको योग भएमा र वि+अव+हृ, स्निह्, वृत्, अभि+लष्, क्षिप्, मुच्, वि+श्वस्, अस् इत्यादि धातुको योग भएमा पनि सप्तमी हुन्छ। जस्तै-कृष्णो मातरि साधुः, इत्यादि।

३. कर्मसँग अङ्गाङ्गीभाव सम्बन्ध भएको निमित्त (फल) वाचक शब्ददेखि सप्तमी हुन्छ। जस्तै-चर्मणि द्वीपिनं हन्ति।

४. 'क्त' प्रत्ययान्त शब्ददेखि 'इन्' प्रत्यय भएमा त्यसको कर्मवाचक शब्ददेखि सप्तमी हुन्छ। जस्तै-अधीती व्याकरणे?

---

१. आधार तीन किसिमका हुन्छन्-ऐकदेशिक, वैषयिक र अभिव्यापक। जस्तै-ऐकदेशिक-शयने स्वपिति, वैषयिक-विद्यायामनुरागः, अभिव्यापक-तिलेषु तैलमास्ति।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. एउटा क्रिया र कालद्वारा अर्को क्रियाको काल-निश्चय गरिन्छभने पहिलो क्रिया र कालवाचक शब्ददेखि सप्तमी हुन्छ। जस्तै-सूर्ये समुदिते स आगतः।

पुं.

कन्दुक = भकुण्डो

कर्कट = गँगटो

सोदर्य = एकै पेटको दाज्यूभाइ

पुष्कलक = कस्तूरीमृग

जीरक = जीरा

स्त्री.

सीमन् = कस्तूरीको बीना, साँध, मर्यादा

चमरी = चमरीगाई

एला = अलैंची

सपत्नमाता = सौतेनी आमा

जनश्रुति = हल्ला

नपुं.

त्रैलोक्य = तीनलोक

मरीच = मरीच

चन्दन = चन्दन

दूषण = दोष

शिरस्त्राण = टोपी

विशेषण

पौरव = पुरुको कुलमा जन्मेको। शून्य हृदय = शून्य मन भएको

स्वभावज = स्वभावबाट भएको।

अव्यय

अत्र = यहाँ

नक्तन्दिवम् = रातदिन

एवम् = यसरी

पूर्वेद्युः = अगिल्लो दिन

अभ्यास

नेपालीमा उल्था गर—

केशेषु चमरीं हन्ति सीम्नि पुष्कलको हतः। किन्तु खलु बालेऽस्मिन् स्निह्यति मे मनः। क्रूरचेतसो मृगेषु शरानमुञ्चन्। त्रैलोक्यस्याऽपि प्रभुत्वं त्वयि युज्यते।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

मासु, तेल र हाडका निम्ति माझीहरू यसरी रातदिन माछा मार्दछन् । सूर्य अस्ताएमा गाउँबाट त्यो बटुवा यहाँ आइपुग्यो । ती केटी गाउनामा सिपालु छिन् । वसन्तमा रूखहरूमा धेरै राम्रा–राम्रा फूल फुल्दछन् । (तिमी दुई) मासु र छालाको निम्ति मृगहरू मार्छौं । आकाशमा हजारौं तारा देख्तछु । सिंहहरू पहाडका गुफामा बस्तछन्, तर मेघ गर्जेमा उत्तिकै गर्जन्छन् । ती सबै दुनियाँ राजामा भक्ति गरून् । पहिले त्यसले शत्रुलाई कपालमा समातेर तान्यो र उतिनखेरै बेसरी पिट्यो । यी शून्य मन भएकी स्त्री नजीकको वस्तुमा पनि आँखा लाउँदिनन् । अगिल्ला दिन यो हल्ला सारा दुनियाँमा फिजिइसक्यो, के तिम्रा कानमा आइपुगेन ? आपत्मा धैर्य र उदयमा अर्काको उपकार गर्नु मनुष्यत्व हो । ती बालकहरू मैदानमा धेरै बेर भकुण्डो खेल्छन् । कागतमा चोरा, मरीच र अलैंची ल्याऊ । असल बालकहरू शिरमा टोपी र निधारमा चन्दन लगाउँछन् ।

पाठ ५९

सातौं गणो (रुधादि) धातुका अन्त्य हल् वर्णको अगाडि 'न्' रहन्छ । जस्तै—रुध्+ति=रुन्ध+ति=रुणद्धि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	रुणद्धि	* रुन्धः	रुन्धन्ति
म.	रुणत्सि	रुन्धः	रुन्ध
उ.	रुणध्मि	रुन्ध्वः	रुन्ध्मः

लङ्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	अरुणत्, द्	अरुन्धाम्	अरुन्धन्
म.	अरुणः	अरुन्धम्	अरुन्ध
उ.	अरुणधम्	अरुन्ध्व	अरुन्ध्म

लोट्

	ए. व.	द्वि. व.	ब. व.
प्र.	रुणद्धु	रुन्धाम्	रुन्धन्तु
म.	रुन्धि	रुन्धम्	रुन्ध
उ.	रुणधानि	रुणधाव	रुणधाम

लिङ्

	ए. व.	द्वि: व.	ब. व.
प्र.	रुन्ध्यात्	रुन्ध्याताम्	रुन्ध्युः
म.	रुन्ध्याः	रुन्ध्यातम्	रुन्ध्यात
उ.	रुन्ध्याम्	रुन्ध्याम्	रुन्ध्याम

---

* विधिलिङमा बाहेक अरु लट्, लङ्हरुमा तीनै पुरुषको द्विवचन र बहुवचनको 'अ' लोप हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मनेपद

	प्र. ए.	म. ए.	उ. ए.
लट्–	रुन्धे	रुन्त्से	रुन्धे
लङ्–	अरुन्धाः	अरुन्ध	अरुन्धि
लोट्–	रुन्धाम्	रुन्त्स्व	रुणधै
लिङ्–	रुन्धीत	रुन्धीथाः	रुन्धीय

पु.

आशुग = वाण
पलाण्डु = प्याज
केशरिन् = सिंह
रङ्ग = तमाशाघर
गण्ड = गाला
विग्रह = शरीर, झगडा
चाणूर = कुनै पहलमान
शङ्काग्रन्थि = शंकारूपी गाँठो
झञ्झावात = पानी समेतको ठूलो हुरी
द्विरद = हात्ती

स्त्री.

सूक्ति = मीठो बोली
अम्बा = आमा
असिधारा = तरवारको धार

नपुं.

कोषागार = ढुकुटा
भक्ष्यवस्तु = खाने कुरा

विशेषण

अपमत्त = होशियार
मुखर = मुखाले
अभिनव = ताजा
रुन्धत् = रोक्ने
अभिप्रेत = मनपरेको
याचमान = माग्ने
पवित्र = चोखो
जिज्ञासु = जान्न इच्छा गर्ने
स्वधर्मवश = आपनो धर्मको वश भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यय

अद्यारभ्य = आजदेखि

अन्यथा = नत्र

प्रतिदिवसम् = दिनदिनै

सातौं गणी

प. प.

पिष् = पिध्नु

भज् = भाँच्नु

आ. प.

खिद् = दिक्क हुनु

उ. प.

छिद् = काट्नु

भिद् = फोर्नु

क्षुध् = धूलो पार्नु

नि + युज् = काममा लगाउनु

रिच् = रित्तो हुनु

रुध् = रोक्नु

भुज् = भोग गर्नु, खानु, पाल्नु

युज = जोर्नु

उद्–युज् = उद्योग गर्नु

अभ्यास

नेपालीमा उल्था गर—

अद्यारभ्य मम पुत्रस्योपदेशाय त्वां नियुञ्जिम । परेषां सम्पत्तौ मा लुभ्यतु भवान्, किन्तु यत् स्वकर्मवशात् प्राप्यते, तत्सन्तोषेण भुङ्क्ताम् । याचमानाय निर्धनाय भक्ष्यवस्तूनि प्रयच्छन्तं मां कृपणो मुखरश्च त्वं मा रुन्धि । मा हिंस्यात् सर्वाणि भूतानि इति वेदा उपदिशन्ति । अहो ! एष वञ्चकः सर्वाभिप्रेतहेतवे धर्माय नोद्युङ्क्ते । अहं रात्रौ किमपि नाभुञ्जि । द्वारपालान् स्वगृहस्य रक्षायै स

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निघुज्क्ते । रामो रावणस्य दशशिरांस्याशुगैरच्छिनत् । रङ्गे चाणूरस्य विग्रहं चूर्णवदपिनट् कृष्णः ।

संस्कृतमा अनुवाद गर—

तिमीलाई ढुकुटीको काममा लगाउँछु (नि+युज्) । हाम्रो देशमा बस्ने वीरहरू शत्रुका हात्तीका गण्डस्थललाई फोरून् (भिद) । तिनीहरू कुनै प्राणीलाई पनि तरबारको धारले नमारून् (हिंस्) । मैले रोक्तारोक्तै मा पनि उसले रूखको हाँगा काटयो (छिद) । त्यसले बिरामीहरूको निम्ति ओखती पिन्यो (पिष्) । यो राजाका दरबारमा दिनदिनै सय बाहुन खान्छन् (भुज) । मेरी आमाले मलाई आज घरबाट बाहिर जान रोक्नुभयो (रुध) । उसलाई यो काम लगाऊ (नि+युज्) । उसको आशा पनि नटुटाऊ (भञ्ज्) । त्यो नोकर्नी चामल पिन्छे (पिष्), त्यहाँपछि चोखो र ताजा रोटी पकाएर खाऊ, नत्र काम हुँदैन (भुज्) । ठूलो पानीसमेतको हुरी बटुवाहरूलाई दुःख दिन्छ, अग्ला–अग्ला रूखलाई पनि भाँच्तछ (भञ्ज्) । जो बहादुर र चलाक मानिस छ, उसलाई ठूलो काममा लगाऊ (नि+युज्) । जङ्गलमा सिंहहरू मृगहरूलाई मार्दछन् (हन्) । यो लामो डोरीलाई काट (छिद्) र ती कपडालाई बाँध । धर्मात्मा मानिस सय बर्षसम्म असल भोग गरोस् (भुज्) ।

✶

पाठ ६०

१. संस्कृतमा भाषाको जस्तो कर्ता र कर्म क्रियाको अगि नै रहने नियम छैन । प्रयोग गर्नेको आशयानुसार अगि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यय हुन्छ र सो हुँदा आत्मनेपद हुन्छ। आत्मनेपदका प्रत्यय-भन्दा अगाडि 'य' रहन्छ र धातु दोहोरिने हुन्छ।

जस्तै—भू+य+ते=भू+य+ते=बोभूयते।

केही 'यङ' भएका रूपहरू

दा=देदीयते
स्मृ=सास्मर्यते
भिद्=बेभिद्यते
कृ=चेक्रियते
प्रच्छ्=परिपृच्छ्यते
पा=पेपीयते
भुज्=बोभुज्यते
रम्=रंरम्यते
पत=पापत्यते
दह्=दंदह्यते
पठ्=पापठ्यते
रुच=रोरुच्यते
स्था=तेष्ठीयते
लिह्=लेलिह्यते
चि=चेचीयते
नी=नेनीयते
लभ्=लालभ्यते
घ्रा=जेघ्रीयते
स्वप्=सोषुप्यते
पच्=पापच्यते
वृत्=वरीवृत्यते
मा=मेमीयते
चर्=चञ्चूर्यते
नृत्=नरीनृत्यते
जप्=जञ्जप्यते
गम्=जङ्गम्यते
धा=देधीयते
बुध्=बोबुध्यते
विद्=वेविद्यते

नेपालीमा उल्था गर—

तृषातुरो जलं पेपीयते। व्याधजूकाः कृष्णमकूजयन्। मृगयायै गतः ससैनिको नृपोऽरण्यानीमटाटयते। मध्याह्ने दिनकरो देदीप्यते। एकाकिनीं जानकीं परित्यज्य गते लक्ष्मणे सा भृशमरोरुद्यत। सा ग्रीष्मे जलं पेपीयते। माता पुत्रमुत्सुङ्गे निधाय मोमुह्यते। ब्राह्मणो वेदं पापठ्यते।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

बगैंचामा मेरो नोकर बराबर फूल टिप्तछ। परीक्षाको औसरमा लडकाहरू ज्यादा पढदछन्। स्वाँठहरू वारंवार खराब काम गर्छन्। आकाशमा उदाएका चन्द्रमालाई देखेर बालकहरू ज्यादा रमाउँछन्। त्यो नटुवी बराबर नाच्तछे। बाघहरू मत्ता हात्तीको गण्डस्थल वारंवार फोर्दछन्। आफ्नो हराएको माल तो गरीबहरू बराबर सम्झन्छन्। शान्त मन भएका पुरुष अरू सबै विषयलाई छोडेर गीता वारंवार पढ्छन्। जो वारंवार दान गर्छ, उसलाई सबैले सह्राउँछन्। आफ्नो शरीरको तागत बढाउनलाई माईको दूध वारंवार पिउँछन्। सुकेका पातहरू रूखबाट वारंवार खस्तछन्। अल्छी मानिस ज्यादा सुत्तछ, यसैले त्यसको कल्याण हुदैन। बालकहरू मिठाईलाई ज्यादा रुचाउँछन्।

पाठ ६४

नामधातु-प्रकरण

१. इच्छार्थक धातुको कर्म भएको शब्ददेखि 'क्यच्' र 'काम्यच्' प्रत्यय हुन्छ र परस्मैपद हुन्छ। 'क्यच्'को अगाडि 'अ' छ भने 'ई' हुन्छ। जस्तै—आत्मनः पुत्रमिच्छति—पुत्रीयति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. आचार (गर्नु) अर्थ बुझिएमा कर्म भएको सादृश्यप्रतियोगी (उपमानवाचक) शब्ददेखि 'क्यच्' 'क्यङ' 'क्विप्' आदि प्रत्यय हुन्छन् । 'क्यङ' भएमा आत्मनेपद र 'क्विप्' भएमा परस्मैपद हुन्छ । जस्तै- शत्रुमिवाऽचरति-शत्रूयति ।

३. गर्नु अर्थ भएमा नमस्, तपस इत्यादि शब्ददेखि 'क्यच्' र शब्द, वैर, कलह इत्यादिदेखि 'क्यङ' हुन्छ । जस्तै- नमः करोति-नमस्यति । शब्दं करोति-शब्दायते ।

४. वेदन (अनुभव) अर्थ बुझिएमा सुख इत्यादि शब्ददेखि र वमन (उकेल्नु) अर्थ बुझिएमा वाष्प इत्यादि शब्ददेखि 'क्यङ' हुन्छ । जस्तै-वाष्पमुद्वमति-वाष्पायते ।

५. वर्तन (हुनु) अर्थ बुझिएमा रोमन्थ इत्यादि शब्ददेखि 'क्यङ' हुन्छ । जस्तै- रोमन्थं वर्तयति- रोमन्थायते ।

६. 'स' पछाडि हुने शब्द छमने ओजस् र अप्सरस्को नित्यै र अरूको विकल्पले 'स्' को लोप हुन्छ । जस्तै- विद्वानिवाऽचरति-विद्वायते, विद्वस्यते ।

अभ्यास

नेपालीमा उल्था गर—

अयमपुत्रो नरः पुत्रकाम्यति । धेनवः कोमलतृणोपरि शेरते रोमन्थायन्ते च । असौ दिवसो दुर्दिनायते । पिता युवतिमपि दुहितरं कुमारायते । शठाः सुजनैः सह वैरायन्ते कलहायन्ते च । तापसास्तपस्यन्ति नमस्यन्ति च देवान् । अज्ञाः सुखरहितेष्वपि प्रियेषु सुखायन्ते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

नाच-घरमा नटुवा रामकै जस्तो आचरण गर्छ। वैरागी मानिस कुटीलाई पनि दरबारैजस्तो ठान्दछ। पण्डितहरू चेलाहरूलाई छोरैजस्तो गर्दछन्। गाईहरू रूखको छहारीमा बसी उग्राउँछन्। छोरो बाबु–आमालाई नमस्कार गर्छ। असल राजाहरू दुनियाँलाई छोराजस्तो गर्छन्। गंगाको जलले बिटुलो वस्तु पनि चोखो हुन्छ। यस देशमा बडा धर्मात्मा राजा छन्, जो बाहुनलाई विष्णुजस्तै र गाईलाई लक्ष्मीजस्तै गर्छन्। दक्षिणायनमा सूर्यका किरणहरू मलिनजस्ता हुन्छन्। शूरा मानिसहरू हतियार तयार गरेर लडाइँ गर्न इच्छा गर्छन्। धेरैजसा मानिसहरू धन इच्छा गर्छन्।

पाठ ६५

दुईमध्ये एउटामा गुण बढ्ता भन्ने अर्थ बुझिएमा 'तरप्', 'ईयसुन्' र धेरैमा बढ्ता भन्ने अर्थ बुझिएमा 'तमप्' र 'इष्ठन्' प्रत्यय हुन्छ। जस्तै—

	तरप्	ईयसुन्[1]	तमप्	इष्ठन्
पटु–	पटुतर	पटीयस्	पटुतम	पटिष्ठ

कहीं शब्ददेखि 'ईयसुन्' प्रत्यय हुँदा अरू नै आदेश भइ अर्कै रूप बन्दछ। जस्तै—

शब्द	अर्थ	आदेश	ईयसुन्	इष्ठन्
अन्तिक–	नजीक	नेद्–	नेदीयस्–	नेदिष्ठ।
उरु–	फलिएको	वर्–	वरीयस्–	वरिष्ठ।
क्षिप्र–	चाँडो	क्षेप्–	क्षेपीयस्–	क्षेपिष्ठ।

१ ईयसुन् र इष्ठन् प्रत्यय गुणवाचक शब्ददेखि मात्र हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द अर्थ	आदेश	ईयसुन्—इष्ठन्
क्षुद्र–सानो	क्षोद्–	क्षोदीयस्–क्षोदिष्ठ ।
गुरु–गह्रौं	गर्–	गरीयस्–गरिष्ठ ।
दूर–टाढा	दव्–	दवीयस्–दविष्ठ ।
प्रशस्य–सह्लाउन लायक	श्र–	श्रेयस्–श्रेष्ठ ।
प्रिय–प्यारा	प्र–	प्रेयस–प्रेष्ठ ।
बहु–धेरै	भू–	भूयस्–भूयिष्ठ ।
युवन्–जवान (कान्छो)	यवकन्–यवीयस् कनीयस्	यविष्ठ कनिष्ठ ।
वृद्ध–बूढो	वर्ष–ज्या वर्षीयस् ज्यायस्	वर्षिष्ठ, ज्येष्ठ ।
स्थिर–स्थिर	स्था–	स्थेयस्–स्थेष्ठ ।
स्थूल–ठूलो	स्थव्–	स्थवीयस्–स्थविष्ठ ।
ह्रस्व–छोटो	ह्रस्–	ह्रसीयस्–ह्रसिष्ठ ।
कृश–दुब्लो	क्रश्–	क्रशीयस्–क्रशिष्ठ ।
दृढ–बलियो	द्रढ्–	द्रढीयस्–द्रढिष्ठ ।
पृथु–ठूलो	प्रथ्–	प्रथीयस्–प्रथिष्ठ ।
भृश ज्यादा	भ्रश्–	भ्रशीयस्–भ्रशिष्ठ ।
मृदु–कमलो	म्रद्–	म्रदीयस्–म्रदिष्ठ ।
बाढ–बेश	साध्–	साधीयस्–साधिष्ठ ।

तिङन्त र विशेषण हुन नगएको अव्यय छ भने । 'तरप्' 'तमप्' प्रत्यय भएमा 'तराम्' 'तमाम्' हुन्छ । जस्तै–पचतितराम्, उच्चैस्तराम्, उच्चैस्तमाम् ।

विशेषण भएमा 'तरप्' हुन्छ ।

जस्त–उच्चैः तर, उच्चैस्तरः, उच्चैस्तमः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

नेपालीमा उल्था गर—

दशरथस्य राज्ञीषु कौशल्या ज्येष्ठा। निःश्रेयसाय कर्ममार्गाज्ज्ञानमार्गः साधीयान श्रेष्ठश्च। शैलेषु हिमालय उच्चैस्तमः प्रथिष्ठश्च। परमात्माऽणोरप्यणीयान् महतोऽपि महीयान् वर्तते। देवदत्तस्य कनिष्ठा भार्या प्रियतमा। समुद्रे स्थविष्ठा भूयिष्ठाश्च मत्स्या दृश्यन्ते।

संस्कृतमा अनुवाद गर—

पहाडी मानिसहरू ज्यादा बलिया र जांगरिला हुन्छन। यो बालकको लुगा साह्रै मैलो छ। सज्जनको मन चौपट्ट कमलो हुन्छ। नदीहरूमा गङ्गा सबभन्दा लामो र फैलिएकी छन्। इन्द्रका हातमा सबैभन्दा बलियो र तेजिलो वज्र छ। बिजुली बत्तीबाट खूब टाढा रहेको वस्तु पनि छर्लङ्ग देखिन्छ। पैसाभन्दा विद्या र बुद्धि धेरै ठूलो हो। कान्छा भाइ छेठो दाज्यूको पछि लाग्दछ। वीरहरूको ज्यानभन्दा जस प्यारो हुन्छ। हरिदासको कलम रामनाथको भन्दा राम्रो छ। बज्यै चौपट्ट बूढी र रोगी हुनुहुन्छ। चौपट्ट प्यारा पुण्डरीक मर्नाले विह्वल भएकी महाश्वेता बाबु, आमा सबैलाई छोडेर जङ्गलमा बसिन्। सुभद्रा कृष्णकी कान्छी बहिनी हुन्। फूलहरूमा शिरीष चौपट्ट कमलो हुन्छ। सबै पशुहरूमध्ये घोडा चांडो दगुर्छ। जो बुद्धिमान् छ, त्यो सबैभन्दा बलियो हुन्छ।

पाठ ६६

धातुमा उपसर्ग लाग्न जांदा र अर्थ भेद हुन गएमा परस्मैपदको आत्मनेपद र आत्मनेपदको परस्मैपद हुन्छ। जस्तै—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मनेपद

वि जि	विजयते	जित्तछ
नि विश्	निविशते	बस्तछ
परि, वि, अव क्री	विक्रीणीते	बेच्तछ
आ दा	आदत्त	लिन्छ
प्र, सम्, वि, अव, स्था	प्रतिष्ठते	हिंड्छ, प्रस्थान गर्छ
नि युज्	नियुङ्क्ते	काम लगाउँछ
उद् स्था	उत्तिष्ठत	उत्साह गर्छ, इत्यादि
उद् तप्	उत्तपते	प्रकाश हुन्छ
[1]आ हन्	आहते	हान्दछ
[2]सम् गम्	संगच्छते	मिल्दछ
आ ह्वे	आह्वयत	हाँक दिन्छ
[3]वि कृ	विकुरुते	बिगार्छ
उप् क्रम्	उपक्रमते	शुरु गर्छ
आ क्रम्	आक्रमते	उबाउँछ, इत्यादि
वि क्रम्	विक्रमते	खुट्टा चलाउँछ
[4]उद् चर्	उच्चरते	उच्चारण गर्छ
उप् यम्	उपयच्छते	बिहा गर्छ
+ भुज्	भुङ्क्ते	खान्छ, भोग गर्छ
सम् क्रीड्	संक्रीडते	खेल्छ
वि वद्	विवदते	झगडा गर्छ

१ अकर्मक अथवा स्वांगकर्मक भएमा आत्मनेपद हुन्छ ।

२ अकर्मक भएमा आत्मनेपद हुन्छ । ३ शब्दकर्मक भएमा आत्मनेपद हुन्छ ।

४ सकर्मक भएमा आत्मनेपद हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अप	कृ	अपस्किरते = आहारा खान्छ इत्यादि	
आ	प्रच्छ	आपृच्छते =	सोद्धछ इत्यादि
उद्	नी	उन्नयते =	उचाल्छ
उप्	नी	उपनयते =	व्रतबन्ध गर्छ, इत्यादि
उ.	धा.	रू.	अ.
प्र	वह्	प्रवहन्ति =	बहन्छ
वि.	रम	विरमति =	हट्तछ

अभि, प्रति, अति, क्षिप् अभिक्षिपति = र्याँक्त छ

अभ्यास

नेपालीमा उल्था गर—

विजयतामस्माकं दयाकरो महाराजः। निर्धनो धनलिप्सया पुस्तकानि विक्रीणीते। अपस्किरते कुक्कुटो भक्ष्यार्थी। उत्तपते भगवान् भास्करो गगनमण्डले। आहते स्वीयमेव शिरः शोकातुरो जनः। एकाक्यपि सोत्साहो वीरः ससैन्यं शत्रुमाह्वयते। क्रोष्टा स्वरं विकुरुते।

संस्कृतमा अनुवाद गर—

जो पसले हिजो यहाँ आएको थियो, त्यसले सय पुस्तक बेच्यो (वि+क्री)। त्यो जवान मानिस त्यस टापूमा पुग्न उद्योग गर्छ (उद्+स्था)। हिमालयबाट पैदा भएकी गङ्गा धेरै दिशा घुमेर समुद्रसँग मिल्दछिन् (सम्+गम्)। सूर्य दक्षिण दिशाबाट उत्तरतर्फ हिंडे (प्र+गम्), यसैले अब जाडो पनि हट्तछ। मैले त्यो खबर सुनेर लड्न आइज भनी त्यसलाई हांक दिएं (आ+ह्वे)। बाग्मतीको किनारमा रहेका बाहुनहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यको उपस्थान गरे (उप्+स्था)। म कलम बनाउँछु र पुस्तक लेखन शुरु गर्छु (उप्+क्रम्)। म कलम बनाउँछु र पुस्तक लेखन शुरु गर्छु (उप+क्रम्)। जो मूर्ख छन्, तिनीहरू आपसमा झगडा गर्छन् (वि+वद्)। विद्वान्हरूले गरेको बन्दोबस्तको विरुद्ध जो बोल्दछ, त्यो ठीक होइन। यी मेरा घोडाहरू खूब छिटोसंग खुट्टा चलाउँछन् (वि+क्रम्)। त्यो बूढो मानिस हिजो हाम्रो घरभित्र पस्यो, (नि+विश्) र यो कसको घर हो ? भनी सोध्यो (आ+प्रच्छ्)। असल मानिसहरू नोकरलाई आएका पाहुनाको सत्कार गर्ने काम लाउँछन् (नि+युज्)। बाहुनहरू वेदको उच्चारण गर्छन् (उद्+चर्)। यी नदी वर्षामा ठूलो जोरले बग्दछिन् (प्र+वह्)। अल्छी मानिसहरू असल कामबाट पनि हट्तछन् (वि+रम्)। त्यो पोहोर माघमा यहाँबाट हिंड्यो, (प्र+स्था) र केही दिनपछि काशी पुग्यो अनि उसले रातदिन विश्वनाथको भजन गर्‍यो (उप्+स्था)।

पाठ ६७

समास

दुई अथवा धेरै पदको एकपद हुनुलाई समास भन्दछन्, समास भएपछि अगिल्लो पदको विभक्तिको लोप हुन्छ।

जुन समासको पूर्वभागमा अव्यय र पछिल्लो भागमा अरू कुनै शब्द रही पूर्वपद प्रधान रहेको छ भने अव्ययीभाव समास हुन्छ, फेरि अव्ययको पूर्व प्रयोग हुन्छ। समास भएको शब्द अव्यय हुन्छ, त्यसो हुनाले अकारान्तबाहेक अरू 'अच्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्त्यमा हुने शब्दमा विभक्तिको लोप हुन्छ । अकारान्तमा सबै विभक्तिमा 'म्' हुन्छ । प्रायः यस समासमा एउटा पदकासाथ समास हुन्छ, अर्को पदकासाथ विग्रह हुन्छ; जस्तै– गृहस्य समीपम्–उपगृहम् इत्यादि ।

विभक्त्यादि अर्थमा अव्ययीभाव समास भएका केही रूपहरू—

विभक्ति–हराविति–अधिहरि । समीप–कूलस्य समीपे–उपकूलम् । समृद्धि–मद्राणां समृद्धिः–सुमद्रम् । वृद्ध्यभाव–यवनानां व्यृद्धिः–दुर्यवनम् । अभाव–मक्षिकाणामभावो–निर्मक्षिकम् । असंप्रति-संप्रति निद्रा न युज्यते–अतिनिद्रम् । पश्चात्–कृष्णस्य पश्चादनुकृष्णम् । योग्यता-रूपस्य योग्यमनुरूपम् । वीप्सा-दिने–दिने–प्रतिदिनम् । अनतिक्रम–विधिमनतिक्रम्य–यथाविधि । आनुपूर्व्य–ज्येष्ठस्यानुपूर्वमनुज्येष्ठम् । यौगपद्य-चक्रेण युगपत्–सचक्रम् । सादृश्य–शिवेन सदृशः–सशिवम् । पर्यन्त–भाष्यपर्यन्तमधीते–सुभाष्यम् । सम्पत्ति–वंश्यानां सम्पत्तिः–सवंश्यम् । साकल्य–तृणमप्यपरित्यज्य सतृणम् । मात्र–शाकस्य लेशः–शाकप्रति । अवधारण–यावन्तः श्लोकास्तावन्तोऽच्युतप्रणामाः–यावच्छ्लोकम् ।

जसको अगिल्लो पदमा द्वितीया आदि विभक्ति रहेकोछ र पछिल्लो पदमा प्रथमा भई पछिल्लो पद नै प्रधान छभने 'तत्पुरुष' समास भन्दछन् ।

जस्तै–राज्ञः पुरुषः–राजपुरुषः इत्यादि ।

तत्पुरुषमा प्रायः पछिल्लो पद जुन लिङ्गको छ, समास भएपछि एकै पद हुँदा त्यही लिङ्ग हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै-पिप्पल्या अर्द्धम्-अर्द्ध पिप्पली ।

विशेषणको विशेष्यकासाथ जो समास हुन्छ, उसलाई कर्मधारय समास भन्दछन्, यसमा विशेष्य पदार्थ मुख्य बुझिने हुन्छ । जस्तै-नीलमुत्पलम्-नीलोत्पलम् ।

जसको अघिल्लो पद संख्यावाचक छ र समाहार अर्थको बोध छ भने उसलाई 'द्विगु' समास भन्दछन् । समुदायको अर्थ मुख्य बुझिएमा पात्र, भुवन युगबाहेक अकरान्त पछिल्लो पद भएमा स्त्रीलिङ्ग र कहीं नपुंसकको एकवचन हुन्छ ।

जस्तै-पञ्चानां गवां समाहारः—पञ्चगवम् । पञ्चानां मूलानां समाहारः—पञ्चमूलम् । त्रयाणां भुवनानां समाहारः-त्रिभुवनम् ।

अभ्यास

नेपालीमा उल्था गर—

यथाविधि त्रैलोक्यरक्षकं नारायणं पूजयामः । यथाशक्ति प्रत्यहं स्वकार्याणि संपादय । अर्जुनेनाग्निः सतृणं खाण्डववनमदहत् । अपररात्रौ पञ्चगवं मद्गृहाङ्गण-संस्थितमपश्यम् । तदुपरते दारजने प्राणाः परित्यज्यन्ते सा खलु मौर्ख्यपद्धतिर्यत् ततो न शुभलोकगमनं, न निरयपातप्रतीकारः, न दर्शनोपायः, न च परस्परसमागमनिमित्तमिति । मूषकराजो गण्डकीतीरे चित्रवने निवसति । सत्कर्मकरणेनोपकृष्णं स्थास्यामः । अश्वत्थामास्त्रपावकपरिप्लुष्टं गर्भोपरतमप्यभिमन्युतनयं परीक्षितमुत्तराप्रलापोपजनितकृपो भगवान् वासुदेवो दुर्लभानसून् प्रापितवान् । यावदवकाशमाप्रभातमक्षमालां गृहीत्वा गायत्रीं जपिस्यामि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

अल्छी छोडेर रातदिन उद्योगमा लागिपर्ने होऊ। त्यो मानिस दिनदिनै विधिवमोजिम बाग्मतीको किनाराको नजीकै वसेर जप गर्छ। बाबु! भरखर रोगले छोडेको छ, यसैले तागतअनुसार लेख्ने र पढ्ने काम गर। शरद्कालको नजीकमा तिनीहरू विदेशमा जानेछन्। ज्वरोले सताएका तिमीले दिनको चौथा प्रहरमा निदाउनु ठीक छैन। रातको पछिल्लो प्रहरमा धेरैजसो वासनाको अभाव हुन्छ, यसैले त्यस बखतमा ईश्वरको ध्यान गर। तीनै लोकमा तिम्रो कीर्ति फैलियोस्। नुहाएर चन्दन लगाएको मानिस आनन्दसँग आसनमा बसी जप गर्छ। यो मानिस बादलजस्तो कालो र तालको रूखजस्तो अग्लो छ। शिवाजीका तरबारका चोटले धेरै मुसलमानहरू भुईंमा लडे। उज्जैनका राजाकी छोरीलाई तलाउको नजीकैमा देखेर तिनी छक्क परे। गीताको एक आधा पनि जो भक्तिपूर्वक पाठ गर्छ, त्यसका ठूला-ठूला पाप नाश हुन्छन्।

पाठ ६८

बहुव्रीहि

जुन-जुन विशेषण र विशेष्य पदको समास हुन्छ, त्यो-त्यो पदको अर्थ प्रधान नभई अर्कै बाहिरिया पदार्थ प्रधान बुझिएको छ भने 'बहुव्रीहि समास' भन्दछन्। कहीं संख्या विशेषण, कहीं उपमान, कहीं नञ्, कहीं सह शब्द पहिले राखेर पनि बहुव्रीहि हुन्छ, फेरि प्रायः विग्रह वाक्यमा 'यत्' शब्दको प्रयोग रहन्छ, सर्वत्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाहिरिया पदार्थको जो लिङ्ग छ, उही हुन्छ । प्रायः विशेषणको पूव प्रयोग हुन्छ । जस्तै- निर्मलं जलं यस्याः सा निर्मलजला ।

'च' का अर्थमा प्रथमान्त दुई अथवा धेरै पदको समास भएको छ भने द्वन्द्वसमास भन्दछन् । समुदाय बुझिनेमा नपुंसक लिङ्ग, एकवचन हुन्छ, यसमा समाहारद्वन्द्व र जहाँ हरएक पदार्थ मुख्य बुझिई उत्तर पदको जस्तो लिङ्ग र जम्माको अनुसारले वचन हुन्छ, यसलाई 'इतरेतरयोग' भन्दछन् । जस्तै- गावश्च अश्वाश्च-गवाश्वम्, रामश्च लक्ष्मणश्च-रामलक्ष्मणौ ।

पुं.

अजागलस्तन = वाखीको घाँटीको लुर्को
उच्छेद = उखेल्ती
कपाल = खप्पर
आत्मापराधवृक्ष = आफ्नो कसूररूपी रुख
कृपाण = तरवार

स्त्री.

गणना = गिन्ती
सुरङ्गा = सुरुङ
कनीनिका = आँखाको नानी

नपुं.

कुटुम्बक = जहान
चर्मफलक = ढाल

विशेषण

आवध्यमानपरिकर = कम्मर कस्न लागेको
ईश्वरकर्तृक = ईश्वरले बनाइएको
उच्छूनताम्रदृष्टि = सुनिएको र रातो आँखा भएको
उदारचरित = असल चरित्र भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरिणाक्ष = मृगकोजस्तो आँखा भएका
चक्रपाणि = चक्र हातमा लिएको
दशशिरस् = दस टाउको भएको
बिम्बोष्ठ = गोलकाँक्रीजस्तो ओठ भएको
निर्घृण = घिन नमान्ने
त्रिचतुर = तीन चार
पञ्चष = पाँच छ
पीताम्बर = पहेंलो वस्त्र लाएको
लघुचेतस् = छोटो चित्त भएको
बहुनदीक = धेरै नदी भएको
रागलज्जान्तरवर्तिन् = प्रेम र लाजको बीचमा रहेको
भवदन्वेषणैककर्मन् = हजूरलाई खोज्नु मात्र काम भएको
महायशस् = ठूलो कीर्ति भएको
लम्बकर्ण = लमकन्ना
रूपवद्वधूक = राम्री स्त्री भएको
निष्पाप = पाप नभएको
निरर्थक = व्यर्थ

अभ्यास

नेपालीमा उल्था गर—

निर्घृणा निशाचरा नरकपालैरुधिरमपिबन् । त्रिचतुराणि दिनानि काश्यां स्थित्वा तीर्थान्तरेषु गमिष्यामि । स्नेहमयं सूत्रं प्राणिहृदयपटं सीव्यति । तदाकर्ण्य चञ्चलकनीनिकां दृशं तिर्यक् सञ्चारयन्ती रागलज्जन्तारवर्तिनी चन्द्रमुखी किमपि मन्दमभाषत । देव ! भवदन्वेषणैककर्माऽहं महीं पर्यटन् वाराणसीमेत्यावष्यमान-परिकरं रुदितोच्छूनताम्रदृष्टि पुरुषमेकमपश्यम् । धर्मार्थकाममोक्षाणां यस्यैकोऽपि न विद्यते । अजागलस्तनस्येव तस्य जन्म निरर्थकम् । रोगशोकपरीतापबन्धनव्यसनानि च । आत्मापराधवृक्षाणां फलान्येतानि देहिनाम् । विज्ञातोदन्तो राजाऽस्मदुच्छेदाय प्रावर्तत । एतस्मिन्नेवावसरे स्वगृहकोणाद्राजशयनस्थानपर्यन्तं सुरंगामकरवम् । अयं निजः परो वेति गणना लघुचेतसाम् । उदारचरितानां तु वसुधैव कुटुम्बकम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा अनुवाद गर—

पाप नभएका पुरुषहरू तीनै लोकमा पूजा गरिन्छन् । असल चरित्र भएका पुरुषहरू कसैसित पनि झगडा गर्दैनन् । ईश्वरले बनाइएको यो जगत् हो, यसैले रक्षा पनि उहांबाट नै हुन्छ । धेरै नदी भएको यस देशमा पानी प्रशस्त छ, यसैले खेती पनि बेश हुन्छ । लमकन्नालाई यहां डाकेर ल्याऊ । ढाल र तरवार हातमा लिएको यो वीरले राम र लक्ष्मणसँग लड्यो । सबै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, धर्मशास्त्रमा बताएबमोजिम आफ्नो काम गरून् । कृष्ण र बलरामले छोटो चित्त भएका धेरै बक आदि नाउँ भएका दैत्यहरूलाई मारे । दस टाउके रावणका कुम्भकर्ण र विभीषण भाइ हुन् । राम्रा दांत भएकी, गोलकाँक्रीजस्तो ओठ भएको यी आइमाई हाँसिन् । ठूलो कीर्ति भएका प्रतापी राजा आफ्नी रानीकासाथ तपोवनमा गए । तीन चार दिन मात्र मेरा घरमा बस्नुहोस, अनि जानुहोला । यस ठाउँमा गाई र घोडा रहन्छन् । बाबु र छोराले सूर्य र चन्द्रमालाई ढोगे । मानिसहरू दुई पाउ भएका हुन्छन् । सुभद्राको बिहा सिद्धिएपछि कृष्ण र अर्जुन दुबै खुशी भए ।

पाठ ६९

१. अनद्यतन परोक्ष भूतकाल (अर्थात् आफ्नो आंखाले नदेखेको, उहिले भएको) मा 'लिट्' हुन्छ । जस्तै– रामो रावणं जघान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. सामान्य भूतकालका अर्थमा लुङ हुन्छ । जस्तै- अद्य महानुत्सवोऽभूत् ।

३. आशीर्वाद अर्थमा 'आशीर्लिङ' हुन्छ । जस्तै- स्वस्ति ते भूयात् ।

४. क्रियाको अनिष्पत्ति बुझिएमा (यसो भएदेखि यसो हुन्थ्यो भन्ने बुझिँदा र प्रकरणबाट असिद्धिनिश्चय हुँदा) लृङ हुन्छ, जस्तै- सुवृष्टिश्चेत् तथा सुभिक्षमभविष्यत् ।

५. 'स्म' शब्द जोडिएको छभने लङ, लिट् हुने ठाउँमा लट् हुन्छ । माङको योग भएमा सबै लकारमा लुङ हुन्छ । जस्तै- यजति स्म युधिष्ठिरः ।

६. 'मा' 'स्म' को योग भएमा सबै कालमा लङ् र लुङ् हुन्छ । जस्तै- मा स्म कार्षीः साहसम् ।

७. निपात संज्ञा भएका 'यावत्' र 'पुरा' को योग भएमा भविष्यत्को अर्थमा लट् हुन्छ । जस्तै- यावत् यते साधयितुं त्वदर्थम् ।

८. 'कदा' र 'कर्हि' पदको प्रयोग भएमा भविष्यत्को अर्थमा विकल्पले लट् हुन्छ । जस्तै- कदा त्वां पश्यामि द्रक्ष्यामि वा ।

९. वर्तमान कालको समीपवर्ती भूत र भविष्यत्मा विकल्पले लट हुन्छ । 'स्म' शब्दको योग छैन र 'पुरा' गरेको छभने अनद्यतन भूतमा लङ, लिट्, लुङ,लट् चारै लकार हुन्छन् । जस्तै- कदाऽऽगतोऽसि । अयमागच्छामि इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०. स्मरणार्थकको योग भएमा 'यद्' शब्द रहेको छैनभने अनद्यतन भूतमा लृट् बुन्छ। जस्तै- स्मरसि कृष्ण, वने वत्स्यामः।

११. 'यदि' नरही आश्चर्यवाचक शब्दको योग छभने सबै लकारमा लृट् हुन्छ–आश्चर्यमन्धो द्रक्ष्यति।

१२. उपाख्यान र बानी बुझाउँदा लट् हुन्छ। जस्तै- स आह।

१३. प्रश्नको उत्तरमा 'ननु' शब्दको योग भए सबै थरी भूतमा लट् हुन्छ। जस्तै- अपठः किम् ? ननु पठामि।

१४. शक्ति बुझिएको छ र 'जातु' 'यद्' 'यदि' र 'यदा' को योगमा भविष्यत्कालमा विधिलिङ हुन्छ। जस्तै- यदार्थं आगच्छेत् स तस्य पारं यायात्।

१५. भर्खर भएका कुराको प्रश्न गर्दा अनद्यतन परोक्ष भूतमा 'लट्' र 'लङ' हुन्छ। जस्तै- आगच्छत् किम् ?

१६. पाउने इच्छा बुझाउँदा शीघ्रार्थक पद र सो इच्छा बुझाउने पद राखेको छैनभने भविष्यमा लङ र लट् पनि हुन्छ। पाउने इच्छा बुझाउने शीघ्रार्थक पद राखेमा लृट् मात्र हुन्छ। पाउने इच्छा बुझाउने पद राखेमा ता विधिलिङ हुन्छ। जस्तै- गुरुश्चेदागच्छति वयं पाठं पठामः इत्यादि।

अभ्यास

नेपालीमा उल्था गर—

रामो विश्वामित्रेण साकं मिथिलां जगाम सीता चोप-येमे। अनृणी सन्तुष्टोऽप्रवासी च जनः सुखी इति युधिष्ठिर उवाच। आश्चर्यम्! बधिरः कथां श्रोष्यति। मेघश्चेदवर्षीत्;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धान्यमत्राप्स्म । विक्रमादित्यस्य सभायां कालिदासाऽभिधानः कविर्बभूव । यावत्स दुष्टो न परापतति तावदपसर्पताऽनेन तरुगहनेन । यावदस्य दुरात्मनः समुन्मूलनाय । शत्रुघ्नं प्रेषयामि । आश्चर्यम् ! यदि परिश्रमी प्रतिभाशाली च भवाननुत्तीर्णो भवेत् ।

सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम् । यः क्षुधार्तान् निःशरणान् भोजयति स सुखं लभते । स्मरति भवान् यदिहैव वनेऽक्रीडाम । खलु संस्थिते कर्मणि सदस्यैरनुज्ञातः श्रान्तमात्मानं विनोदयामि । सोऽष्टयैष्ट वेदांस्त्रिदशानयष्ट पितृनताप्सीत् सममंस्त बन्धून् । मास्म प्रतीतं गमः । मानमस्या नमस्यन्तम् । वसन्तीह पुरा छात्राः । नृपश्चेन्मम प्रार्थनां स्वीकुर्यादाशास्यते कार्यं संपद्येत ।

संस्कृतमा अनुवाद गर—

बिरालो–भन्छ "जबसम्म चराहरू आउँदैनन् तिमी भाग ।" त्यो तलाउमा पानी पार्यौंभने हामीहरू पिउनेछौं । तिमी सम्झन्छौ ? जो हामी पहिले यही वनमा आएथ्यौं । लङ्गडोले पहाड नाघ्योभने अचम्म हो । जूवा हारेका पाण्डवहरू बाह्र वर्षसम्म वनवासमा बसे । तीर्थ घुमेर आएका रामलाई वशिष्ठले तत्वको उपदेश गरे । धेरै दिनदेखिका भोका रन्तिदेव राजाले खान आँटेका वस्तु पनि छोडी पाउनाको सत्कार गरे । आश्रममा बस्ने तपस्वीहरूलाई दुःख नहोस् भनेर राजा दुष्यन्तले चारैतर्फ आफ्ना मानिस राखे । तिमी परीक्षा दिन जाँदा काशीमा कस्तो बिरामी भएथ्यौं, सम्झन्छौ ? जो मिहिनेत गर्नेछ, त्यो अवश्य पहिला हुनेछ । राम्रो पानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्खोभने धान रोप्नेछन् । कहिले गरीबलाई खुवाउँछौ ? तिमी यस्तो कुरा गर्छौ भने अचम्म हो । चाहना गर्छु कि तपाईंको छोरो पढोस् र धेरै पैसा कमाओस् । पहिले नालन्दाको विद्यालयमा ठूला ठूला धेरै विद्वानहरूले पढाउँथे । बाबु ! तिमी सय वर्षसम्म बाँच, ठूलो कीर्ति चलाऊ, सबै काममा सफल भएका पनि होऊ !

❁

पाठ ७०

१. धातुबाट ल्युट्, घञ्, क्तिन्, अप् इत्यादि प्रत्यय हुँदा भाववाचक शब्द हुन्छन् ।

कृ–ल्युट् =☸करणम्

स्तु–अप् =स्तवः

चि–अच् =चयः

गम्–क्ति =गतिः

पच्–घञ् =पाकः

२. कुनै 'णमुल्' आदि प्रत्यय हुँदा अव्यय हुन्छ । जस्तै— स्मृ–णमुल् =स्मारम् ।

३. '∾ण्वुल्', 'तृच्', 'यत्', 'ण्यत्', 'तव्य', 'अनीयर्' इत्यादि हुँदा प्रायः विशेषण हुन्छन् । जस्तै--पच्--ण्वुल् =पाचकः, कृ–तृच् =कर्ता, त्यज्--ण्यत् =त्याज्यम्; जियत् =जेयम्, हृ--तव्यत् =हर्तव्यम्, भू--अनीयर् =भवनीयम् ।

☸ ल्युट्को ठाउँमा (अन) रहन्छ ।

∾ ण्वुल प्रत्ययको ठाउँमा 'अक' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. कुनै कृदन्त प्रत्यय द्वितीया आदिको अर्थ बुझाउने नाम शब्द जोडिएका धातुबाट पनि हुन्छन् । जस्तै--कुम्भ करोतीति कुम्भकारः--कुम्भ-कृ-अण्, द्वाभ्यां पिबतीति द्विपः द्वि-पा-क । निशायां चरतीति निशाचरः–निशाचर्– ट । वेदं वेत्तीति वेदवित्–विद्–क्विप्❀ ।

५. अपत्यादि अर्थ बुझाउँदा शब्ददेखि अण् आदि प्रत्यय हुन्छन् । जस्तै–पुत्रस्याऽपत्यं पुमान् =पुत्र–अण् =पौत्रः । दशरथस्याऽपत्यं पुमान् =दशरथ–इञ् =दाशरथिः । भगिन्या अपत्यं पुमान्–भगिनी ✲ ढक् =भागिनेयः ।

६. विकार आदि अर्थमा 'मयट्' आदि प्रत्यय हुन्छन् । जस्तै— सुवर्णस्य विकारः–सुवर्ण =मयट् =सुवर्णमयम् ।

७. भावार्थमा ❁त्व, तल्, अण्, इमनिच् आदि प्रत्यय हुन्छन् ।

जस्तै—	त्व	तल्	अण्	इमनिच्
गुरु—	गुरुत्वम्	गुरुता	गौरवम्	गरिमा

यो यसको छ भन्ने इत्यादि अर्थ बुझिँदा ★मतुप्, विनि इत्यादि प्रत्यय हुन्छन् । जस्तै— धनमस्याऽस्तीति =धन–मतुप्–धनवान् । मायाऽस्यास्तीति--माया–विनि--मायावी ।

❀ 'क्विप्' प्रत्यय हुँदा केही पनि बाँकी रहँदैन ।

✲ 'ढक्‌का ठाउँमा 'एय' हुन्छ ।

❁ 'त्व' हुँदा नपुंसकमा र 'तल्' हुँदा स्त्रीलिंगमा रहन्छ ।

★ यवादि शब्दबाहेक अकारान्त, आकारन्त, मवर्णान्त, अवर्णोपध, मवर्णोपध शब्ददेखि 'मतुम्' भएमा 'म' का ठाउँमा 'व' हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'वति' आदि प्रत्यय हुँदा अव्यय शब्द बन्दछन् । जस्तै— रामेण--तुल्यः राम--वति--रामवत् । पञ्चमीका अर्थमा--तत्--तसि--ततः, सप्तमीका अर्थमा--त्रल् तत्र ।

अभ्यास

नेपालीमा उल्था गर—

प्रातः स्नानेन शरीरं नीरोगं जायते । युधिष्ठिरो दुर्योधनवृत्तान्तज्ञानाय वनेचरमेकं प्राहिणोत् । यौवनेऽपि न यो प्रमाद्यति स एव धीरः । अहो ! पाचकरूपेण परगृहे स्थितवतो व्यर्थं मे जन्म, यत्र पृष्टं प्रष्टव्यं, न श्रुतं श्रोतव्यम्, न कृतं कर्तव्यमिति । असुरैः सह योत्स्यमान इन्द्रो दशरथस्य साहाय्यं ययाचे । निषेदुर्षी राज्ञी दृष्टवा वेदविदोऽपि कथयामासुः सम्यग्ग्रन्थस्याऽभ्यासः परीक्षाया सफलतां जनयितुं प्रभवति । अस्यां पाठशालायां नागरिका ग्रामीणाश्च विद्यार्थिनः पठन्ति । मेधाविनश्छात्रा गुरूणां प्रिया भवन्ति । तमापतन्तं नृपतेरवध्यो वन्यः करीति श्रुतवान् कुमारः । निर्वर्तयिष्यन् विशिखेन कुम्भे जघान नात्यायतकृष्टचापः ।

संस्कृतमा अनुवाद गर—

वेदको तत्व जान्नेलाई सबैले मान गर्छन् । पछि हुने कुरा अघिबाटै विचार गर्नु मनुष्यता हो । वसन्तमा बिहान घुम्नाले शरीरलाई लाभ हुन्छ । यस सभामा आएर धेरै श्रोताहरू भाषण सुन्छन् । सम्झी सम्झी पाठ घोक, किनकि यसो गर्नाले बिर्सिंदैन । दिने मानिससँग माग्नेहरू माग्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शहरियाहरू धेरैजसो जागीरे हुन्छन् । धनीहरूका खाने भांडा चांदीका हुन्छन् । जङ्गलमा बस्ने तपस्वीहरू शरण लिने हुन्छन् । हाम्रा मानिस जवानीमा पनि बूढा जस्ता छन् । पारोमा गह्रौंपना रहन्छ । श्राद्धमा छोरीको छोरालाई बोलाऊ । दशरथका छोरा रामले वशिष्ठलाई यस्तो भने ।

☆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दावलि

अ

अँध्यारो = अन्धकार
अख्तियार = अधिकार
अग्लो = उन्नत
अटाली = अट्टालिका
अड्डा = अधिकरण
अपर्झट = अकस्मात्
अगुवा = अग्रणी
अभागी = मन्दभाग्य
अमिलो = अम्ल
अर्को = इतर
अलग = पृथक्
असल = श्रेष्ठ
असार = आषाढ, सार नभएको
अहिले = अधुना

अंमल = व्यसन
अगाडि = पुरतः
अज्ञान = अज्ञ
अठोट = निश्चय
अनगिन्ती = अगणित
अपकार = बिगार
आवाज = शब्द
अमला = आमलकी
अर्ती = उपदेश
अलभ्य = पाउन नसकिने
अलैंची = एला
असर्फी = निष्क
असामी = अधमर्ण

आ

आँखा = नेत्र
आँट = साहस
आँप = आम्र
आइतवार = आदित्यवासर
आइमाई = नारी
आफन्त = स्वजन, आप्त
आमा = अम्बा
आसीक = आशीर्वाद

आँगन = अङ्गण
आँटिलो = साहसिक
आँसु = अश्रु
आइपरेको = आपतित
आगो = अनल
आमदानी = आय
आमाको बाबु = मातामह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इ

इङ्गल्याण्ड = आङ्गलभूमि
इनाम = पारतोषिक
इच्छा गरिएको = वाञ्छित

ई

ईंट = इष्टका
ईमान = निष्कपटता

उ

उखु = इक्षु
उज्यालो = उज्ज्वल, प्रकाश
उत्तिखेरै = सपदि
उमेद = उत्साह, उद्योग
उछित्तो = उच्छेद
उत्तरपट्टि = उत्तरेण
उपद्रो = उपद्रव

ए

एकलो = एकाकिन्

ऐ

ऐना = दर्पण

ओ

ओखती = ओषध
ओछ्यान = शय्या
ओखर = अक्षोट

औ

औंला = अंगुलीयक
औंताउनु = उत्कण्ठा

क

कछुवा = कच्छप
कञ्जूस = कृपण
कपास = कार्पास
कबूल = प्रतिज्ञा
कमलो = कोमल
कराही = कटाह
कलेजो = यकृत
कडा = कठिन
कन्नौज = कान्यकुब्ज
कपूर = कर्पूर
कबूल गरेको = प्रतिज्ञात
कमिला = पिपीलिका
कलम = लेखनी
कल्ली = हंसक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसरी = कथम्
कसूर = अपराध
कहतारो = शराव
काँटा = कण्टक
काका = पितृव्य
काख = उत्सङ्ग
काठ = काष्ठ
कान्छो = कनिष्ठ
काम्लो = कम्वल
कालिगड = शिल्पिन्
किनभने = किमिति चेत्
किल्ला = दुर्ग
कीरा = कीट
कुखुरा = कुक्कुट
कुमाले = कुम्भकार
कुरुवा = कुडव
केरा = कदली
कोठा = कोष्ठ
कोशिश = उद्योग

कसी = निकष
कसूरदार = अपराधिन्
कहिले = कदाचित्
काँध = स्कन्ध
काकाकुल = चातक
काग = काक
कानो = काण
काम = कार्य
कारपेट = कुथ
कालो = कृष्ण
किनार = तीर
किसिम–किसिमको = नानाविध
कीला = कील
कुचो = मार्जनी
कुरा = वार्ता
कुवा = कूप
कैंची = कर्तरी
कोपिला = कुड्मल
कोश = क्रोश

ख

खडेरी = अवग्रह
खयर = खदिर
खरायो = शशक
खानी = निधि
खुकुलो = शिथिल

खप्पर = कपाल
खराब = कुत्सित
खर्च = व्यय
खीर = पायस
खुशी भएको = प्रसन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खेतीवाल = कृषक
खेलौना = क्रीडनक
खोलो = नदी
खोरण्डो = खञ्ज

ग

गँगटो = कर्कट
गढी = दुर्ग
गहना = अलङ्कार
गाउँ = ग्राम
गाग्रो = घट
गाजल = कज्जल
गाला = कपोल
गिन्ती = गणना
गुलाबजामुना = लवलीफल
गुलियो = मधुर
गोठ = गोष्ठ
गोठालो = गोप

घ

घडा = घट
घडी = घटिका
घाँटी = कण्ठ
घाम = आतप
घूस = उत्कोच
घुँडा = जानु

च

चट्टान = शिलापट्ट
चढ्नु = आरोहण
चना = चणक
चमेली = मालती
चलाक = चतुर
चालाकी = चातुरी
चाँडै = शीघ्रम्
चाख = कौतुक
चामल = तण्डुल
चारकोस = योजन
चारैतिर = परितः
चालचलन = आचार
चिनजान = परिचय
चिल्लो = स्निग्ध
चनी = शर्करा
चीसो = शीत
चुचुरो = शिखर
चुच्चो = चञ्चु
चुरोट = धूमवर्तिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चुल्ठो = केशपाश
चेलो = शिष्य
चैत = चैत्र
चोपदार = कञ्चुकिन्
चौगडी = कुण्डल
चूपचाप = तूष्णीम्
चेवा = चर
चोखो = पवित्र
चोरी = चौर्य

छ

छर्लङ्ग = स्पष्ट
छाती = वक्षस्
छाल = तरङ्ग
छालाको आँखाँ = चर्मचक्षुस्
छिन = क्षण
छुरा = छुरिका
छाता = छत्र
छाप्रो = उटज
छाला = त्वच्
छाहारी = छाया
छिमेकी = प्रतिनिवेशिन्
छोटो = ह्रस्व

ज

जम्मा = सञ्चय
जटावाल = जटिल
जता = यतः
जमरा = यवांकुरः
जरा = मूल
जसबाट = यतः
जहाजी = पोतवणिज्
जाँच = परीक्षा
जागराम = जागरण
जीउ = शरीर
जुत्ता = उपानह
जुहार = रत्न
जजमान = यजमान
जतन = यत्न
जनावर = जन्तु
जबर्जस्ती = प्रसह्य
जवानी = यौवन
जहाज = पोत
जहान = परिवार
जाँचकी = परीक्षक
जिद्दी = हठ
जुक्ति = युक्ति
जुवाइँ = जामातृ
जून = चन्द्रिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जूनकीरी = खद्योत
जेठ = ज्येष्ठ
जोगी = यति
झोडी = मिथुन

झ

झगडा = कलह
झट्ट = झटिति
झूटो = अनृत
झूल = तूलिका
झ्याल = वातायन
झ्यालखान = कारागृह

ट

टर्रो = कषाय
टहल = सेवा
टहलुवा = परिचारक
टाढा = दूर
टापू = द्वीप
टुप्पा = प्रान्त
टोपी = शिरस्त्राण

ठ

ठग = वञ्चक
ठाउँ = स्थान
ठुटो = स्थाणु
ठूलो = विशाल

ड

डर = भय
डाह = द्रोह
डिल्ली = दिल्ली
डुङ्गा = उडुप
डुबेको = मग्न
डोरी = रज्जु

ढ

ढिपी = हठ
ढुकुटी = कोष
ढुङ्गा = शिला
ढोई = हस्तिनी
ढोका = द्वार
ढोके = द्वारपाल

त

तकलीफ = व्यथा
तकिया = उपधान
तर = किन्तु
तरबार = असि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तरीका = पद्धति
तलाउ = तडाग
ताँती = तति
तातो = उष्ण
तारीफलायक = प्रशस्य
तिर्खाएको = तृषित
तिर्सना = तृष्णा
तीतो = तिक्त
त्यसरी = तथा

तल = नीचः
तसबीर = आलेख्य
ताजा = अभिनव
तामा = ताम्र
तिर्खा = तृषा
तित्रो = तित्तिरी
तीखो = तीक्ष्ण
तैपनि = तथापि
त्यहाँसम्म = तावत्

थ

थाम = स्यम्भ

थोपा = बिन्दु

द

दरबार = प्रासाद
दाँत = दन्त
दाहिने = दक्षिण
दिदी, बहिनी = स्वसृ
दुना = पर्णपुट
दुलही = वधू
दौंतरी = वयस्य

दही = दधि
दाइजो = यौतुक
दिक्क = खेद
दुईतिर = उभयतः
दुब्लो = दुर्बल
देउरानी, जेठानी = यातृ

ध

धमिलो = आविल
धान = व्रीहि
धेरैजसो = प्रायः

धागो = तन्तु
धूलो = रेणु
धेरै टपक = बहुशः

न

नङ = नख

नटुवा = नट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नन्द = ननान्दृ
नयाँ = नव
नाइटो = नाभि
नाक = नासिक
नाचघर = नाटचशाला
निगाहृ = प्रसाद
नीलो = नील
नुहेको = विनीत
नोकर = सेवक

नरिवल = नारिकेल
नसा = स्नायु
नाउ चलाउने = नाविक
नाच = नृत्य
निकाल्नु = निर्वासन
निधार = ललाट
नुनिलो = लवणयुक्त
नून = लवण
नौनी = नवनीत

प

पंखा = व्यजन
पछितो = पश्चाताप
पत्यार = विश्वास
पर्खाल = प्राकार
पर्सि = परश्वः
पसल = आपण
पहाड = पर्वतीय
पहेंलो = पोत
पाउन नसकिने = अलभ्य
पाङ्ग्रो = चक्र
पाल = उपकार्या
पिंजडा = पिञ्जर
पीर नभएको = निश्चिन्त
पुरानो = पुराण
पेट = उदर

पछाडि = पश्चात्
पछिबाट = अनन्तरम्
पन्ना = मरकत
परेवा = कपोत
पलङ्ग = पर्यङ्क
पहलमान = मल्ल
पहिले = पूरा
पाउजेब = नूपुर
पाकेको = पक्व
पाथी = प्रस्थ
पाहुना = अतिथि
पीरो = कटु
पुच्छर = पुच्छ
पुस = पौष
पैसा = पणक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पोखरी = पुष्कोरणी
प्याज = पलाण्डु
प्वाल = विवर
पोहोर = परुत्
प्यारो = प्रिय

फ

फजूल = निष्फल वृथा
फलाम = लौह
फागुन = फाल्गुन
फूल = पुष्प
फेदी = उपत्यका
फेल भएको = अनुत्तीर्ण
फौज = सेना
फजूल कुरा = प्रलाप
फाइदा = लाभ
फूट = भेद
फूलको रस = मकरन्द
फेरि = पुनः
फोडा = विस्फोट

ब

बगैंचा = उपवन
बज्यै = पितामही
बत्ती = दीप
बञ्चरो = परशु
बलियो = बलिष्ठ
बहादुरी = वीरता
बाँस = वंश
बाघ = व्याघ्र
बाच्छा = वत्स
बाटुलो = वर्त्तुल
बाबु = जनक
बालुवा = सिकता
बाहुनीचरी = खञ्जन
बजार = आपण
बटुवा = पथिक
बदमाश = खल
बमोजिम = अनुसार
बहादुर = वीर
बहिनी = भगिनी
बाउन्ने = बामन
बांगो = वक्र
बाज = सेन
बाटो = मार्ग
बारी = बाटी
बाहिर = बहिः
बाहेक = विना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिउँझेको = प्रबुद्ध
बिक्री = विक्रय
बिच्छी = वृश्चिक
बिछोड = वियोग
बिछ्याउना = आस्तरण
बिरालो = विडाल
बिलौना = बिलाप
बिरामी = रुग्ण
बूढ्याइँ = वार्धक्य
बुहारी = स्नुषा
बूढी = वृद्धा
बूढो = वृद्ध
बेहोशी = जाल्म
बोहता = पर्णपुट

भ

भकुण्डो = कन्दुक
भरिएको = पूर्ण
भरिया = भारवाह
भऱ्याङ = सोपान
भाँचिएको = भग्न
भाँडो = भाण्ड
भाउज्यू = भ्रातृजाया
भाडा = शुल्क
भात = ओदान
भानिज = भागिनेय
भान्सा = महानस
भाला = कुन्त
भालु = भल्लूक
भित्र = अन्तः
भित्री = अन्तर
भिनाज्यू = भगिनीपतिः
भीक = भिक्षा
भुस = तुष
भूल = भ्रम
भेट = संगम
भेट्नो = वृन्त
भेडा = मेष
भैंचालो = भूकम्प
भोक = क्षुधा
भोकाएको = क्षुधित
भोलि = श्वः

म

मद्दत = सहायता
मदानी = मन्थनदण्ड
मधश = मध्यदेश
मनसाय = आशय
मञ्जूर = स्वीकार
मरेको = मृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मह = मधु
मही = तक्र
माछो = मत्स्य
मानिक = माणिक्य
मालिक = स्वामिन्
माग्ने = भिक्षुक
मिशिन = यन्त्र
मीठो = मिष्ट
मुगा = प्रवाल
मुर्ख्याइँ = मूर्खता
मूँग = मुद्ग
मैलो = मलिन
मोटो = पुष्ट
महारानी = महाराज्ञी
माहुरी = मधुमक्षिका
माटो = मृत्तिका
मामा = मातुल
माली = मालाकार
मिठाई = मिष्टान्न
मिहीन = सूक्ष्म
मुखाले = मुखर
मुजुर = मयूर
मुसुरो = मसूर
मूठी = मुष्टि
मोल = मूल्य
मोती = मौक्तिक

य

यता = इतः
यसरी = एवम्
यूरोपका वासिन्दा = यूरोपीय
यताउति = इतस्ततः
यहाँ = अत्र

र

रगत = रुधिर
रात = रात्रि
रुख = वृक्ष
रण्डी = वेश्या
राम्रो = सुन्दर
रौं = रोमन्

ल

लगत्ती = एकपदे
लडाइँ = युद्ध
लट्ठी = यष्टि
लहर = पङ्क्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लहरा = लम्ब
लाटोकोसेरो = उल्लूक
लायक = योग्य
लाटो = मूक
लामखुट्टे = मशक
लेक = अधित्यका

श

शरबत = पानक
शिक्षा = नपाएको अशिक्षित
शहर = नगर
शेखी = गर्व

स

संग = सह
सजायँ = दण्ड
सत्तु = सक्तु
सन्तान = सन्तति
सफा = निर्मल
समथर = समस्थल
सय = शत
सवार = सारथि
सहनु = क्षमा
सांचो = कुञ्चिका
सांढे = वृष
साउन = श्रावण
सामान = उपकरण
सारी = शाटी
सासू = श्वश्रू
सीतार = वीणा
सिपालु = निपुण
संगिनी = सहचरी
सडक = राजमार्ग
सधैं = सदा
सपना = स्वप्न
सर्वतिर = सर्वतः
समिधा = समिध्
सयबाजि = शतकृत्व
सहकाल = सुभिक्ष
सहरिया = नागरिक
सांझ = सायम्
सांध = समीन्
साक्षी = साक्षिन्
सामुन्ने = समक्षम्
सार्की = चर्मकार
सिउँधो = सीमन्त
सिपाही = सैनिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिंढी =सोपान
सीप =शिल्प
सुताहा =शयालु
सुन =सुवर्ण
सुपारी =पूग
सुहाउँदो =शोभन
सोझो =सरल
स्वादिलो =स्वादु

सोङ =शृङ्ग
सूंड =शुंडादंड
सुधार =संस्कार
सुनार =सुवर्णकार
सुरुङ =सुरंग
सेतो =श्वेत
सौता =सपत्नी
स्वास्नी =भार्या

ह

हडबड =संभ्रम
हरसाल =प्रतिवर्ष
हल्ला =किंवदन्ती
हाकिम =अध्यक्ष
हात =हस्त
हाल =वृत्तान्त
हिंडेको =प्रस्थित

हप्काउनु =उपालम्भन
हरियो =हरित
हाँगा =शाखा
हाड =अस्थि
हात्ती =गज
हावा =पवन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal